# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## आर्थिक वर्ष २०७८।७९ को

# वार्षिक प्रतिवेदन

कार्तिक २३, २०७९

# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## आर्थिक वर्ष २०७८/७९ को

# वार्षिक प्रतिवेदन

कार्तिक २३, २०७९

# सञ्चालक बोर्ड

मिति २०७९ कात्तिक २३ सम्म



श्री रमेश कुमार हमाल
अध्यक्ष
नेपाल धितोपत्र बोर्ड



श्री रितेश कुमार शाक्य
सदस्य
सह-सचिव
नेपाल सरकार अर्थ मन्त्रालय



श्री मान बहादुर अर्याल
सदस्य
सह-सचिव
नेपाल सरकार
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय



श्री मुकुन्द कुमार क्षत्री
सदस्य
कार्यकारी निर्देशक
नेपाल राष्ट्र बैंक



श्री सुजन कुमार काफ्ले
सदस्य
उपाध्यक्ष
नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्था



श्री अञ्जन श्रेष्ठ
सदस्य
वरिष्ठ उपाध्यक्ष
नेपाल उद्योग बाणिज्य महासंघ



श्री भोलानाथ ढुंगाना
विज्ञ सदस्य
नेपाल सरकारबाट मनोनित

# सञ्चालक बोर्ड

मिति २०७९ असार मसान्तसम्म



श्री रमेश कुमार हमाल
**अध्यक्ष**
**नेपाल धितोपत्र बोर्ड**



श्री रितेश कुमार शाक्य
**सदस्य**
**सह-सचिव**
**नेपाल सरकार अर्थ मन्त्रालय**



श्री मान बहादुर अर्याल
**सदस्य**
**सह-सचिव**
**नेपाल सरकार**
**कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय**



श्री मुकुन्द कुमार क्षत्री
**सदस्य**
**कार्यकारी निर्देशक**
**नेपाल राष्ट्र बैंक**



श्री भाष्कर सिंह लाला
**सदस्य**
**उपाध्यक्ष**
**नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्था**



श्री अञ्जन श्रेष्ठ
**सदस्य**
**वरिष्ठ उपाध्यक्ष**
**नेपाल उद्योग वाणिज्य महासंघ**



श्री अशोक कुमार पौडेल
**विज्ञ सदस्य**
**नेपाल सरकारबाट मनोनित**

# नेपाल धितोपत्र बोर्ड
## उच्च व्यवस्थापन



**श्री रमेश कुमार हमाल**
अध्यक्ष
नेपाल धितोपत्र बोर्ड

## कार्यकारी निर्देशक



**डा. नवराज अधिकारी**
कार्यकारी निर्देशक



**श्री विनयदेव आचार्य**
कार्यकारी निर्देशक



**श्री मुक्तिनाथ श्रेष्ठ**
का.मु कार्यकारी निर्देशक



**श्री कृष्ण राज पोखरेल**
का.मु. कार्यकारी निर्देशक

## उप कार्यकारी निर्देशक



**श्री रुपेश के.सी.**
उप कार्यकारी निर्देशक



**श्री दीपा दाहाल**
उप कार्यकारी निर्देशक



**श्री निरञ्जय घिमिरे**
उप कार्यकारी निर्देशक



**श्री अम्बिका प्रसाद गिरी**
उप कार्यकारी निर्देशक



**श्री नारायण प्रसाद शर्मा**
उप कार्यकारी निर्देशक



**श्री दिपेश ताम्राकार**
उप कार्यकारी निर्देशक



**श्री कृष्ण प्रसाद घिमिरे**
का.मु. उप कार्यकारी निर्देशक



**श्री तेज प्रसाद देवकोटा**
का.मु. उप कार्यकारी निर्देशक

# अध्यक्षको मन्तव्य

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २६ मा भएको व्यवस्था अनुसार आर्थिक वर्ष २०७८/७९ को नेपाल धितोपत्र बोर्डको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ । यस वार्षिक प्रतिवेदनमा विश्व तथा नेपालको आर्थिक स्थिति र धितोपत्र बजारको स्थिति, धितोपत्र व्यवसायी तथा सूचीकृत संगठित संस्थाहरूको गतिविधि, बोर्डको कार्यसम्पादन तथा वार्षिक उपलब्धी, बजारमा विद्यमान समस्या तथा चुनौतीका साथै आगामी कार्ययोजना र वित्तीय स्थितिको समीक्षा गरिएको छ ।

समीक्षा वर्षमा बोर्डबाट संस्थागत सुशासन कायम गरी सेवाग्राहीलाई छिटो छरितो सेवा प्रदान गर्ने हेतुले बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि. र सिडिएस एण्ड क्लियरिंग लि. का प्रतिनिधि रहने गरी कार्यदल (Task Force) गठन गरी कार्यहरु द्रुत गतिमा अगाडि बढाईएको छ । धितोपत्र दलाल व्यवसायी अर्थात कारोबार सदस्यले धितोपत्रको कारोबार सञ्चालन गर्न नेप्सेको कारोबार प्रणालीसँग आबद्ध हुने गरी कारोबार व्यवस्थापन प्रणाली (टिएमएस) स्थापना गर्न सक्ने गरी धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को तेस्रो संशोधन गरी Dedicated TMS प्रणाली बनाउने प्रक्रिया सम्बन्धमा नेप्सेले आवश्यक कार्य अगाडि बढाएको छ । साथै धितोपत्रको मूल्यमा हुन सक्ने अस्वाभाविक उतारचढावलाई रोकथाम गर्न र लगानीकर्तालाई बजारको माग तथा आपूर्तिको यथार्थ जानकारी दिने उद्देश्यले धितोपत्रको कारोवारमा खरिद तथा बिक्री दुवैमा AON सम्बन्धी व्यवस्था हटाईएको छ ।

बोर्डमा अनुमतिका लागि प्राप्त निवेदनहरूको Merit Based File System लाई बढावा दिईएको छ । त्यसैगरी धितोपत्र दलाल व्यवसायीलाई जरिवाना गरिएको एवं कारोवार समय पश्चात मात्र फ्लोर सिटमार्फत् कारोवारमा संलग्न धितोपत्र दलाल व्यवसायीको विवरण प्रवाह गर्ने व्यवस्था मिलाईएको छ । धितोपत्र दलाल व्यवसायीहरूको Screen Exhibition Room सुचारू गर्न लगाईएको छ । त्यस्तै, केही कम्पनीहरूले बोर्डबाट अनुमतिपत्र नलिई धितोपत्र सम्बन्धी सेवा संचालन गरेकोमा उक्त कार्यहरू बन्द गर्न र लगानीकर्ताहरूलाई सचेत भएर लगानी गर्न सूचित गरिएको छ । बोर्डबाट क्यानडाको Toronto Centre सँग सम्झौता गरी कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिएको छ । यस्तै, वित्तीय साक्षरता अभिवृद्धिका लागि OECD को आव्हानमा बोर्डले राष्ट्रिय स्तरमा Global Money Week-2022 अन्तर्गत विविध कार्यक्रम सञ्चालन गरिएको छ भने वित्तीय साक्षरतामा उल्लेखनीय अभिवृद्धि गर्ने कार्य बोर्डको प्राथमिक लक्ष्य रहेको छ ।

धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास तथा विस्तार गरी बजारलाई स्वच्छ, प्रतिस्पर्धी एवं विश्वसनीय बनाउनु बोर्डको भावी प्राथमिकता रहेको छ । समग्र धितोपत्र बजारको विकास तथा सन्तुलनका लागि नियामकीय क्षमता क्रमशः जनशक्ति सबलीकरण, नियमन क्षमता र सुपरिवेक्षणमा प्रविधिको प्रयोगलाई जोड दिने नीति बोर्डको रहेको छ । धितोपत्र बजारमा सन्तुलन मिलाउने तथा दायरा विस्तार गर्न Sectoral and Product Diversification मा विशेष जोड दिने नीति बोर्डको रहेको छ । त्यस्तै धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा सुधार तथा विकासका क्रममा Fair Market Valuation लागू गरी बजारमा विश्वास कायम गरी बजार विकासका लागि अनुकूल वातावरण सृजना गरिनेछ । लगानीकर्ताहरूको हक हित संरक्षणका लागि धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गर्ने संस्था तथा व्यक्तिलाई तत्कालमा कारवाहीको दायरामा ल्याउनुका साथै बोर्डका कार्यहरूलाई उच्च प्रविधियुक्त तथा सूचना प्रविधिमैत्री बनाउने र विश्वस्तरीय प्रविधि एवं प्रविधि संचालनमा चाहिने जनशक्ति तयार गरी सुपरिवेक्षण प्रणालीलाई Artificial Intelligence मा आधारित RegTech मार्फत चुस्त दुरूस्त बनाई बजारमा हुनसक्ने चलखेल एवं अनुचित कृयाकलापलाई निरूत्साहन गरिनेछ । त्यसैगरी बुक बिल्डिंग प्रणाली दिगो एवं पारदर्शी रूपमा संचालन ल्याई दिगो र स्थापित वास्तविक क्षेत्रका कम्पनीहरूलाई धितोपत्र

बजारमा भित्रयाईनेछ । विशिष्टीकृत लगानी कोष व्यवस्थापक मार्फत योजना संचालन अनुमति दिई नयाँ सोच र व्यवसायमा पुँजी एवं व्यवासयिक ज्ञान प्राप्त गरी धितोबिना नयाँ सोच र SMEs हरूका लागि पुँजी प्राप्त हुने वातावरण तयार गरिनेछ ।

बोर्डबाट नेपाल सरकारको नीति अनुरूप आधुनिक संरचनासहितको नयाँ स्टक एक्सचेञ्ज तथा वस्तु विनिमय बजार संचालन व्यवस्था मिलाउनुका साथै धितोपत्र बजारमा स्वच्छ एवं प्रतिस्पर्धी धितोपत्र दलाल तथा व्यापारीको प्रवेश गराईनेछ । बजार सहभागीहरूलाई व्यवसायिक बनाई स्तर अभिवृद्धि र कार्य क्षेत्र विस्तार गर्ने नीति लिइने छ ।

अन्त्यमा, नेपाल सरकार, अर्थ मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल बीमा प्राधिकरणका साथै अन्य सरोकारवाला निकाय, सञ्चारकर्मी एवं सम्पूर्ण बजार सहभागीहरूलाई धितोपत्र बजारको विकासका लागि आ–आफ्नो क्षेत्रबाट पुऱ्याउनुभएको योगदान तथा सहयोगको लागि धन्यवाद दिन चाहन्छु । साथै धितोपत्र बजारलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको धितोपत्र बजार बनाउन सहयोग गरिरहेको IOSCO, OECD-INFE, World Bank, ADB, Securities Exchange Board of India (SEBI), Bangladesh Securities Exchange Commission (BSEC) तथा अन्य अन्तर्राष्ट्रिय सम्बन्ध भएका संस्थाहरूबाट बोर्डलाई प्राप्त सहयोगका लागि समेत कृतज्ञता व्यक्त गर्दछु ।

कार्तिक २३, २०७९

**रमेश कुमार हमाल**
**अध्यक्ष**

# विषय सूची

## भाग-एक
### समग्र आर्थिक स्थिति


**१.१ विश्व अर्थतन्त्र** ........ १
क) विश्व आर्थिक वृद्धि ........ १
ख) मूल्य स्थिति ........ ३
ग) विश्व व्यापार ........ ३
**१.२ नेपालको समष्टिगत आर्थिक अवस्था** ........ ३
क) वास्तविक क्षेत्र र मूल्य स्थिति ........ ३
ख) मौद्रिक तथा वित्तीय क्षेत्र ........ ५
ग) सरकारी वित्त क्षेत्र ........ ६
घ) बाह्य क्षेत्र ........ ७


## भाग-दुई
### धितोपत्र बजारको स्थिति


**२.१ विश्व धितोपत्र बजार** ........ ११
**२.२ नेपालको धितोपत्र बजार** ........ १४
२.२.१ धितोपत्र बजारमा लगानीकर्ताको सहभागिताको अवस्था ........ १५
२.२.२ प्राथमिक बजार ........ १६
क) धितोपत्र दर्ता तथा विवरणपत्र स्वीकृति ........ १८
ख) सार्वजनिक निष्काशन ........ १९
ग) प्राथमिक बजारमार्फत क्षेत्रगत पुँजी परिचालन ........ १९
घ) साधारण सेयर निष्काशन ........ २०
ङ) हकप्रद सेयर दर्ता तथा निष्काशन ........ २१
च) ऋणपत्र दर्ता तथा निष्काशन ........ २२
छ) बोनस सेयर दर्ता तथा निष्काशन ........ २२
ज) सामूहिक लगानी योजना दर्ता तथा निष्काशन ........ २३
२.२.३ धितोपत्रको दोस्रो बजार ........ २४
२.२.३.१ धितोपत्रको दोस्रो बजारका परिसूचकहरु ........ २४
क) धितोपत्रको कारोबार ........ २४
ख) धितोपत्रको बजार पुँजीकरण ........ २६
ग) नेप्से सूचकांक तथा नेप्से फ्लोट सूचकांक ........ २७
घ) सूचीकृत संगठित संस्था ........ २७
ङ) नेपाल स्टक एक्सचेञ्ज लि. बाट सम्पादन गरिएका मुख्य कार्यहरु ........ २८
२.२.४ ऋणपत्र बजार ........ २९
२.२.५ ओटिसी बजार ........ २९
२.२.६ धितोपत्रको केन्द्रीय निक्षेप सेवा ........ ३०
२.२.७ सिडिएससीबाट सम्पादन गरिएका प्रमुख कार्यहरु ........ ३१
**२.३ क्रेडिट रेटिङ्ग सेवा** ........ ३२
**२.४ धितोपत्र व्यापारी** ........ ३२
**२.५ विशिष्टीकृत लगानी कोष** ........ ३३

२.६ वस्तु विनिमय बजार ....................................................................................................................................३३
२.७ बोर्डको कार्यसम्पादन तथा वार्षिक उपलब्धी.. ....................................................................................................३३
२.८ धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रम ............................................. ३५

## भाग-तीन

बोर्डको प्रशासनिक तथा वित्तीय अवस्था

३.१ बोर्डको स्थापना.........................................................................................................................................३९
३.२ बोर्डको काम, कर्तव्य र अधिकारहरु ............................................................................................................३९
३.३ सञ्चालक बोर्ड............................................................................................................................................ ४१
३.४ संगठन संरचना तथा जनशक्ति व्यवस्थापन ............................................................................................. ४२
३.५ समितिहरु................................................................................................................................................... ४२
३.६ बोर्डको वित्तीय अवस्था.............................................................................................................................. ४३
३.७ अन्तर्राष्ट्रिय सम्बन्ध.......................................................................................................................................४४

## भाग-चार

बोर्डका कामकारवाही तथा गतिविधि

४.१ अनुमतिपत्र प्रदान तथा नवीकरण ................................................................................................................ ४५
४.२ कानुनी व्यवस्था, कानुन प्रबलीकरण तथा राय सुझाव..................................................................................४७
४.३ सुपरिवेक्षण तथा अनुगमन .......................................................................................................................... ४९
४.४ लगानीकर्ता जनचेतना तथा प्रशिक्षण कार्यक्रम ........................................................................................... ५८
४.५ छलफल तथा अन्तरक्रिया कार्यक्रम ............................................................................................................ ६०
४.६ तालिम तथा सेमिनार ................................................................................................................................. ६०
४.७ प्रकाशन तथा जानकारी प्रवाह .....................................................................................................................६१
४.८ अध्ययन तथा अनुसन्धान.............................................................................................................................६२

## भाग-पाँच

धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा विद्यमान समस्या तथा चुनौती र आगामी कार्ययोजना

५.१ धितोपत्र बजारसँग सम्बन्धित समस्या तथा चुनौती.........................................................................................६३
५.२ वस्तु विनिमय बजारसँग सम्बन्धित समस्या तथा चुनौती................................................................................ ६५
५.३ आगामी कार्ययोजना तथा प्राथमिकता ......................................................................................................... ६५

## अनुसूचीहरू

## तालिका सूची

तालिका १.१ : विश्वको आर्थिक वृद्धिदर (वार्षिक परिवर्तन प्रतिशत) ........ २
तालिका १.२ : नेपालको समष्टिगत आर्थिक अवस्था ........ ८
तालिका २.१ : अन्तर्राष्ट्रिय धितोपत्र बजारको अवस्था ........ १२
तालिका २.२ : विश्वका केही प्रमुख धितोपत्र बजार सूचकांक तथा बजार पुँजीकरणको अवस्था ........ १३
तालिका २.३ : सन् २०२१ मा सार्क क्षेत्रको धितोपत्र बजारको अवस्था ........ १३
तालिका २.४ : धितोपत्र बजारको संक्षिप्त झलक ........ १४
तालिका २.५ : धितोपत्र बजारमा लगानीकर्ताको सहभागिताको अवस्था ........ १५
तालिका २.६ : धितोपत्रको प्राथमिक बजार (वार्षिक तथ्यांकमा आधारित) ........ १७
तालिका २.७ : प्राथमिक बजारमा क्षेत्रगत पुँजी परिचालन ........ २०
तालिका २.८ : धितोपत्रको दोस्रो बजार (वार्षिक तथ्यांकमा आधारित) ........ २४
तालिका २.९ : धितोपत्रको दोस्रो बजारमा क्षेत्रगत कारोबारको स्थिति (रकम रु. दश लाखमा) ........ २५
तालिका २.१० : सूचीकृत संगठित संस्थाको क्षेत्रगत अवस्था ........ २७
तालिका २.११ : ओटिसी बजार ........ ३०
तालिका २.१२  धितोपत्र अभौतिकीकरणको अवस्था ........ ३१
तालिका ३.१ : आ.व. २०७८।७९ मा बोर्डको सञ्चालक बोर्डका सदस्यहरु ........ ४१
तालिका ४.१ : मर्चेन्ट बैंकरको विवरण प्रवाह स्थिति ........ ५३
तालिका ४.२ः सूचीकृत संगठित संस्थाहरुको त्रैमासिक प्रतिवेदन विवरण प्रवाह अवस्था ........ ५६
तालिका ४.३ : धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी अन्तरक्रिया कार्यक्रम ........ ६०

## चार्ट सूची

चार्ट १.१ : विश्वको आर्थिक वृद्धिदर ........ २
चार्टः १.२ : नेपालको आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) ........ ४
चार्टः १.३ : समग्र उपभोक्ता मुद्रास्फिति दर (प्रतिशतमा) ........ ५
चार्ट २.१ : प्रदेशगत रुपमा डिम्याट खाताको विवरण (आर्थिक वर्ष २०७८/७९ ........ १५
चार्ट २.२ : लिङ्गको आधारमा डिम्याट खाता भएका लगानीकर्ताको संख्या (आर्थिक वर्ष २०७८/७९) ........ १६
चार्ट २.३ : उमेरको आधारमा डिम्याट खाता भएका लगानीकर्ताको संख्या आर्थिक वर्ष २०७८/७९ (प्रतिशतमा) ........ १६
चार्ट २.४ : धितोपत्रको प्राथमिक निष्काशन (रकमको आधारमा) ........ १७
चार्ट २.५ : धितोपत्रको प्राथमिक निष्काशन (संख्याको आधारमा) ........ १८
चार्ट २.६ : धितोपत्र दर्ता, सार्वजनिक निष्काशन अनुमति तथा बोनस सेयर दर्ता ........ १८
चार्ट २.७ : सार्वजनिक निष्काशन अनुमति (रकम रु. अर्बमा) ........ १९
चार्ट २.८ः साधारण सेयर निष्काशन अनुमति रकम (रु. अर्बमा) ........ २१
चार्ट २.९ः हकप्रद सेयर निष्काशन अनुमति ........ २१
चार्ट २.१० : ऋणपत्र निष्काशन अनुमति ........ २२
चार्ट २.११ः बोनस सेयर दर्ता तथा निष्काशन ........ २३
चार्ट २.१२ सामूहिक लगानी योजना दर्ता तथा निष्काशन अनुमति ........ २३
चार्ट २.१३ः धितोपत्रको वार्षिक कारोबार रकम ........ २५
चार्ट २.१४ः कुल बजार पुँजीकरण र फ्लोट बजार पुँजीकरण ........ २६
चार्ट  २.१५ः बजार पुँजीकरण र बजार पुँजीकरणमा क्षेत्रगत प्रतिशत ........ २६
चार्ट २.१६ः नेप्से सूचकांक र नेप्से फ्लोट सूचकांक (विन्दु) ........ २७
चार्ट २.१० सूचीकृत संगठित संस्थाको संख्या ........ २८

# भाग-एक

# समग्र आर्थिक स्थिति

## १.१ विश्व अर्थतन्त्र

सन् २०२० को शुरुवातदेखि नै विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीले मानव जीवन र आर्थिक गतिविधिमा प्रतिकुल प्रभाव परेको छ । यसबाट उक्त वर्ष विश्वका सबैजसो मुलुकहरुको अर्थतन्त्रसहित विश्व अर्थतन्त्र नै संकुचित भएको छ । विश्व व्यापार र आर्थिक गतिविधिमा आएको शिथिलताले रोजगारीका अवसरहरु न्यून भई कम आय वर्गका मानिसको दैनिक जीवनयापन कष्टकर हुन पुग्यो । रोजगारी र आयमा आएको कमीसँगै गरिबी र असमानता पनि थप बढेर गयो । यद्यपि कोभिड-१९ विरुद्धको खोपको उपलब्धतासँगै मानिसको जीवनयापन सामान्य बन्न थालेको छ । यसबाट आर्थिक-सामाजिक गतिविधि पनि सामान्य बन्दै गएको छ । अन्तर्राष्ट्रिय परिदृष्यमा देखिएको असहजताका कारण विश्व आर्थिक गतिविधिमा सुस्तता आई सन् २०२२ मा विश्व अर्थतन्त्रको विस्तार दर न्यून हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ । विश्वको आर्थिक स्थितिको समीक्षा गर्दा आर्थिक वृद्धि, मूल्य स्थिति र अन्य परिसूचकहरुको आधारमा देहाय अनुसार गरिएको छ :

### क) विश्व आर्थिक वृद्धि

अन्तर्राष्ट्रिय परिस्थितिमा देखिएको असहजताका कारण सन् २०२२ मा विश्व अर्थतन्त्र ३.२ प्रतिशतले मात्र विस्तार हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले जुलाई २०२२ मा प्रकाशन गरेको छ । सन् २०२० मा विश्व आर्थिक वृद्धि ३.१ प्रतिशतले ऋणात्मक रहेकोमा कोभिड-१९ ले अर्थतन्त्रमा पारेको असर न्यूनीकरण गर्दै आर्थिक पुनरुत्थानलाई सघाउन विश्वव्यापी मुलुकहरुले अवलम्वन गरेको लचिलो नीतिगत व्यवस्थाहरुसँगै समष्टिगत मागमा भएको वृद्धि लगायतका कारणबाट सन् २०२१ मा विश्व अर्थतन्त्र ६.१ प्रतिशतले विस्तार भएको थियो । पछिल्लो पाँच वर्षमा विश्व अर्थतन्त्रको औसत वृद्धिदर २.६ प्रतिशत रहेको छ । सन् २०२३ मा विश्वका विभिन्न देशहरुको आर्थिक वृद्धिदर मिश्रित रहने प्रक्षेपण रहेको छ । तथापि, सन् २०२३ मा विकसित अर्थतन्त्रबाहेक अन्य अर्थतन्त्रको वृद्धिदर अघिल्लो वर्षको तुलनामा उच्च रहने अनुमान कोषले गरेको छ ।

सन् २०२२ मा दक्षिण एशियाली मुलुकहरुको आर्थिक वृद्धिमा सामान्य उतारचढाव हुने प्रक्षेपण कोषले गरेको छ । बंगलादेश, भुटान र नेपालको आर्थिक वृद्धिदर बढ्ने र भारत, माल्दिभ्स, श्रीलंका र पाकिस्तानको आर्थिक वृद्धिदर घट्ने प्रक्षेपण रहेको छ । सन् २०२२ को मार्चमा देखिएको कोभिड-१९ को नयाँ भेरियन्टको संक्रमण नियन्त्रणका लागि केही ठूला औद्योगिक शहरमा गरिएको बन्दाबन्दीको कारण चीनको आर्थिक वृद्धि दर घट्ने प्रक्षेपण रहेको छ । विश्वको आर्थिक वृद्धि दर तालिका १.१ मा प्रस्तुत गरिएको छ ।

### तालिका १.१ : विश्वको आर्थिक वृद्धिदर (वार्षिक परिवर्तन प्रतिशत)

| क्र.सं. | विवरण | सन्‌मा | | | | |
|---|---|---|---|---|---|---|
| | | २०१९ | २०२० | २०२१ | २०२२ | २०२३* |
| १ | विश्व अर्थतन्त्र | २.९ | -३.१ | ६.१ | ३.२ | २.९ |
| २ | विकसित अर्थतन्त्र | १.७ | -४.५ | ५.२ | २.५ | १.४ |
| ३ | उदीयमान तथा विकासशील अर्थतन्त्र | ३.७ | -२ | ६.८ | ३.६ | ३.९ |
| ४ | उदीयमान तथा विकासशील एशियाली मुलुकहरु | ५.३ | -०.८ | ७.३ | ४.६ | ५ |
| ५ | उदीयमान तथा विकासशील युरोपेली मुलुकहरु | २.५ | -१.८ | ६.७ | -१.४ | ०.९ |
| ६ | युरोपियन युनियन | २ | -५.८ | ५.४ | २.८ | १.६ |
| ७ | मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुकहरु | १.७ | -३.४ | ५.८ | ४.९ | ३.४ |
| ८ | न्यून आय भएका विकासशील अर्थतन्त्र | ५.३ | ०.१ | ४.५ | ५ | ५.२ |
| ९ | अमेरिका | २.३ | -३.४ | ५.७ | २.३ | १ |
| १० | जापान | ० | -४.५ | १.७ | १.७ | १.७ |
| ११ | चीन | ६ | २.२ | ८.१ | ३.३ | ४.६ |
| १२ | दक्षिण एसियाली राष्ट्रहरु | | | | | |
| | बंगलादेश | ८.२ | ३.५ | ५ | ६.४ | |
| | भुटान | ४.४ | -२.४ | -३.७ | ४.४ | |
| | भारत | ३.७ | -६.६ | ८.९ | ८.२ | |
| | माल्दिभ्स | ६.९ | -३३.५ | ३३.४ | ६.१ | |
| | नेपाल | ६.७ | -२.१ | २.७ | ४.१ | |
| | श्रीलंका | २.३ | -३.६ | ३.६ | २.६ | |
| | पाकिस्तान | ३.१ | -१ | ५.६ | ४.० | |
| | अफगानिस्तान | ३.९ | -२.४ | ४ | .. | |

स्रोतः वर्ल्ड इकोनोमिक आउटलुक, जुलाइ तथा अप्रिल २०२२ आइएमएफ र आर्थिक सर्वेक्षण, २०७८।७९, नेपाल सरकार ।

*अनुमानित

विगत केही वर्षहरुको विश्वको आर्थिक वृद्धि दर तथा प्रक्षेपित दरलाई चार्ट १.१ मा प्रस्तुत गरिएको छ ।

**चार्ट १.१ : विश्वको आर्थिक वृद्धिदर**




स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, जुलाई २०२२

### ख) मूल्य स्थिति

अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२२ को अप्रिलमा प्रकाशित तथ्यांक अनुसार विकसित अर्थतन्त्रको मूल्य वृद्धिदर ५.७ प्रतिशत हुने प्रक्षेपण गरेको छ । रसिया-युक्रेन युद्धका कारण पेट्रोलियम पदार्थ र खाद्य वस्तुको मूल्यमा भएको वृद्धिले विश्व मुद्रास्फीति बढ्ने प्रक्षेपण कोषले गरेको छ। उदीयमान तथा विकासशील अर्थतन्त्रको मूल्य वृद्धिदर सन् २०२१ मा ५.९ प्रतिशत रहेकोमा सन् २०२१ मा ८.७ प्रतिशत रहने प्रक्षेपण रहेको छ। रसिया-युक्रेन युद्धको सबैभन्दा बढी प्रभाव उदीयमान तथा विकासशील युरोपमा परेको छ। यि मुलुकहरुको मुद्रास्फीति सन् २०२१ मा ९.५ प्रतिशत रहेकोमा सन् २०२२ मा उच्च वृद्धि भई २७.१ प्रतिशत हुने प्रक्षेपण रहेको छ। रसिया-युक्रेन युद्ध लम्बिने, रसियामाथिको प्रतिबन्ध कायम रहने, उर्जा र वस्तुको मूल्यमा निरन्तर वृद्धि हुने र चीनको शुन्य कोभिड रणनीतिका कारण आपूर्ति श्रृखंला खलबलिने कारण विश्व मुद्रास्फीतिमा थप दबाब सिर्जना हुने प्रक्षेपण कोषले गरेको छ। सन् २०२२ मा दक्षिण एसियाली मुलुकहरु मध्ये श्रीलंकाको मूल्य वृद्धि उच्च रहने र माल्दिभ्समा सबैभन्दा न्युन मूल्य वृद्धि हुने अनुमान रहेको छ। सन् २०२१ मा ६ प्रतिशत रहेको श्रीलंकाको मुद्रास्फीति सन् २०२२ मा १७.६ प्रतिशत पुग्ने प्रक्षेपण रहेको छ। भुटान बाहेक अन्य दक्षिण एशियाली मुलुकहरुको मुद्रस्फीति सन् २०२२ मा बढ्ने प्रक्षेपण रहेको छ। सन् २०२१ मा एक प्रतिशतभन्दा कम रहेको चीनको मुद्रस्फीति सन् २०२२ मा २.१ प्रतिशत पुग्ने प्रक्षेपण कोषले गरेको छ।

### ग) विश्व व्यापार

कोभिड-१९ का कारण सन् २०२० मा करिब ८ प्रतिशतमा खुम्चिएको विश्व व्यापार सन् २०२१ मा करिब १० प्रतिशतले वृद्धि भएको छ। यद्यपि रसिया-युक्रेन युद्धका कारण अन्तर्राष्ट्रिय परिस्थितिमा देखिएको असहजताका कारण विश्व व्यापारको वृद्धि पुनः ५ प्रतिशतमा सिमित हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ। यस्तै सन् २०२२ मा दक्षिण एसियाका सबै देशको चालु खाता घाटामा रहेको छ। विगत ८ वर्षको औसत चालु खाता घाटा भुटानको सबैभन्दा बढी र बंगलादेशको सबैभन्दा कम रहेको छ।

कोभिड-१९ महामारी रोकथाम र नियन्त्रणका लागि गरिएको खर्च र स्वास्थ्य पूर्वाधार निर्माणलगायतका कार्यक्रमबाट अधिकांश मुलुकमा वित्तीय दबाब सिर्जना हुन पुगेको छ भने रुस र युक्रेनबीचको युद्धका कारण विश्वव्यापी रुपमा आपूर्ति श्रृखंलामा आएको अवरोधले भएको मूल्यवृद्धिका कारण अर्थतन्त्रको पुनरुत्थान थप चुनौतिपूर्ण बन्दै गएको छ।

## १.२ नेपालको समष्टिगत आर्थिक अवस्था

कोभिड-१९ को महामारीको अवधिमा रहेको विगत दुई आर्थिक वर्षको तुलनामा नेपालको अर्थतन्त्र सामान्यीकरणको दिशामा अगाडि बढेको देखिन्छ। औद्योगिक उत्पादन, व्यापार व्यवसाय लगायत समग्र आर्थिक क्रियाकलाप सूचारु हुँदा आन्तरिक मागका साथै वस्तु निकासी तथा पैठारी दुबैमा वृद्धि आएको छ। तथापि, असोज महिनामा प्रतिष्थापन विधेयक पारित हुनु, वित्तीय क्षेत्रमा तरलताको चाप पर्नु र विदेशी मुद्रा सञ्चिति कम हुँदै जानुले अर्थतन्त्र थप चुनौतीपूर्ण बन्दै गएको छ। आन्तरिक माग पूर्तिका लागि आयातमा बढोत्तरी हुँदा वस्तु व्यापार घाटा बढेको छ जसका कारण चालु खाता घाटा र शोधनान्तर घाटा पनि बढेको छ भने वैदेशिक विनिमय सञ्चिति खुम्चिएको छ। वित्तीय पहुँच, पुँजी बजार र बीमाको दायरा विस्तार भएको छ। यद्यपि मुलुकको वास्तविक क्षेत्र, सरकारी वित्त र बाह्य क्षेत्रमा देखिएको असन्तुलनले बैकिंग क्षेत्र दबाबमा रहेको छ भने पुँजी बजारका केही सूचकांकहरुमा गिरावट देखिएको छ। समीक्षा वर्षको नेपालको अर्थतन्त्रलाई बुँदागत रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ।

### क) वास्तविक क्षेत्र र मूल्य स्थिति

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७८/७९ मा ५.८४ प्रतिशत आर्थिक वृद्धि हुन सक्ने अनुमान छ। कृषि क्षेत्रको वृद्धि २.३ प्रतिशत, उद्योग क्षेत्रको ८.१ प्रतिशत तथा सेवा क्षेत्रको वृद्धि ६.६ प्रतिशत रहेको अनुमान छ।

कुल गार्हस्थ्य उत्पादनको संरचनामा क्रमिक रुपमा परिवर्तन हुँदै गएको छ । प्राथमिक क्षेत्रको योगदान हरेक वर्ष घट्दै गएको छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको छ । आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र सेवा क्षेत्रको अंश क्रमशः २४.५ प्रतिशत, १३.७ प्रतिशत र ६१.८ प्रतिशत रहने अनुमान छ ।

आ.व. २०७७।७८ मा कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अंश ९२.३ प्रतिशत रहेकोमा आ.व. २०७८।७९ को समीक्षा अवधिमा केही कमी भई ९०.७ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशकमा उपभोग र कुल गार्हस्थ्य उत्पादनको अनुपात औसत ९०.५ प्रतिशत रहेको छ । आ.व. २०७७।७८ मा कुल गार्हस्थ्य उत्पादनसँग कुल गार्हस्थ्य बचतको अनुपात ७.७ प्रतिशत रहेकोमा आ.व. २०७८।७९ मा यस्तो अनुपातमा सिमान्त रुपमा वृद्धि भई ९.३ प्रतिशत हुने अनुमान छ। आ.व. २०७८।७९ मा कुल गार्हस्थ्य उत्पादनसँग कुल राष्ट्रिय बचतको अनुपात ३२ प्रतिशत रहने अनुमान छ । गत आ.व. मा यस्तो अुनपात ३३.३ प्रतिशत रहेको थियो । पछिल्लो दश वर्षमा कुल गार्हस्थ्य उत्पादनसँग कुल गार्हस्थ्य बचत र कुल राष्ट्रिय  बचतको औसत अनुपात क्रमशः ९.५ प्रतिशत र ३६.८ प्रतिशत रहेको छ। आ.व. २०७७।७८ मा कुल लगानी २९.३ प्रतिशतले वृद्धि भएकोमा आ.व. २०७८।७९ मा १८.१ प्रतिशतले वृद्धि भई रु. १८ खर्ब ७ अर्ब पुग्ने अनुमान छ । बैंक वित्तीय बजारमा देखिएको तरलता चाप र न्यून पुँजीगत खर्चका कारण चालु वर्षमा लगानीको वृद्धि सामान्य रहने अनुमान छ ।

नेपालको विगत दश आ.व. को आर्थिक वृद्धिलाई चार्ट १.२ मा प्रस्तुत गरिएको छ ।

**चार्टः १.२ : नेपालको आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा)**




स्रोतः केन्द्रीय तथ्यांक विभाग, २०७९

कोभिड-१९ नियन्त्रण हुँदै जाँदा अर्थतन्त्रमा समष्टिगत मागमा भएको वृद्धिले मुद्रास्फीतिमा चाप परेको छ । असहज अन्तर्राष्ट्रिय परिदृष्यका कारण आपूर्ति श्रृंखलामा सिर्जित अवरोधले अधिकांश मुलुकहरुमा मुद्रास्फीति मुख्य चुनौतीको रुपमा देखा परेको छ। पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि, ढुवानी खर्चमा भएको वृद्धि, खाद्य पदार्थ तथा आयातित कच्चा पदार्थ लगायत अन्य वस्तु तथा सेवाहरुमा भएको मूल्य वृद्धिका कारण नेपालमा पनि मुद्रास्फीतिमा चाप परेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति ५.४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ३.५ प्रतिशत रहेको थियो। अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७८/७९ मा घ्यू तथा तेल, तरकारी, दुग्ध पदार्थ तथा अण्डा र दाल तथा गेडागुडीको मूल्य दोहोरो अङ्कले वृद्धि भएको छ। आर्थिक वर्ष २०७८ फागुनमा उपभोक्ता मुद्रास्फीति काठमाडौं उपत्यकामा ६.३ प्रतिशत, तराईमा ७.४ प्रतिशत, पहाडमा ७.७ प्रतिशत र हिमालमा ७.६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो मुद्रास्फीति क्रमशः २.५ प्रतिशत, ३.३ प्रतिशत, ३.४ प्रतिशत र १.३ प्रतिशत रहेको थियो ।

विगत दश वर्षमा समग्र उपभोक्ता मुद्रास्फिति दर चार्ट १.३ मा प्रस्तुत गरिएको छ ।

**चार्ट: १.३ : समग्र उपभोक्ता मुद्रास्फिति दर (प्रतिशतमा)**




स्रोतः नेपाल सरकारको आर्थिक सर्वेक्षणहरुबाट ।

## ख) मौद्रिक तथा वित्तीय क्षेत्र

कोभिड-१९ पश्चात अर्थतन्त्रको पुनरुत्थानको प्रक्रियाले गति लिएसँगै समष्टिगत मागमा भएको वृद्धि भई कर्जा तथा निक्षेपको वृद्धिदर असन्तुलित भएका कारण बैकिंग प्रणालीमा तरलता दबाब देखिएको छ । यस्तै पुँजी बजारमा लगानीकर्ताको मनोबल कमजोर हुँदा नेप्से सूचकांक, बजार पुँजीकरण तथा कारोबार रकम लगायतका सूचकहरुमा केही गिरावट आएको छ। यद्यपि वित्तीय पहुँचमा भने सुधार हुँदै गएको छ भने वित्तीय कारोबारमा विद्युतीय भुक्तानी माध्यमको प्रयोग बढ्दै गएको छ।

आर्थिक वर्ष २०७८/७९ मा विस्तृत मुद्राप्रदाय (M2)  ६.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त मुद्राप्रदाय २१.८ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.२५५ अर्ब २६ करोड (१९.१ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्ष उक्त सम्पत्ति रु. १ अर्ब २३ करोड (०.१ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा संकुचित मुद्रा प्रदाय (M1) ११.४ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा संकुचित मुद्रा प्रदाय ५.२ प्रतिशतले बढेको थियो ।  समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ९ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप २१.४ प्रतिशतले बढेको थियो । २०७९ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३८.३ प्रतिशत रहेको छ। २०७८ असार मसान्तमा यस्तो निक्षेपको अंश ४२.७ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १३.१ प्रतिशतले बढेको छ, जुन गत वर्ष २७.३ प्रतिशतले बढेको थियो । कर्जा र निक्षेपको वृद्धिदरमा सन्तुलन कायम गर्दै जिडिपिको वृद्धिदर र कर्जाको वृद्धिदर बिच तालमेल कायम राख्न चुनौतिपूर्ण देखिएको छ।

समीक्षा वर्षमा बैकिंग क्षेत्रमा ब्याजदरमा भारी वृद्धि भएको छ। २०७८ असारमा ९१-दिने ट्रेजरी बीलको भारित औसत ब्याजदर ४.५५ प्रतिशत रहेकोमा २०७९ असारमा १०.६६ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७८ असारमा ४.१२ प्रतिशत रहेकोमा २०७९ असारमा ६.९९ प्रतिशत रहेको छ। मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा लिइने औसत अन्तर-बैंक ब्याजदर २०७९ असारमा ७.०१ प्रतिशत रहेको छ। समीक्षा वर्षमा बैकिंग क्षेत्रमा देखिएको तरलतासम्बन्धी समस्यालाई सम्बोधन गर्दै ब्याजदर स्थायित्व हासिलमा चुनौती देखा परेको छ । यद्यपि अर्थतन्त्रमा वित्तीय प्रगाढता भने निरन्तर बढ्दै गएको छ। कुल ७५३ स्थानीय तहमध्ये २०७९ असारसम्म ७५२ तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका छन्। २०७७ असारसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका थिए। शाखा विस्तारसँगै बैकिङ्ग कारोबार गर्ने जनसंख्या उल्लेख्य बढेको छ भने वित्तीय

उपकरणमा सर्वसाधारणको पहुँचका कारण विद्युतीय भुक्तानी कारोबार उल्लेख्य रुपमा बढेको छ । २०७८ फागुनसम्ममा बैक वित्तीय संस्थाबाहेक १० भुक्तानी प्रणाली संचालक र २७ भुक्तानी सेवा प्रदायक संस्थाहरु संचालनमा रहेका छन् ।

धितोपत्र बजारतर्फ आस्वा तथा सिआस्वा प्रणाली लागू गरेपश्चात् धितोपत्रको प्राथमिक बजारमा ७७ वटै जिल्लाका लगानीकर्ताहरुमा पहुँच पुगेको छ भने धितोपत्रको दोस्रो बजारमा स्वचालित कारोबार प्रणाली प्रयोगमा आए पश्चात् लगानीकर्ताले युजरनेम र पासवर्ड लिई अनलाइन मार्फत कारोबार गर्न सक्ने व्यवस्था हुंदा सोबाट समेत पहुँच विस्तार भएको छ । आ.व. २०७८।७९ को अन्त्यमा हितग्राही खाताको कुल संख्या ५३ लाख ४६ हजार पुगेको छ । २०७८ असार मसान्तमा २८८३.४१ बिन्दुमा रहेको नेप्से सूचकाङ्कमा ३०.३१ प्रतिशतले कमी आई २०७९ असार मसान्तमा २०० ९.४७ पुगेको छ । आ.व. २०७८।७९ को फागुन मसान्तसम्म बीमा व्यवसायको कुल वित्तीय स्रोत तथा उपयोग रु. ६ खर्ब ४ अर्ब रहेको छ । साथै, २०७८ फागुन मसान्तसम्म बीमामा सहभागी हुनेको संख्या कुन जनसंख्याको २९ प्रतिशत पुगेको छ ।

## ग) सरकारी वित्त क्षेत्र

कोभिड-१९ को प्रभाव क्रमशः न्यून हुँदै गएसँगै सार्वजनिक वित्तका परिसूचकहरु सकारात्मक बन्दै गएका छन् । कुल संघीय खर्चको तुलनामा पुँजीगत खर्च न्यून रहेको छ । यद्यपि संघीयता लागूभए पश्चात एकीकृत खर्च र कुल गार्हस्थ्य उत्पादनमा पुँजीगत खर्चको अनुपात भने बढ्दै गएको छ । निरन्तर सुधारको परिणाम स्वरुप संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने तथा पारदर्शिता र गुणस्तर अभिवृद्धि गर्ने कार्यमा क्रमिक सुधार हुन थालेका कारण सार्वजनिक वित्त व्यवस्थापना सबल र सुदृढ बन्दै गएको छ । यद्यपि तीनै तहको सरकारको पुँजीगत खर्च गर्ने क्षमताको साथै खर्चको गुणस्तर र प्रभावकारिता समेत थप अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकारको कुल खर्च रु. ११ खर्ब ९६ अर्ब ६७ करोड रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा करिब ८ प्रतिशतले वृद्धि भई १२ खर्ब ९६ अर्ब २४ करोड पुगेको छ । जसमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था वापतको खर्चको अंश क्रमशः ७४ प्रतिशत, १७ प्रतिशत र ९ प्रतिशत रहेको छ । पछिल्ला तीन वर्षमा तीन तहका सरकारको एकीकृत खर्चमा संघीय खर्चको अनुपात क्रमशः घट्दै गएको छ भने प्रदेश र स्थानीय तहको खर्च अनुपात क्रमशः बढ्दै गएको छ । आर्थिक वर्ष २०७७।७८ मा एकीकृत खर्चमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको खर्च क्रमशः ५९ प्रतिशत, १२ प्रतिशत र २९ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा बैंकिङ्ग कारोबारमा आधारित सरकारको वित्त स्थिति रु.२६० अर्ब १६ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी वित्त स्थिति रु. २६२ अर्ब ६९ करोडले घाटामा रहेको थियो । आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलन (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँट हुने रकमसमेत) रु. १०६७ अर्ब ९६ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल राजस्व संकलन रु. ९३५ अर्ब ८९ करोड रहेको थियो । आर्थिक वर्ष २०७७/७८ मा अन्य प्राप्ति समेत गरी संघीय सरकारले रु. १११६ अर्ब ४२ करोड स्रोत परिचालन गरेको छ । आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारको बैंकिङ्ग कारोबारमा आधारित कुल खर्च रु. १८५ अर्ब ६३ करोड रहेको छ । समीक्षा अवधिमा प्रदेश सरकारको स्रोत प्राप्ति रु. २०१ अर्ब २० करोड रहेको छ । यसमध्ये संघीय सरकारले प्रदेश सरकारलाई अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्व समेत गरी रु. १५३ अर्ब २४ करोड हस्तान्तरण गरेको छ । यसैगरी, यस अवधिमा प्रदेश सरकारहरुले राजस्व र अन्य स्रोतबाट रु. ४७ अर्ब ९६ करोड परिचालन गरेका छन् ।

२०७८ फागुनसम्म नेपाल सरकारको पूर्ण तथा अधिकांश स्वामित्व भएका सार्वजनिक संस्थानको संख्या ४४ रहेको छ । २०७८ असारसम्म सार्वजनिक संस्थानहरुमा नेपाल सरकारको सेयर लगानी रु.३ खर्ब १४ अर्ब ६५ करोड ७ लाख र ऋण लगानी रु.२ खर्ब ५२ अर्ब ६३ करोड ७९ लाख गरी कुल रु.५ खर्ब ६७ अर्ब २८ करोड ८६ लाख रहेको

छ। आ.व. २०७७।७८ मा सार्वजनिक संस्थानमा सेयर र ऋण लगानी गत आ.व. को तुलनामा क्रमशः ९ र ९.४२ प्रतिशतले वृद्धि भएको छ।

## घ) बाह्य क्षेत्र

आर्थिक वर्ष २०७८।७९ को शुरुदेखिनै बाह्य क्षेत्रमा दबाब पर्दै गएको छ। अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ तथा खाद्यान्नको मूल्य वृद्धिका साथै उपभोग्य तथा निर्माणजन्य सामाग्रीको उच्च आयात, पर्यटन आय र रेमिट्यान्समा आएको संकुचनका कारण पछिल्लो समय शोधनान्तर स्थिति उच्च घाटामा रहेको छ भने विदेशी विनिमय संचिति समेत घटेको छ।

नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको तथ्यांक अनुसार आर्थिक वर्ष २०७८/७९ मा कुल वस्तु निर्यात ४१.७ प्रतिशतले वृद्धि भई रु. २०० अर्ब पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यात ४४.४ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ क्रमशः ४५.९ प्रतिशत र ३०.४ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा २०.४ प्रतिशतले कमी आएको छ। वस्तुगत आधारमा पाम तेल, उनी, गलैंचा, धागो (पोलिष्टर तथा अन्य), जिंक सिट, जुस लगायतका वस्तुको निर्यात बढेको छ भने सोयाबिन तेल, अलैंची, चिया, औषधी (आयुर्वेदिक) तार लगायतका वस्तुको निर्यात घटेको छ। त्यसैगरी कुल वस्तु आयाततर्फ आर्थिक वर्ष २०७८/७९ मा २४.७ प्रतिशतले वृद्धि भई रु. १९२० अर्ब ४५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयात २८.७ प्रतिशतले बढेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः २३.५ प्रतिशत, १३.२ प्रतिशत र ३६.३ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा यातायातका पेट्रोलियम पदार्थ, औषधी, कच्चा पाम तेल, स्पंज आइरन, सुन लगायतका वस्तुको आयात बढेको छ भने एम.एस.विलेट, सिमेन्ट, धान तथा चामल, दाल, मेडिकल उपकरण लगायतका वस्तुको आयात घटेको छ। समीक्षा वर्षमा वस्तु व्यापार घाटा २३ प्रतिशतले वृद्धि भई रु. १७२० अर्ब ४२ करोड पुगेको छ। यस्तै निर्यात-आयात अनुपात १०.४ प्रतिशत पुगेको छ।

कुल गार्हस्थ्य उत्पादनमा करिब २३ प्रतिशत अंश रहेको विप्रेषण आयमा आर्थिक वर्ष २०७८/७९ मा ४.८ प्रतिशतले वृद्धि भई रु. १००७ अर्ब ३१ करोड पुगेको छ। अघिल्लो वर्ष विप्रेषण आप्रवाह ९.८ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा चालु खाता रु. ६२३ अर्बले घाटामा रहेको छ भने अघिल्लो वर्ष रु. १ अर्ब २३ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा वर्षमा रु. २५५ अर्ब बराबरको उच्च घाटामा रहेको छ। बढ्दो व्यापार घाटा, खुद सेवा आय र खुद ट्रान्सफरमा आएको कमी, पुँजीगत खाता र वैदेशिक ऋण तथा अनुदान आप्रवाहमामा आएका कमी लगायतका कारणले शोधनान्तर स्थिति उच्च घाटामा रहन पुगेको छ। यस्तै समीक्षा वर्षमा विदेशी विनिमय संचितिको आकार खुम्चिदा वस्तु तथा सेवा आयात गर्ने क्षमतामा पनि कमी आएको छ। समीक्षा वर्षमा विदेशी विनिमय संचिति रु. १२१५ अर्ब रहेको छ, जुन गत वर्षको तुलनामा करिब १३ प्रतिशतले कम हो। उक्त संचिति ६.९ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको देखिन्छ। गत वर्ष करिब १० महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने क्षमता रहेको थियो। यस्तै समीक्षा वर्षमा अमेरिकी डलरसँग नेपाल रुपैयाँ करिब ६.६ प्रतिशतले अवमूल्यन भएको छ। २०७९ असारमा एक अमेरिकी डलरको खरिद विनिमय दर रु. १२७.५१ पुगेको छ, जुन गत वर्ष रु. ११९.०४ रहेको थियो।

नेपालको आर्थिक स्थिति सम्बन्धी विवरण तालिका १.२ मा प्रस्तुत गरिएको छ।

## तालिका १.२ : नेपालको समष्टिगत आर्थिक अवस्था

| क्रस | विवरण | इकाई | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९* |
|---|---|---|---|---|---|---|
| १ | यथार्थ क्षेत्र र मूल्य | | | | | |
| | क) यथार्थ आर्थिक बृद्धि | प्रतिशत | ६.४ | -२.४ | ३.८ | ५.५ |
| | कृषि | प्रतिशत | ५.२ | २.४ | २.९ | २.३ |
| | उद्योग | प्रतिशत | ७.४ | -४.० | ४.५ | १०.२ |
| | सेवा | प्रतिशत | ६.८ | -४.५ | ४.२ | ५.९ |
| | ख) प्रति व्यक्ति आय | अमेरिकी डलर | १२०६ | ११७० | १२४६ | १३८१ |
| | ग) कुल उपभोग/ जिडिपी अनुपात | प्रतिशत | ८४.७ | ९४.३ | ९२.३ | ९०.७ |
| | घ) कुल गार्हस्थ वचत/जिडिपी अनुपात | प्रतिशत | १५.३ | ५.७ | ७.७ | ९.३ |
| | ङ) कुल राष्ट्रिय वचत/जिडिपी अनुपात | प्रतिशत | ४२.१ | ३२.२ | ३३.३ | ३२.० |
| | च) कुल स्थिर पूँजी लगानी/जिडिपी अनुपात | प्रतिशत | ३३.८ | ३०.५ | २९.९ | २९.४ |
| | छ) कुल लगानी/जिडिपी अनुपात | प्रतिशत | ४१.४ | ३०.४ | ३५.८ | ३७.३ |
| | ज) मूल्य बृद्धि (मुद्रा स्फीति) औषत वार्षिक | प्रतिशत | ४.६ | ६.२ | ३.६ | ६.३ |
| २ | मौद्रिक एवं वित्तीय क्षेत्र | | | | | |
| | क) संकुचित मुद्रा प्रदाय (एम १) | प्रतिशत | ८.६ | १७.८ | ५.२ | -११.४ |
| | ख) विस्तृत मुद्रा प्रदाय (एम २) | प्रतिशत | १५.८ | १८.१ | २१.८ | ६.८ |
| | ग) निजी क्षेत्रको कर्जा वृद्धि | प्रतिशत | १९.१ | १२.६ | २७.३ | १३.१ |
| | घ) कुल निक्षेप बृद्धि | प्रतिशत | १८ | १८.७ | २१.४ | ९ |
| | ङ) पुंजी बजारः नेप्से परिसूचक | विन्दुमा | १२५९ | १३६२.४ | २८८३.४ | २००९.४७ |
| ३ | सार्वजनिक वित्त क्षेत्र | | | | | |
| | क) राजस्व वृद्धि | प्रतिशत | १४.२ | -४.३ | १७.९ | |
| | ख) कुल सरकारी खर्च | प्रतिशत | २.१ | -१.७ | ९.७ | |
| | ग) तिर्न बाँकी सार्वजनिक ऋण | रु. अर्ब | १०४८.२ | १४३३.४ | १७३७.६ | १८४८.२ |
| | घ) प्रति व्यक्ति कुल तिर्न बाँकी ऋण | रुपैयाँमा | ३६६०५ | ४९५७८ | ५९५२३ | ६२७०२ |
| ४ | बाह्य क्षेत्र | | | | | |
| | क) निर्यात वृद्धि | प्रतिशत | १९.४ | ०.६ | ४४.४ | ५७.८ |
| | निर्यात/जिडिपी अनुपात | प्रतिशत | २.५ | २.५ | ३.३ | ४.६ |
| | ख) आयात वृद्धि | प्रतिशत | १३.९ | -१५.६ | २८.७ | २४.४ |
| | आयात/जिडिपी अनुपात | प्रतिशत | ३६.८ | ३०.८ | ३६.० | ३९.५ |
| | ग) निर्यात/आयात अनुपात | प्रतिशत | ६.८ | ८.२ | ९.२ | ११.६ |
| | घ) व्यापार घाटा | प्रतिशत | १३.५ | -१६.८ | २७.३ | २१.० |
| | व्यापार घाटा/जिडिपी अनुपात | प्रतिशत | -३४.२ | -२८.३ | -३२.७ | -३४.९ |
| | च) चालु खाता सन्तुलन | रु. अर्ब | -२६७.० | -३३.८ | -३३३.७ | -६०३.४ |
| | छ) शोधनान्तर वचत | रु. अर्ब | -६७.४ | २८२.४ | १.२ | -२६६.० |
| | ज) विदेशी मुद्रा संचिति (वस्तु तथा सेवा आयात धान्न पुग्ने) क्षमता | महिना | ७.८ | १२.७ | १०.२ | ६.९ |
| | झ) विदेशी विनिमय दर | रु. प्रति अमेरिकी डलर | ११२.९ | ११६.३ | ११८.२ | १२०.० |

*२०७८ फागुन मसान्तसम्म

स्रोतः आर्थिक सर्वेक्षण, २०७८।७९, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक ।

नेपालको अर्थतन्त्रमा संरचनात्मक परिवर्तन भई कृषिप्रधान अर्थतन्त्रबाट सेवाप्रधान अर्थतन्त्रमा रुपान्तरण हुँदै गएको छ। यस्तै, अर्थतन्त्रको वास्तविक, सरकारी वित्त र बाह्य क्षेत्र असन्तुलित भएका कारण वित्तीय प्रणालीमा दबाब परेको छ। पछिल्लो समय सरकारले बाह्य क्षेत्रमा परेको चाप सम्बोधन गर्न अवलम्बन गरेका नीतिहरुबाट सकारात्मक नतिजाहरु देखिन थालेका छन्। कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान वृद्धि गरी उत्पादनशील रोजगारी सिर्जनालाई प्राथमिकता दिनुपर्ने देखिन्छ भने सरकारी खर्चको प्रभावकारिता तथा गुणस्तरीयता अभिवृद्धि, कर्जाको उत्पादनशिल प्रयोगलाई बढावा दिदै मौद्रिक तथा बाह्य क्षेत्रको समेत दिगो एवं सन्तुलित विकास हुने गरी समष्टिगत आर्थिक नीतिहरुमा तादाम्यता र प्रभावकारिता कायम गर्नुपर्ने देखिन्छ।

# भाग-दुई

# धितोपत्र बजारको स्थिति

## २.१ विश्व धितोपत्र बजार

कोभिड-१९ को प्रकोप न्यूनीकरण तथा खोपको उपलब्धतासँगै विश्व अर्थतन्त्रका गतिविधिहरु खुला हुँदै जानु, विभिन्न देशमा वित्तीय प्रोत्साहनमुलक योजनाहरु, उपभोक्ता मागमा अभिवृद्धि लगायतका विषयहरुले विश्व धितोपत्र बजारमा सुधार आएको देखिन्छ । यद्यपि कोभिड-१९ को अर्को लहरको शुरुवात, भु-राजनैतिक असहजताका कारण विश्वमा तिव्र गतिमा बढेको मुद्रास्फीति, कसिलो मौद्रिक नीतिका कारण खुम्चिएको मुद्रा आपूर्ति तथा उच्च ब्याजदरका कारण विश्व अर्थतन्त्र विस्तारको सम्भावनामा थप दबाब उत्पन्न भएको देखिन्छ जसको असर विश्व धितोपत्र बजारमा पर्न सक्ने देखिन्छ ।

धितोपत्र विनिमय बजारहरुको विश्व संगठन (World Federation of Exchanges-WFE) ले प्रकाशन गरेको तथ्यांक अनुसार सन् २०२० को तुलनामा सन् २०२१ विश्व धितोपत्र बजारको पुँजीकरणमा करिब २४ प्रतिशतको वृद्धि आएको देखिन्छ, भने सन् २०२२ को अर्धवार्षिक अवधि अर्थात जुलाईसम्म बजार पुँजीकरण सन् २०२१ को अन्त्यको तुलनामा करिब १५ प्रतिशतको गिरावट आएको देखिन्छ । सन् २०२२ जुलाई उक्त पुँजीकरण यु.एस.डलर १०६ ट्रिलियन पुगेको देखिन्छ । सन् २०२० को तुलनामा सन् २०२१ मा धितोपत्रको बजार पुँजीकरणतर्फ अन्य क्षेत्रको तुलनामा अमेरिकी क्षेत्रमा सबैभन्दा बढी अर्थात् करिब २४ प्रतिशत वृद्धि देखिएकोमा सन् २०२२ जुलाईमा अमेरिकी क्षेत्रमा नै उच्च गिरावट देखिएको छ । उक्त अवधिमा एशिया प्यासिफिक क्षेत्र र युरोपियन क्षेत्रमा करिब १३ प्रतिशतको कमी देखिएको छ ।

सन् २०२१ मा विश्व धितोपत्र बजारमा करिब यु.एस.डलर १६० ट्रिलियन बराबरको कारोबार भएको देखिन्छ, जुन करिब १७ प्रतिशतको वृद्धि हो । उक्त समयमा सबैभन्दा बढी कारोबार एशिया प्यासिफिक क्षेत्रमा भएको छ । यद्यपि युरोपियन क्षेत्रमा भने कारोबार रकममा कमी आएको छ । यसैगरी सन् २०२२ जुलाई सम्म विश्व धितोपत्र बजारमा सूचीकृत कम्पनीको संख्यामा ५.८५ प्रतिशतको वृद्धि आई सूचीकृत कम्पनीको संख्या ५२,५०३ पुगेको देखिन्छ । कुल सूचीकृत संगठित संस्थाको करिब ४८ प्रतिशत ओगट्ने एशिया प्यासिफिक क्षेत्रमा सूचीकृत संगठित संस्थाको संख्यामा करिब ४ प्रतिशतको बृद्धि भएको छ ।

प्राथमिक निष्काशन तर्फ सन् २०२१ उल्लेखनीय वर्षको रुपमा रहेको छ । सन् २०२० को तुलनामा सन् २०२१ मा यु.एस.डलर ४९८ बिलियनको प्राथमिक निष्काशन भएको छ, जुन गत बर्षको तुलनामा ८० प्रतिशतको बढोत्तरी हो । उक्त वर्ष सबैभन्दा बढी (कुल निष्काशनको करिब ४३ प्रतिशत) निष्काशन अमेरिका क्षेत्रमा भएको छ, जुन गत बर्षको तुलनामा करिब १३६ प्रतिशतको वृद्धि हो । यस्तै युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्रमा प्राथमिक निष्काशन रकममा करिब १३५ प्रतिशतको वृद्धि देखिएको छ । यद्यपि सन् २०२१ जुलाईको तुलनामा सन् २०२२ जुलाईमा धितोपत्रको प्राथमिक निष्काशनमा भने भारी गिरावट (करिब ६५ प्रतिशत) आएको देखिन्छ । यस अवधिमा बजार पुँजीकरण र धितोपत्रको

प्राथमिक निष्काशनमा कमी आएतापनि नगद बजार र डेरिभेटिभ बजारको कारोबार रकममा देखिएको वृद्धिले विश्व धितोपत्र बजारमा जोखिम व्यवस्थापनसम्बन्धी गतिविधिहरु बढ्न थालेको अनुमान गर्न सकिन्छ ।

विश्व धितोपत्र बजारको पछिल्लो तीन वर्षको अवस्था तालिका २.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.१ : अन्तर्राष्ट्रिय धितोपत्र बजारको अवस्था**

| क्र.स. | विवरण | २०१९ | २०२० | २०२१ | २०२२ जुलाई | २०२०/२१ मा वार्षिक परिवर्तन प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | बजार पुँजीकरण (रकम अमेरिकी डलर, ट्रिलियनमा) | | | | | |
| | अमेरिका क्षेत्र | ४०.८६ | ४९.७३ | ५७.३६ | ४८.२८ | २४.१९ |
| | एशिया प्यासिफिक क्षेत्र | ३१.०२ | ३५.८६ | ३९.३२ | ३४.०२ | ८.९६ |
| | युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्र | २१.४५ | २३.६१ | २७.०५ | २३.६९ | १३.५० |
| | कुल बजार पुँजीकरण | ९३.३२ | १०९.२ | १२३.७४ | १०६ | १६.६१ |
| २ | कारोबार (रकम अमेरिकी डलर, ट्रिलियनमा) | | | | | |
| | अमेरिका क्षेत्र | ४५.१३ | ७३.४६ | ८२.६ | ४८.१५ | १२.४२ |
| | एशिया प्यासिफिक क्षेत्र | ३२.३७ | ५०.२८ | ६५.०३ | २७.७५ | २९.२८ |
| | युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्र | ११.४२ | १३.८९ | १३.३१ | ७.३९ | -४.४८ |
| | कुल कारोबार रकम | ८८.९२ | १३७.६ | १६०.९४ | ८३.२९ | १६.८७ |
| ३ | सूचीकृत कम्पनीको संख्या | | | | | |
| | अमेरिका क्षेत्र | १०,४१७ | १०,५२८ | ११,२२९ | ११,४०७ | १०.२१ |
| | एशिया प्यासिफिक क्षेत्र | २२,७५१ | २३,३९१ | २४,६७२ | २५,४२६ | ४.०६ |
| | युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्र | १४,२२८ | १४,००० | १५,७३१ | १५,६७० | ५.७२ |
| | कुल सूचीकृत कम्पनीको संख्या | ४७,३९६ | ४७,९१९ | ५१,६३२ | ५२,५०३ | ५.८५ |
| ४ | प्राथमिक निष्काशन रकम (रकम अमेरिकी डलर, बिलियनमा) | | | | | |
| | अमेरिका क्षेत्र | ५२.८६ | ९२.३३ | २१८.२८ | ८.०२ | १३६.४२ |
| | एशिया प्यासिफिक क्षेत्र | ९८.६ | १४९.२ | १९१.७९ | ७३.१६ | ३१.०३ |
| | युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्र | ५२.६७ | ३६.२१ | ८८.०६ | ९.७६ | १३५.२४ |
| | कुल प्राथमिक निष्काशन रकम | २०४.१२ | २७७.७८ | ४९८.१३ | ९०.९४ | ८०.३९ |

स्रोतः वर्ल्ड फेडेरशन अफ एक्सचेञ्ज ।

क) विश्वका केही प्रमुख धितोपत्र बजार सूचकांक तथा बजार पुँजीकरणको अवस्था : विश्वका केही प्रमुख धितोपत्र बजारका सूचकांकको अवस्थालाई देहाय अनुरुप तालिका २.२ मा प्रस्तुत गरिएको छ ।

### तालिका २.२ : विश्वका केही प्रमुख धितोपत्र बजार सूचकांक तथा बजार पुँजीकरणको अवस्था

| क्र.स. | सूचकांक | देश | आधार विन्दु | सन् २०१९ अगस्ट(विन्दु) | सन् २०२० अगस्ट(विन्दु) | सन् २०२१ अगस्ट(विन्दु) | सन् २०२२ अगस्ट(विन्दु) | सन् २०२१ बाट २०२२ मा परिर्वतन प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | एस एण्ड पि ५०० (S&P 500) | अमेरिका | - | २,९२६.४६ | ३,५००.३१ | ४,५२२.६८ | ३,९५५.०० | १२.५५) |
| २ | फुटसी १०० (FTSE 100) | बेलायत | १,००० | ७,२०७.१८ | ५,९६३.५७ | ७,११९.७० | ७,२८४.०० | २.३१ |
| ३ | सांघाई कम्पोजिट इण्डेक्स | चीन | १०० | २,८८६.२४ | ३,२७०.४४ | ३,५४३.९४ | ३,२०२.१४ | (९.६४) |
| ४ | सिंगापुर टाईम इण्डेक्स (STI) | सिंगापुर | ४२ | ३,१०६.५२ | २,५९३.६३ | ३,०५५.०५ | ३,२२१.६७ | ५.४५ |
| ५ | निक्की २२५ (Nikkei225) | जापान | - | ०,७०४.३७ | २३,१३९.७६ | ८,०८९.५४ | २८,०९१.५३ | ०.०१ |
| ६ | एस एण्ड पि एएसएक्स २०० (S&P ASX 200) | अष्ट्रेलिया | - | ६,६०४.२० | ६,०६०.५० | ७,५३४.९० | ६,९८६.८० | ७.२७) |
| ७ | डयाक्स पर्फमेन्स (DAX Performance) | जर्मनी | १,००० | ११,९३९.२८ | १२,९४५.३८ | १५,८३५.०९ | १२,८३४.९६ | १८.९५) |
| ८ | ह्यांगसेंग (HangSeng) | हङकंग | १०० | ५,७२४.७३ | ५,१७७.०५ | २५,८७८.९९ | १९,९५४.३९ | २२.८९) |
| ९ | एस एण्ड पि विएसई सेन्सेक्स (S& P BSE Sensex) | भारत | १,००० | ३७,३३२.७९ | ३८,६२८.२९ | ५७,५५२.३९ | ५९,५३७.०७ | ३.४५ |
| १० | निफ्टी ५० (Nifty 50) | भारत | १,००० | ११,०२३.२५ | ११,३८७.५० | १७,१३२.२० | १७,७५९.३० | ३.६६ |
| ११ | न्युर्योक कम्पोजिट इण्डेक्स (NYSE Composite Index) | अमेरिका | ५,००० | २,७३६.८८ | ३,०४५.६० | ६,८०६.४४ | १४,८०१.२४ | (११.९३) |

स्रोतः सम्बन्धित एक्सचेञ्जको वेबसाईटहरु ।

**ख) सार्क क्षेत्रको धितोपत्र बजारको अवस्था:** सन् २०१९ मा सार्क क्षेत्रको धितोपत्र बजार सूचकांकको अवस्था तालिका २.३ मा प्रस्तुत गरिएको छ ।

### तालिका २.३ : सन् २०२१ मा सार्क क्षेत्रको धितोपत्र बजारको अवस्था

| क्र. स. | परिसूचकहरु | इकाई | नेपाल | भारत | भुटान | पाकिस्तान | श्रीलंका | बंगलादेश सन् २०२० | माल्दिभ्स सन् २०२२ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक निष्काशन रकम | अमेरिकी डलर, दश लाखमा | ४२१.७७ | १३५६५० | ७.८ | ३१९.२१ | - | ७१६.०७ | - |
| २ | सूचीकृत कम्पनी | संख्या | २३४ | ७७४३ | १९ | ५३२ | २९६ | ५८९ | ९ |
| ३ | स्टक एक्सचेञ्ज | संख्या | १ | ३ | १ | १ | १ | २ | - |
| ४ | बार्षिक कारोबार रकम | अमेरिकी डलरमा | १०१२२ | २२०३५६० | ११.२३ | - | ८४८.४८ | ९३६५.५३ | १७.६६ |
| ५ | औसत कारोबार रकम | अमेरिकी डलरमा | ४२.३४ | ८८४० | - | - | ३.५३ | ४६.१२ | - |
| ६ | कारोबार भएको दिन | दिन | २३९ | २४९ | - | - | २४० | २०३ | - |
| ४ | बजार पुँजीकरण रकम | अमेरिकी डलरमा | २४१६१ | ५४५७८७० | ६१६.८९ | ४७२९७ | २६८९७ | ३७४३७.४२ | १८००.०६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | कारोबार/बजार पूँजीकरण | प्रतिशत | ४१.८९% | ५१.३७% | १.८२% | - | २१.४०% | २५.०१% | १% |
| ९ | बजार पूँजीकरण/कूल गाहर्स्थ उत्पादन | प्रतिशत | ६९% | १७१.९८% | २५% | १३.६०% | ३७% | १२.३०% | २७.२८% |
| १० | विनिमय दर | एक अमेरिकी डलर बराबर | ११८.७६ | ७४.६२ | ७६.९२ | १७५.४३ | २०४.०८ | ८३.३३ | १५.३८ |

स्रोतः सम्बन्धित नियमन निकाय तथा स्टक एक्सचेञ्जहरुको वार्षिक प्रतिवेदनहरुबाट लिइएको ।

## २.२ नेपालको धितोपत्र बजार

धितोपत्र बजारलाई प्रविधिमैत्री एवं लगानीमैत्री बनाउनुका साथै देशव्यापी बनाउने क्रममा धितोपत्रको पूर्ण अभौतिक कारोबार हुने व्यवस्था, अनलाइनबाट सहजरुपमा दोस्रो बजारमा कारोबार हुने व्यवस्था, आस्वा तथा सि-आस्वा प्रणाली सफल रुपमा कार्यान्वयन र उपत्यका बाहिर धितोपत्र दलाल तथा मर्चेन्ट बैंकरको शाखा विस्तार गर्नका लागि आवश्यक नीतिगत व्यवस्थाहरु गरिएको छ । खासगरी कोभिड-१९ को महामारीका समयमा धितोपत्र बजारलाई डिजिटलाइजेसन (Digitalization) गर्दै लगिएको कारण बजारमा सर्वसाधारणको सहभागिता व्यापक तथा उत्साहजनक रहन पुगेको छ ।

धितोपत्र बजारमा आ.व. २०७७।७८ को शुरुवातमा कोभिड-१९ को केही प्रभाव परेको देखिएता पनि लगानीका अन्य क्षेत्र ठप्प प्रायः हुँदा उक्त वर्षको अन्त्यसम्म बजार निकै सकारात्मक गतिमा अगाडि बढी अधिकांश सूचकांकहरु नयाँ उचाईमा पुगेको थियो । कोभिड विरुद्धका खोपको सहज उपलब्धतासँगै अर्थतन्त्रका अन्य क्षेत्र तथा गतिविधिहरु पुनः सुचारु हुँदा दोस्रो बजारका परिसूचकहरुमा केही कमी आएको देखिन्छ । यस्तै समीक्षा वर्षमा प्राथमिक बजारतर्फ प्राथमिक निष्काशन, हकप्रद निष्काशन, ऋणपत्र तथा सामूहिक लगानी योजना गरी सबै निष्काशन अनुमति रकममा पनि गिरावट आएको छ । यद्यपि विगत पाँच वर्षको पुँजी परिचालनको प्रवृति अध्ययन गर्दा समीक्षा वर्षको पुँजी परिचालन उल्लेखनीय नै रहेको छ ।

विगत तीन आर्थिक वर्षको धितोपत्र बजारको संक्षिप्त झलक तालिका-२.४ मा प्रस्तुत गरिएको छ ।

### तालिका २.४ : धितोपत्र बजारको संक्षिप्त झलक

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ |
| १ | कुल सार्वजनिक निष्काशन संख्या | ३४ | ६१ | ५६ | ७९.४ | -८.२ |
| २ | कुल सार्वजनिक निष्काशन रकम (रु. अर्बमा) | ३३.६५ | १०८.७४ | ५०.०९ | २२३.२ | -५३.९ |
| ३ | धितोपत्र बजार मार्फत् कुल पुंजी परिचालन (बोनस सेयरसहित) | ६७.३३ | १५४.९५ | १११.८८ | १३०.१ | -२७.८ |
| ४ | सूचीकृत कम्पनीको संख्या | २१२ | २१९ | २३४ | ३.३ | ६.८ |
| ५ | सूचीकत धितोपत्रको चुक्ता पुँजी (रु अर्बमा) | ४७३.३९ | ५७३.२४ | ६६७.७५ | २१.१ | १६.५ |
| ६ | वार्षिक कारोबार रकम (रु अर्बमा) | १५०.०३ | १४५४.४४ | १२०२.१ | ८६९.४ | -१७.३ |
| ७ | कारोबार दिन | १८२ | २४६ | २३९ | ३५.२ | -२.८ |
| ८ | धितोपत्र बजार पुँजीकरण (रु. अर्बमा) | १७९२.७६ | ४०१०.९६ | २८६९.३४ | १२३.७ | -२८.५ |
| ९ | फ्लोट बजार पुँजीकरण (रु. अर्बमा) | ६३८.०९ | १४०९.३८ | १०३१.३१ | १२०.९ | -२६.८ |
| १० | नेप्से सूचकांक (विन्दु) | १३६२.३५ | २८८३.४१ | २००९.४७ | १११.६ | -३०.३ |
| ११ | नेप्से फ्लोट सूचकांक (विन्दु) | ९५.४७ | २००.३४ | १३९.३७ | १०९.८ | -३०.४ |

स्रोतः नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेञ्ज लि.

आ.व. २०७८।७९ मा लगानीकर्ताको सहभागिताको अवस्था, धितोपत्रको प्राथमिक तथा दोस्रो बजारको अवस्थाको विस्तृत विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

## २.२.१ धितोपत्र बजारमा लगानीकर्ताको सहभागिताको अवस्था

समीक्षा वर्षमा पनि धितोपत्र बजारमा लगानीकर्ताको सहभागिताको अवस्था उत्साहजनक रुपमा बढेको छ। २०७८ असार मसान्तमा ३७ लाख ८९ हजार डिम्याट खाता (हितग्राही खाता) को संख्या रहेकोमा २०७९ असारमा करिब ४१ प्रतिशतले वृद्धि भई ५३ लाख ४६ हजार पुगेको छ, जुन कुल जनसंख्याको करिब १८ प्रतिशत हो । यसैगरी २०७८ असारमा करिब २८ लाख ५० हजारको संख्यामा रहेको मेरो सेयर खाताको संख्या समेत करिब ५४ प्रतिशतले वृद्धि भई समीक्षा वर्षको अन्त्यमा ४३ लाख ९५ हजार पुगेको छ। त्यस्तै धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशनमा गत आ.व. को अन्त्यमा करिब छ लाखले आवेदन दिने गरेकोमा हाल एउटै निष्काशनमा २७ लाख ३० हजार लगानीकर्ताहरुले आवेदन दिन सक्ने अवस्था भएको छ।

धितोपत्रको दोस्रो बजारमा अनलाईन लिने लगानीकर्ताको संख्यामा समेत वृद्धि आएको छ। २०७८ असारमा धितोपत्रको दोस्रो बजारमा अनलाइन कारोबारका लागि करिब ७ लाख ९४ हजार भन्दा बढीले युजर आई डि लिएकोमा समीक्षा वर्षमा उक्त संख्या करिब ८७ प्रतिशतले वृद्धि भई १४ लाख ८६ हजार ४ सय ४२ रहेको छ भने हाल औसतमा १० लाख लगानीकर्ताहरू कारोबारमा सक्रिय रहेको देखिन्छ। यसरी धितोपत्र बजारमा लगानीकर्ताहरू क्रमशः प्रविधिमैत्री हुँदै आकर्षण समेत बढेको देखिन्छ । विगत चार वर्षमा धितोपत्र बजारमा सर्वसाधारण सहभागिताको स्थितिलाई तालिका २.५ मा प्रस्तुत गरिएको छ।

**तालिका २.५ : धितोपत्र बजारमा लगानीकर्ताको सहभागिताको अवस्था**

| क्र सं. | विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| १ | डिम्याट खाताको संख्या | १,५७०,५७२ | १,७५३,००० | ३,७८९,००० | ५,३४६,००० |
| २ | मेरो सेयर प्रयोगकर्ताको संख्या | ५६४,१०० | ७४२,००० | २,८५०,००० | ४,३९५,००० |
| ३ | दोस्रो बजारको कुल लगानीकर्ता | | १,३६८,५९८ | १,४९४,१७१ | १,५११,७६४ |
| ४ | अनलाइन लगानीकर्ता | ११,७७६ | ३५,११९ | ७९४,९३४ | १,४८६,४४२ |
| ५ | सक्रिय लगानीकर्ता | | १९२,७४८ | ८१६,७६२ | १,०३७,३८१ |
| ६ | सक्रिय अनलाइन लगानीकर्ता | | १५,१६४ | ४४६,९६८ | ७५५,३३९ |

स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि. र सिडिएससि एण्ड क्लियरिङ्ग लि.

डिम्याट खाताको आधारमा लगानीकर्ताको सहभागिताको स्थितिलाई हेर्दा आ.व. २०७८।७९ मा सबैभन्दा बढी (३८.८ प्रतिशत) लगानीकर्ता बागमती प्रदेशमा र सबैभन्दा कम (२.२ प्रतिशत) कर्णाली प्रदेशमा रहेको देखिन्छ । कर्णाली प्रदेशमा १ लाख १९ हजार डिम्याट खाता रहेको देखिएको छ भने बागमती प्रदेशमा मात्र २० लाखभन्दा बढीको संख्यामा डिम्याट खाता रहेको छ। प्रदेशगत रुपमा डिम्याट खाता भएका सर्वसाधारणको विवरणलाई चार्ट २.१ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.१ : प्रदेशगत रुपमा डिम्याट खाताको विवरण (आर्थिक वर्ष २०७८/७९**



यस्तै लिगंको आधारमा सर्वसाधारणको जनसांख्यिक स्थिति हेर्दा आ.व. २०७८।७९ मा कुल डिम्याट खातामा पुरुषको उपस्थिति ५७ प्रतिशत, महिलाको ४२ प्रतिशत रहेको छ भने बाँकीमा अन्य र संस्थागत लगानीकर्ता रहेको देखिन्छ। लिगंको आधारमा सर्वसाधारणको सहभागिता अवस्थालाई चार्ट २.२ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.२ : लिङ्गको आधारमा डिम्याट खाता भएका लगानीकर्ताको संख्या (आर्थिक वर्ष २०७८/७९)**




नेपालको धितोपत्र बजारमा १८ वर्षदेखि ३० वर्षसम्मका लगानीकर्ताहरुको संख्या धेरै रहेको देखिन्छ। उक्त उमेर समूहमा कुल डिम्याट खाताको ३१.८ प्रतिशत लगानीकर्ता रहेका छन्। यस्तै ४१ वर्षदेखि ६० वर्षको समूहमा २५.१ प्रतिशत लगानीकर्ता रहेका छन्। उमेरको आधारमा डिम्याट खाता भएका लगानीकर्ताको संख्यालाई चार्ट २.३ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.३ : उमेरको आधारमा डिम्याट खाता भएका लगानीकर्ताको संख्या आर्थिक वर्ष २०७८/७९ (प्रतिशतमा)**




## २.२.२ प्राथमिक बजार

संगठित संस्थाहरुले प्राथमिक बजारमार्फत पुँजी परिचालन गर्ने प्रमुख माध्यमको रुपमा साधारण सेयरको प्रारम्भिक सार्वजनिक निष्काशन, हकप्रद निष्काशन, थप निष्काशन, ऋणपत्र निष्काशन तथा सामूहिक लगानी कोषको योजना निष्काशन रहेकोमा समीक्षा वर्षमा साधारण सेयरको प्रारम्भिक सार्वजनिक निष्काशन, हकप्रद निष्काशन, ऋणपत्र निष्काशन तथा सामूहिक लगानी कोषको योजना (बन्दमुखी तथा खुलामुखी) निष्काशनमा कमी आएको छ। त्यसैगरी सूचीकृत कम्पनीहरुले लगानीकर्ताहरुलाई प्रतिफल स्वरुप प्रदान गरेको बोनस सेयर बोर्डमा दर्ता गर्नुपर्ने प्रावधान अनुरुप भएको बोनस सेयर दर्तामा भने वृद्धि भएको छ।

आ.व. २०७८।७९ मा साधारण सेयरको प्राथमिक निष्काशनमार्फत् २८ संगठित संस्थाहरुको रु.७ अर्ब २० करोड, हकप्रद सेयर निष्काशनमार्फत् ११ संगठित संस्थाहरुको रु.४ अर्ब ७९ करोड, ऋणपत्र निष्काशनतर्फ १० कम्पनीको रु.३१ अर्ब २० करोड र म्युचुअल फण्डतर्फ सात वटा योजनाको रु.६ अर्ब ९० करोड गरी कुल रु.५० अर्ब ९ करोड बराबरको पुँजी परिचालन भएको छ जुन गत वर्षको रु. १०८ अर्ब ७४ करोडको तुलनामा करिब ५४ प्रतिशतले कमी रहेको छ। गत आ.व. मा साधारण सेयरको प्राथमिक निष्काशनमार्फत रु.१५ अर्ब १९ करोड, हकप्रद सेयर निष्काशनमार्फत् रु.१४ अर्ब ५ करोड, ऋणपत्र निष्काशनतर्फ रु.६९ अर्ब ६० करोड र म्युचुअल फण्डतर्फ रु.९ अर्ब ९० करोड गरी कुल रु.१०८ अर्ब ७४ करोड रुपैयाँ बराबरको पुँजी परिचालन अनुमति प्रदान गरिएको थियो, जुन हालसम्मकै उच्च हो।

विगत तीन आर्थिक वर्षको प्राथमिक बजारको अवस्था तालिका-२.६ तथा चार्ट २.४ मा प्रस्तुत गरिएको छ।

### तालिका २.६ : धितोपत्रको प्राथमिक बजार (वार्षिक तथ्यांकमा आधारित)

| क्रस | विवरण | आर्थिक वर्ष (रकम रु. अर्बमा) | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | संख्याको आधारमा | | रकमको आधारमा | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ |
| १ | प्राथमिक निष्काशन | ९ | ३.९९ | २२ | १५.१९ | २८ | ७.२ | १४४.४ | २७.३ | २८०.७ | -५२.६ |
| २ | हकप्रद निष्काशन | ११ | ४.४१ | ७ | १४.०५ | ११ | ४.७९ | -३६.४ | ५७.१ | २१८.६ | -६५.९ |
| ३ | थप निष्काशन | ० | ० | ० | ० | ० | ० | – | – | – | – |
| ४ | ऋणपत्र निष्काशन | १२ | २३.४५ | २३ | ६९.६ | १० | ३१.२ | ९१.७ | -५६.५ | १९६.८ | -५५.२ |
| ५ | म्युचुअल फण्ड | २ | १.८ | ९ | ९.९ | ७ | ६.९ | ३५०.० | -२२.२ | ४५०.० | -३०.३ |
| जम्मा | | ३४ | ३३.६५ | ६१ | १०८.७ | ५६ | ५०.०९ | ७९.४ | -८.२ | २२३.२ | -५३.९ |
| ६ | बोनस शेयर | ९९ | ३३.६८ | १३५ | ४६.२१ | १४५ | ६१.७९ | ३६.४ | ७.४ | ३७.२ | ३३.७ |
| | जम्मा बोनस शेयर सहित | १३३ | ६७.३३ | १९६ | १५५ | २०१ | १११.८८ | ४७.४ | २.६ | १३०.१ | -२७.८ |

### चार्ट २.४ : धितोपत्रको प्राथमिक निष्काशन (रकमको आधारमा)




विगत तीन आर्थिक वर्षमा धितोपत्रको प्राथमिक बजारबाट पुँजी परिचालन गर्ने संगठित संस्थाको (संख्याका आधारमा) चार्ट २.५ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.५ : धितोपत्रको प्राथमिक निष्काशन (संख्याको आधारमा)**




## क) धितोपत्र दर्ता तथा विवरणपत्र स्वीकृति

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २७ को उपदफा (१) मा संगठित संस्थाले आफूले निष्काशन गर्ने धितोपत्र निष्काशन गर्नु अघि बोर्डमा दर्ता गराउनुपर्ने व्यवस्था भए अनुसार समीक्षा वर्षमा साधारण सेयरको प्राथमिक निष्काशन, हकप्रद निष्काशन, ऋणपत्र निष्काशन र सामूहिक लगानी योजना गरी कुल ५६ संगठित संस्थाले कुल रु. ६६ अर्ब ३५ करोड ६७ लाख २६ हजार १ सय ९४ बराबरको धितोपत्र बोर्डमा दर्ता गराएका छन् जस मध्ये उक्त संस्थाहरुले कुल रु. ५० अर्ब ९ करोड रकम बराबरको धितोपत्रको सार्वजनिक निष्काशन अनुमति प्रदान गरिएको छ ।

गत आ.व. मा कुल ६१ संगठित संस्थाले कुल रु. १ खर्ब ४२ अर्ब ८४ करोड ८२ लाख ६२ हजार ८२५ बराबरको धितोपत्र बोर्डमा दर्ता गराएका छन् जसमा उक्त संस्थाहरुले कुल रु. १ खर्ब ८ अर्ब ७४ करोड बराबरको धितोपत्रको सार्वजनिक निष्काशन अनुमति पाएका थिए ।

समीक्षा वर्षमा धितोपत्र दर्ता गराउने संगठित संस्थाको संख्यामा करिब ८.२ प्रतिशत र सार्वजनिक निष्काशन अनुमतिप्राप्त रकममा ५३.९ प्रतिशतले कमी आएको छ । सार्वजनिक निष्काशन अनुमति प्राप्त धितोपत्रमा साधारण सेयर निष्काशनको १४.३७ प्रतिशत, हकप्रद निष्काशनको ९.५६ प्रतिशत, ऋणपत्रको अंश करिब ६२.२८ प्रतिशत र सामूहिक लगानी योजनाको १३.७७ प्रतिशत अंश रहेको छ । पछिल्लो समय पुँजी परिचालनको लागि ऋणपत्र निष्काशनको मात्रा अधिक रहन थालेको छ ।

विगतका दश आर्थिक वर्षहरुको धितोपत्र दर्ता, सार्वजनिक निष्काशन र बोनस सेयर दर्ता सम्बन्धी विवरण चार्ट २.६ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.६ : धितोपत्र दर्ता, सार्वजनिक निष्काशन अनुमति तथा बोनस सेयर दर्ता**



## ख) सार्वजनिक निष्काशन

समीक्षा वर्षमा साधारण सेयरको प्राथमिक निष्काशनमार्फत् रु.७ अर्ब २० करोड, हकप्रद सेयर निष्काशनमार्फत् रु.४ अर्ब ७९ करोड, ऋणपत्र निष्काशनतर्फ रु.३१ अर्ब २० करोड र म्युचुअल फण्डतर्फ रु.६ अर्ब ९० करोड गरी कुल रु. ५० अर्ब ९ करोड बराबरको पुँजी परिचालन भएको छ जुन गत वर्षको तुलनामा ५३.९ प्रतिशतले कम रहेको छ । गत आ.व. मा साधारण सेयरको प्राथमिक निष्काशनमार्फत् रु.१५ अर्ब १९ करोड, हकप्रद सेयर निष्काशनमार्फत् रु. १४ अर्ब ५ करोड, ऋणपत्र निष्काशनतर्फ रु. ६९ अर्ब ६० करोड र म्युचुअल फण्डतर्फ रु. ९ अर्ब ९० करोड गरी कुल रु. १०८ अर्ब ७४ करोड रुपैयाँ बराबरको पुँजी परिचालन अनुमति प्रदान गरिएको थियो ।

विगत १० वर्षको सावर्जनिक निष्काशन अनुमति सम्बन्धी विवरण चार्ट २.७ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.७ : सार्वजनिक निष्काशन अनुमति (रकम रु. अर्बमा)**




## ग) प्राथमिक बजारमार्फत क्षेत्रगत पुँजी परिचालन

प्राथमिक बजारमार्फत भएको पुँजी परिचालनलाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा समीक्षा वर्षमा आठ लघुवित्त कम्पनी, १९ जलविद्युत, एक लगानी कम्पनी, र सात सामूहिक लगानी योजनालाई धितोपत्रको सार्वजनिक निष्काशन अनुमति प्रदान गरिएको छ ।

गत आ.व. मा सात बीमा कम्पनी, पाँच लघुवित्त कम्पनी, सात जलविद्युत, दुई लगानी कम्पनी, एक होटल तथा पर्यटन क्षेत्रको कम्पनी, र नौं सामूहिक लगानी योजनालाई धितोपत्रको सार्वजनिक निष्काशन अनुमति प्रदान गरिएको थियो । बोनस सेयरतर्फ बोर्डमा बोनस सेयर दर्ता गर्ने अग्रणी क्षेत्रको रुपमा बैंक, विकास बैंक र लघुवित्त समूह रहेका छन् । गत आ.व. पनि यिनै क्षेत्रको बाहुल्यता रहेको थियो । विगतमा वाणिज्य बैंकहरुले मात्र ऋणपत्र निष्काशन गरेकोमा हाल विकास बैंक तथा फाइनान्स कम्पनीहरुले समेत ऋणपत्र निष्काशन गर्न थालेका छन् ।

विगत तीन आर्थिक वर्षमा धितोपत्रको प्राथमिक बजारमा विभिन्न विधिमार्फत् भएको क्षेत्रगत पुँजी परिचालन तालिका २.७ मा प्रस्तुत गरिएको छ ।

## तालिका २.७ : प्राथमिक बजारमा क्षेत्रगत पुँजी परिचालन

| क्र.स. | विवरण | | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७७/७८ | | २०७८/७९ | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | प्राथमिक निष्काशन | | | | | | | | | | |
| | बीमा कम्पनी | २ | १.९० | ७ | ३.७४ | ० | ०.०० | – | – | -१००.० | -१००.० |
| | लघुवित्त कम्पनी | २ | ०.५५ | ५ | ०.३२ | ८ | ०.४२ | १५०.० | -४१.८ | ६०.० | ३१.३ |
| | जलविद्युत् | ४ | १.२१ | ७ | २.६९ | १९ | ६.७३ | ७५.० | १२२.३ | १७१.४ | १५०.२ |
| | म्युचुअल फण्ड | २ | १.८ | ९ | ९.९ | ७ | ६.९ | ३५०.० | ४५०.० | -२२.२ | -३०.३ |
| | उत्पादनमूलक कम्पनी | ० | ० | ० | ० | ० | ० | – | – | – | – |
| | लगानी कम्पनी | १ | ०.३३ | २ | ८.२५ | १ | ०.०६ | – | – | -५०.० | -९९.३ |
| | होटल तथा पर्यटन | ० | ० | १ | ०.१८ | ० | ० | – | – | – | – |
| २ | हकप्रद निष्काशन | | | | | | | | | | |
| | लगानी कम्पनी | ० | ० | २ | १२.३७ | ० | ० | – | – | – | – |
| | विकास बैंक | ० | ० | १ | ०.०६ | ३ | ०.६७ | – | – | – | – |
| | वित्त कम्पनी | १ | ०.२८ | २ | ०.५४ | २ | ०.६२ | १००.० | ९२.९ | ०.० | १४.८ |
| | लघुवित्त कम्पनी | ३ | ०.४८ | ० | ० | ० | ० | -१००.० | -१००.० | ०.० | ०.० |
| | जलविद्युत् | १ | ०.५७ | ३ | १.०९ | ४ | २.५१ | – | – | ३३.३ | १३०.३ |
| | बीमा कम्पनी | ६ | ३.०९ | ० | ० | २ | ०.९९ | -१००.० | -१००.० | ०.० | ०.० |
| ३ | ऋणपत्र | | | | | | | | | | |
| | बैंक | १० | २३ | १८ | ६४.६ | ९ | ३०.२ | ८०.० | १८०.९ | -५०.० | -५३.३ |
| | विकास बैंक | ० | ० | ४ | ४.५ | १ | १ | – | – | – | – |
| | वित्त कम्पनी | २ | ०.४५ | १ | ०.५ | ० | ० | – | – | -१००.० | -१००.० |
| | जम्मा | ३४ | ३३.६६ | ६२.०० | १०८.७४ | ५६.०० | ५०.१० | ८२.४ | २२३.१ | -९.७ | -५३.९ |
| ४ | बोनस सेयर | | | | | | | | | | |
| | बैंक | २३ | २२.२ | २७ | ३१.५४ | २५ | ३४.२४ | १७.४ | ४२.१ | -७.४ | ८.६ |
| | विकास बैंक | १४ | ३.३२ | १७ | ४.७५ | १० | ७.०२ | २१.४ | ४३.१ | -४१.२ | ४७.८ |
| | वित्त कम्पनी | ८ | ०.४८ | ८ | ०.६६ | १२ | १.२८ | ०.० | ३७.५ | ५०.० | ९३.९ |
| | लघुवित्त कम्पनी | ३१ | २.०५ | ४७ | ३.०७ | ५१ | ५.०२ | ५१.६ | ४९.८ | ८.५ | ६३.५ |
| | बीमा | १२ | ३.४५ | १८ | ३.९२ | २६ | ७.३९ | ५०.० | १३.६ | ४४.४ | ८८.५ |
| | जलविद्युत् | ६ | १.५७ | १४ | १.६२ | १३ | २.७ | १३३.३ | ३.२ | -७.१ | ६६.७ |
| | होटल | २ | ०.१६ | ० | ० | ० | ० | -१००.० | -१००.० | ०.० | ०.० |
| | उत्पादनमूलक कम्पनी | १ | ०.२ | १ | ०.२९ | २ | ०.६६ | – | – | १००.० | १२७.६ |
| | व्यापार | २ | ० | १ | ०.०४ | १ | ०.०२३ | -५०.० | ०.० | ०.० | ०.० |
| | अन्य | ० | ० | ० | ० | २ | ०.३१ | ०.० | ०.० | ०.० | ०.० |
| | लगानी कम्पनी | १ | ०.२४ | २ | ०.३३ | ३ | ३.१५ | १००.० | ३७.५ | – | ८५४.५ |
| | बोनस सेयर दर्ता | ९९ | ३३.६७ | १३५ | ४६.२२ | १४५.०० | ६१.७९ | ३६.४ | ३७.३ | ७.४ | ३३.७ |
| | जम्मा (बोनस सेयर सहित) | १३३ | ६७.३३ | १९७ | १५४.९६ | २०१ | १११.८९३ | ४८.१ | १३०.२ | २.० | -२७.८ |

## घ) साधारण सेयर निष्काशन

बोर्डबाट समीक्षा वर्षमा कुल २८ कम्पनीलाई रु. ७ अर्ब २० करोड रकम बराबरको साधारण सेयर निष्काशन अनुमति प्रदान गरिएको छ। गत आ.व. मा कुल २२ कम्पनीलाई रु. १५ अर्ब १९ करोड रकम बराबरको साधारण सेयर निष्काशन

अनुमति प्रदान गरिएको थियो । समीक्षा वर्षमा साधारण सेयर निष्काशन गर्ने संगठित संस्थाको संख्यामा २७ प्रतिशतले वृद्धि आएको छ । यद्यपि साधारण सेयरको प्राथमिक निष्काशनमार्फत् हुने पुँजी परिचालनमा भने ५२.६ प्रतिशतको कमी आएको छ । विगत तीन वर्षमा साधारण सेयरको निष्काशनतर्फ जलविद्युत् क्षेत्रको बाहुल्यता रहेको छ ।

आ.व. २०७८।७९ मा भएको साधारण सेयर दर्ता तथा विवरणपत्र स्वीकृति सम्बन्धी विवरण अनुसूची-१ मा प्रस्तुत गरिएको छ । साथै विगत १० वर्षको साधारण सेयर निष्काशन अनुमति चार्ट २.८ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.८: साधारण सेयर निष्काशन अनुमति रकम** (रु. **अर्बमा**)




## ङ) हकप्रद सेयर दर्ता तथा निष्काशन

सूचीकृत संगठित संस्थाले सामान्यतया आफ्नो व्यवसाय विस्तार गर्न तथा सम्बन्धित नियमन निकायले तोके बमोजिमको चुक्ता पुँजी पुऱ्याउन हकप्रद सेयर जारी गर्ने कार्य समीक्षा वर्षमा मिश्रित देखिएको छ । यस आ.व. मा हकप्रद निष्काशन गर्ने कम्पनीको संख्यामा वृद्धि भएतापनि निष्काशन रकममा भने कमी आएको छ । समीक्षा वर्षमा बोर्डबाट ११ सूचीकृत कम्पनीहरुलाई कुल रु. ४ अर्ब ७९ करोड बराबरको हकप्रद सेयर निष्काशन अनुमति प्रदान गरिएको छ । गत आ.व. मा बोर्डबाट सात सूचीकृत संगठित संस्थाहरुको कुल रु. १४ अर्ब ५ करोड बराबरको हकप्रद सेयर निष्काशन अनुमति प्रदान गरिएको थियो । हकप्रद निष्काशनतर्फ हाल सम्मकै ठुलो निष्काशन अनुमति आ.व. २०७३।७४ को मा रु.४५ अर्ब ६४ करोड बराबरको हकप्रद सेयरको निष्काशन अनुमति प्रदान गरिएको थियो । समीक्षा वर्षमा जलविद्युत क्षेत्रका कम्पनीहरुले कुल हकप्रद निष्काशन रकमको करिब ५२ प्रतिशत हिस्सा रहेको छ । ।

आ.व. २०७८।७९ मा भएको हकप्रद सेयरको दर्ता तथा निष्काशन अनुसूची-२ मा प्रस्तुत गरिएको छ । विगत १० वर्षको हकप्रद सेयर निष्काशन अनुमति सम्बन्धी विवरण चार्ट २.९ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.९: हकप्रद सेयर निष्काशन अनुमति**



## च) ऋणपत्र दर्ता तथा निष्काशन

सूचीकृत कम्पनीले दीर्घकालीन ऋण पुँजी संकलन गर्नका लागि सर्वसाधारणलाई ऋणपत्र निष्काशन गर्ने क्रममा समीक्षा वर्षमा कमी आएको छ । समीक्षा वर्षमा ९ वाणिज्य बैंक, र एक विकास बैंक गरी कुल १० कम्पनीको कुल रु. ३१ अर्ब २० करोड बराबरको ऋणपत्र निष्काशनका लागि अनुमति प्रदान गरिएको छ । गत आ.व. मा १८ वाणिज्य बैंक, ४ विकास बैंक तथा १ वित्त कम्पनी गरी कुल २३ कम्पनीको कुल रु. ६९ अर्ब ६० करोड बराबरको ऋणपत्र निष्काशनका लागि अनुमति प्रदान गरिएको थियो, जुन हालसम्म कै उच्च हो ।

समीक्षा वर्षमा ऋणपत्र निष्काशनको अवस्थालाई अनुसूची-३ तथा विगतका वर्षहरुमा ऋणपत्र निष्काशनको अवस्थालाई चार्ट २.१० मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.१० : ऋणपत्र निष्काशन अनुमति**




## छ) बोनस सेयर दर्ता तथा निष्काशन

सूचीकृत संगठित संस्थाले आफ्नो व्यवसाय विस्तार गर्न, चुक्ता पुँजी वृद्धि गर्न तथा सेयरधनीलाई प्रतिफल वितरण गर्ने उद्देश्यले वितरण गरिने बोनस सेयर दर्ता गर्ने कम्पनीको संख्या तथा रकम दुवैमा बृद्धि आएको छ । समीक्षा वर्षमा कुल १४५ सूचीकृत संगठित संस्थाको रु. ६१ अर्ब ७९ करोड मूल्य बराबरको बोनस सेयर बोर्डमा दर्ता गरिएको छ । गत आ.व. मा कुल १३५ सूचीकृत संगठित संस्थाको रु.४६ अर्ब २१ करोड मूल्य बराबरको बोनस सेयर बोर्डमा दर्ता गरिएको थियो ।

समीक्षा वर्षमा २५ वाणिज्य बैंकले रु. ३४ अर्व २४ करोड, १० विकास बैंकले रु.७ अर्व २ करोड, १२ वित्त कम्पनीले रु. १ अर्ब २८ करोड, ५१ लघुवित्त कम्पनीले रु. ५ अर्ब २ करोड, २६ बीमा कम्पनीले रु. ७ अर्ब ३९ करोड, १३ जलविद्युत कम्पनीले रु. २ अर्ब ७ करोड, दुई उत्पादनमुलक कम्पनीको रु. ३१ करोड, एक व्यापार कम्पनीको रु. २ करोड र तीन लगानी कम्पनीले रु.३ अर्ब १५ करोड बराबरको बोनस सेयर बोर्डमा दर्ता गराएका छन् ।

गत आ.व. मा २७ वाणिज्य बैंकले रु. ३१ अर्व ५४ करोड, १७ विकास बैंकले रु. ४ अर्व ७५ करोड, आठ वित्त कम्पनीले रु.६६ करोड, १८ बीमा कम्पनीले रु.३ अर्ब ९२ करोड, १४ जलविद्युत कम्पनीले रु.१ अर्ब ६२ करोड, ४७ लघुवित्त कम्पनीले रु.३ अर्ब ७ करोड, एक उत्पादनमुलक कम्पनीको २९ करोड र दुई लगानी कम्पनीले रु.३३ करोड बराबरको बोनस सेयर बोर्डमा दर्ता गराएका थिए ।

आ.व. २०७८।७९ मा भएको बोनस सेयरको दर्ता सम्बन्धी विवरण अनुसूची-४ मा प्रस्तुत गरिएको छ । विगतका वर्षहरुमा बोनस सेयर दर्ताको अवस्था चार्ट २.११ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.११: बोनस सेयर दर्ता तथा निष्काशन**




## ज) सामूहिक लगानी योजना दर्ता तथा निष्काशन

समीक्षा वर्षमा सामूहिक लगानी योजना दर्ताको संख्या तथा रकममा कमी आएको छ । समीक्षा वर्षमा रु. ६ अर्ब ९० करोड रकम बराबरको सात सामूहिक लगानी योजना बोर्डमा दर्ता भएका छन् । जसमा दुई खुलामुखी र पाँच बन्दमुखी योजनाहरु रहेका छन् । गत आ.व. मा रु.९ अर्ब ९० करोड बराबरको नौं सामूहिक लगानी योजना बोर्डमा दर्ता भएको थियो ।

आ.व. २०७८।७९ मा भएको सामूहिक लगानी योजना दर्ता तथा निष्काशन अनुमति सम्बन्धी विवरण अनुसूचि-५ र चार्ट २.१२ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.१२ सामूहिक लगानी योजना दर्ता तथा निष्काशन अनुमति**



## २.२.३ धितोपत्रको दोस्रो बजार

समीक्षा वर्षमा धितोपत्र दोस्रो बजारका थोरै परिसूचकहरुमा वृद्धि देखिएतापनि अधिकांश परिसूचकहरुमा गिरावट आएको अवस्था छ । खासगरी कारोबार रकम, बजार पुँजीकरण तथा नेप्से सूचकांकमा कमी आएको छ भने सूचीकृत कम्पनीको संख्या, सूचीकृत धितोपत्रको संख्या तथा बजारको तरलतामा भने बृद्धि देखिएको छ । समीक्षा वर्षको शुरुवातमा नेप्से सूचकांक हालसम्मकै उच्च बिन्दुमा पुगेको थियो, भने कारोबार रकम तथा बजार पुँजीकरणमा उल्लेखनीय वृद्धि भएको थियो । तर आ.व. को अन्त्यसम्म आईपुग्दा अधिकांश सूचकांकहरुमा गिरावट देखिएको छ । विगत तीन आर्थिक वर्षको धितोपत्र बजारको तुलना गर्दा भने बजार सकारात्मक दिशामा नै रहेको थियो ।

विगत तीन आर्थिक वर्षको धितोपत्रको दोस्रो बजार तालिका-२.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.८ : धितोपत्रको दोस्रो बजार (वार्षिक तथ्यांकमा आधारित)**

| क्र.स. | विवरण | इकाई | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशन | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ |
| १ | सूचीकृत कम्पनी | संख्या | २१२ | २१९ | २३४ | ३.३० | ६.८५ |
| २ | सूचीकृत धितोपत्रको संख्या | संख्या करोडमा | ४८२.७६ | ५८२.६० | ६७७.१२ | २०.६८ | १६.२२ |
| ३ | सूचीकृत धितोपत्रको चुक्ता पुँजी | रकम रु. अर्बमा | ४७३.३९ | ५७३.२४ | ६६७.७५ | २१.०९ | १६.४९ |
| ४ | धितोपत्रको वार्षिक कारोबार | रकम रु. अर्बमा | १५०.०३ | १४५४.४४ | १२०२.१ | ८६९.४३ | -१७.३५ |
| ५ | कारोवार दिन | दिन | १८२ | २४६ | २३९ | ३५.१६ | -२.८५ |
| ६ | औसत दैनिक कारोवार रकम | रकम रु. करोडमा | ८२.४४ | ५९१.२४ | ५०२.९७ | ६१७.१८ | -१४.९३ |
| ७ | कारोवार भएको कुल सेयर संख्या | करोडमा | ४२.८५ | ३४०.४५ | २४९.२ | ६९४.५२ | -२६.८० |
| ८ | कारोवार संख्या | संख्यामा | १,८४८,७७३ | १५,४१७,६६८ | १४,७१२,४८३ | ७३३.९४ | -४.५७ |
| ९ | सूचीकृत धितोपत्रको बजार पुँजीकरण | रु.(अर्व) | १७९२.७६ | ४०१०.९६ | २८६९.३४ | १२३.७३ | -२८.४६ |
| १० | फ्लोट बजार पुँजीकरण | रु. (अर्व) | ६३८.०९ | १४०९.३८ | १०३१.३१ | १२०.८७ | -२६.८३ |
| ११ | बजार पुँजीकरणमा कारोबार | प्रतिशत | ८.३७ | ३६.२६ | ४१.८९ | ३३३.३० | १५.५३ |
| १२ | फ्लोट बजार पुँजीकरणमा कारोबार | प्रतिशत | २३.५१ | १०३.२० | ११६.५६ | ३३८.९१ | १२.९५ |
| १३ | नेप्से सूचकांक | विन्दुमा | १३६२.३५ | २८८३.४१ | २००९.४७ | १११.६५ | -३०.३१ |
| १४ | नेप्से फ्लोट सूचकांक | विन्दुमा | ९५.४७ | २००.३४ | १३९.३७ | १०९.८५ | -३०.४३ |

स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि

## २.२.३.१ धितोपत्रको दोस्रो बजारका परिसूचकहरु

समीक्षा वर्षमा धितोपत्रको दोस्रो बजारको अवस्था तथा प्रवृत्तिको देहाय बमोजिम समीक्षा गरिएको छ ।

### क) धितोपत्रको कारोबार

आ.व. २०७७।७८ को तुलनामा समीक्षा वर्षमा धितोपत्रको कारोबार रकममा कमी आएको छ । समीक्षा वर्षमा रु.१२ खर्ब २ अर्ब १० करोड १४ लाख रुपैयाँ बराबरको धितोपत्र कारोबार भएको छ, जुन गत आ.व. को धितोपत्र कारोबार रकम रु.१४ खर्ब ५४ अर्ब ४४ करोड ४२ लाखको तुलनामा करिब १७ प्रतिशतले कमी हो । यस्तै समीक्षा वर्षमा २३९ दिन कारोबार भएबाट दैनिक औसत कारोबार रु.५ अर्ब २ करोड कायम भएको छ, जुन गत वर्षको रु.५ अर्ब ९१ करोडको तुलनामा करिब १५ प्रतिशतले कमी हो ।

नेप्सेमा सूचीकृत क्षेत्रगत रुपमा रहेका कम्पनीहरुको समूहगत कारोबारतर्फ हेर्दा समीक्षा वर्ष सबै क्षेत्रमा कारोबार रकमको प्रवृति मिश्रित देखिएको छ । यस वर्ष जलविद्युत क्षेत्र, विकास बैंक, वित्त कम्पनी तथा लगानी समूहका कम्पनीको धितोपत्र कारोबारमा वृद्धि देखिएको छ भने अन्य क्षेत्रको कारोबारमा कमी देखिएको छ । सबैभन्दा उच्च वृद्धि वित्त

कम्पनी समूहमा रहेको छ भने उच्च गिरावट बीमा तथा अन्य क्षेत्रका कम्पनीहरुमा देखिएको छ। कुल कारोबार रकममा सबैभन्दा उच्च हिस्सा जलविद्युत क्षेत्रको रहेको छ भने वाणिज्य बैंक र विकास बैंक बाहेक अन्य क्षेत्रको हिस्सा १० प्रतिशत तल रहेको देखिन्छ।

विगत तीन आर्थिक वर्षमा दोस्रो बजारमा भएको धितोपत्र कारोबार सम्बन्धी विवरण तालिका २.९ मा प्रस्तुत गरिएको छ।

### तालिका २.९ : धितोपत्रको दोस्रो बजारमा क्षेत्रगत कारोबारको स्थिति (रकम रु. दश लाखमा)

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ |
| १ | वाणिज्य बैंक | ५४,५१७.६३ | ३७८,०१२.१३ | २०७,४२०.९७ | ५९३.४ | -४५.१३ |
| २ | विकास बैंक | ६,७०६.३३ | ८५,९८१.५९ | १२७,०३५.९६ | १,१८२.१ | ४७.७५ |
| ३ | वित्त कम्पनी | १,९८१.१९ | ५५,८४०.६४ | १०१,३३६.०० | २,७१८.५ | ८१.४७ |
| ४ | लघुवित्त | २३,७५६.०९ | १६५,७४३.४१ | ११३,६४५.९१ | ५९७.७ | -३१.४३ |
| ५ | जीवन बीमा | १८,१३७.१० | १२६,११५.७२ | ६५,४२०.३० | ५९५.३ | -४८.१३ |
| ६ | निर्जीवन बीमा | १४,५४३.०४ | १६३,०४६.७२ | ६४,१८४.१२ | १,०२१.१ | -६०.६३ |
| ७ | जलविद्युत | ७,०१५.१९ | २२२,०६६.०६ | ३५८,६७२.१६ | ३,०६५.५ | ६१.५२ |
| ८ | उत्पादन तथा प्रशोधन | ९९२५.०३ | ५०२२०.४७ | ४३४१९.४४ | ४०६.० | -१३.५४ |
| ९ | व्यापार | ७८२.०७ | ६२३४.६८ | ३७६४.६८ | ६९७.२ | -३९.६२ |
| १० | होटल तथा पर्यटन | १,३५१.६६ | ११,८३०.३८ | ७,५०२.०२ | ७७५.२ | -३६.५९ |
| ११ | अन्य | ५,२६६.६८ | ११२,४०८.५४ | ३४,४४४.१२ | २,०३४.३ | -६९.३६ |
| १२ | म्युचुयल फण्ड | २६८.७५ | ८४५८.५५ | ७२५७.८६ | ३,०४७.४ | -१४.१९ |
| १३ | अग्राधिकार सेयर | २.०३ | २२.७४ | ४.४९ | १,०२०.२ | -८०.२६ |
| १४ | संस्थापक सेयर | ५,६२२.३४ | १६,३४७.४१ | ११,२५८.२९ | १९०.८ | -३१.१३ |
| १५ | ऋणपत्र | १६३.९४ | ४३७.१७ | ४२१.०४ | १६६.७ | -३.६९ |
| १६ | अड लट तथा म्यानुयल कारोबार | १,०९६.३९ | ३,१४२.७० | २,३०१.४७ | १८६.६ | -२६.७७ |
| जम्मा | | १५०,०३९.४५ | १,४५४,४४४.२४ | १,२०२,१०१.४० | ८६९.४ | -१७.३५ |
| स्रोतः नेपाल स्टक एक्सचेन्ज लि.। | | | | | | |

विगत १० वर्षमा धितोपत्रको दोस्रो बजारमा भएको धितोपत्रको कारोबार प्रवृति चार्ट २.१३ मा प्रस्तुत गरिएको छ।

**चार्ट २.१३: धितोपत्रको वार्षिक कारोबार रकम**



## ख) धितोपत्रको बजार पुँजीकरण

समीक्षा वर्षमा धितोपत्रको बजार पुँजीकरणमा कमी आएको छ । गत आ.व. को रु.४० खर्ब १० अर्ब ९५ करोड तुलनामा करिब २८ प्रतिशतले कमी आई उक्त बजार पुँजीकरण रु. २८ खर्ब ६९ अर्ब ३४ करोड कायम भएको छ । त्यस्तै सर्वसाधारणलाई जारी गरिएको धितोपत्रको आधारमा गणना गरिने फ्लोट बजार पुँजीकरण समेत समीक्षा वर्षमा करिब २७ प्रतिशतले कमी आई रु. १० खर्ब ३१ अर्ब कायम भएको छ, जुन गत आ.व. को अन्त्यमा रु. १४ खर्ब ९ अर्ब रहेको थियो । बजार पुँजीकरणमा कमी आएतापनि पछिल्लो समय बजारको तरलतामा सुधार हुँदै गएको छ ।

बजार पुँजीकरणमा कुल कारोबार रकमको अनुपात अघिल्लो वर्षको तुलनामा करिब १५ प्रतिशतले वृद्धि भई उक्त अनुपात करिब ४२ प्रतिशत पुगेको छ जुन गत वर्ष ३६ प्रतिशत रहेको थियो । यस्तै फ्लोट बजार पुँजीकरणमा कुल कारोवारको अनुपातमा समीक्षा वर्षमा करिब १३ प्रतिशतले बृद्धि आई ११६ प्रतिशत कायम भएको छ । उक्त अनुपात गत आर्थिक वर्षमा १०३ प्रतिशत रहेको थियो ।

**चार्ट २.१४: कुल बजार पुँजीकरण र फ्लोट बजार पुँजीकरण**




विगत १० वर्षको कुल बजार पुँजीकरण र फ्लोट बजार पुँजीकरणको प्रवृत्ति चार्ट २.१४ मा प्रस्तुत गरिएको छ ।

कुल बजार पुँजीकरणमा सवैभन्दा बढी हिस्सा (करिब ३७ प्रतिशत) वाणिज्य बैंकको रहेको छ, जुन गत वर्ष करिब ४८ प्रतिशत रहेको थियो । यस्तै सबैभन्दा कम हिस्सा (१ प्रतिशतभन्दा कम ) व्यापार समूह रहेको छ । विगतमा बजार पुँजीकरणमा करिब ८० प्रतिशत हिस्सा राख्ने वित्तीय क्षेत्रको हिस्सा क्रमशः घट्दै गएको देखिन्छ । समीक्षा वर्षमा यो हिस्सा ६७ प्रतिशतमात्र रहेको छ । पछिल्लो समय बजार पुँजीकरणमा जलविद्युत क्षेत्रको हिस्सा बढ्न थालेको छ । यस्तै लगानी तथा अन्य समुहको हिस्सा पाँच प्रतिशतभन्दा माथि रहन थालेको छ । यसबाट धितोपत्र बजारमा वित्तीय क्षेत्रको केन्द्रीकरणमा क्रमशः कमी आउँदै गई क्षेत्रगत विविधता बढ्न थालेको देखिन्छ । आ.व. २०७८।७९ मा क्षेत्रगत बजार पुँजीकरणको अवस्थालाई चार्ट २.१५ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.१५: बजार पुँजीकरण र बजार पुँजीकरणमा क्षेत्रगत प्रतिशत**



## ग) नेप्से सूचकांक तथा नेप्से फ्लोट सूचकांक

आ.व. २०७८।७९ मा नेप्से सूचकांकमा गिरावट आएको छ । गत वर्षको अन्त्यमा २८८३.४१ बिन्दुमा रहेको नेप्से सूचकांक करिब ३० प्रतिशतले खुम्चिएर २००९.४७ विन्दमा अडेको छ । समीक्षा वर्षको भाद्र २ मा नेप्से सूचकांक सबैभन्दा उच्च ३१९९.०३ विन्दु पुगेको थियो, जुन हालसम्मकै उच्च बिन्दु हो । नेप्से सुचकांक उच्च बिन्दुमा पुगेको दृष्टिकोणबाट विश्लेषण गर्दा आ.व. २०७८।७९ ऐतिहासिक वर्षको रुपमा रहेको छ ।

त्यसैगरी नेप्से फ्लोट सूचकांकको अवस्थालाई नियाल्दा समीक्षा वर्षमा उक्त सूचकांकमा करिब १०९ प्रतिशतले वृद्धि भई २००.३४ बिन्दुमा पुगेको छ । उक्त सुचकांक गत वर्षको अन्त्यमा ९५.४७ बिन्दुमा रहेको थियो । गत वर्षको तुलनामा नेप्से तथा नेप्से फ्लोट सुचकांकमा कमी देखिएतापनि विगत पाँच वर्षको प्रवृति हेर्दा उक्त सुचकांक क्रमिक रुपमा वृद्धि हुँदै गएको देखिन्छ ।

नेप्से सूचकांक र नेप्से फ्लोट सूचकांकको विगत १० वर्षको वार्षिक प्रवृत्ति चार्ट २.१६ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.१६: नेप्से सूचकांक र नेप्से फ्लोट सूचकांक (विन्दु)**




## घ) सूचीकृत संगठित संस्था

नेपाल स्टक एक्सचेञ्जले सूचीकृत कम्पनीलाई क्षेत्रगत रुपमा प्रतिनिधित्व हुनेगरी विभिन्न १२ वटा क्षेत्र निर्धारण गरी कम्पनीको सूचीकरण गर्ने गरेको छ । समीक्षा वर्षमा विभिन्न क्षेत्रमा सूचीकृत हुने संगठित संस्थाको संख्यामा करिब ६ प्रतिशतले वृद्धि आई उक्त संख्या २३४ पुगेको छ । गत वर्षको अन्त्यमा सूचीकृत कम्पनीको संख्या २१९ रहेको थियो ।

समीक्षा वर्षमा नेप्सेमा सूचीकृत कुल २३४ कम्पनीहरुमध्ये २६ वाणिज्य बैंक, १७ विकास बैंक, ४९ लघुवित्त कम्पनी, २३ वित्त कम्पनी, १० जीवन बीमा कम्पनी, १८ गैर जीवन बीमा कम्पनी, १९ उत्पादन तथा प्रशोधन कम्पनी, पाँच होटल तथा पर्यटन, चार व्यापार कम्पनी, ४० जलविद्युत, पाँच लगानी समूह र तीन अन्य समूहका कम्पनीहरु रहेका छन् ।

सूचीकृत कम्पनीहरुको क्षेत्रगत विवरण तालिका २.१० तथा चार्ट २.१७ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.१० : सूचीकृत संगठित संस्थाको क्षेत्रगत अवस्था**

| क्र. सं. | क्षेत्र | सूचीकृत संगठित संस्थाको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वाणिज्य बैंक | २६ | ११.११ |
| २ | विकास बैंक | १६ | ६.८४ |
| ३ | वित्त कम्पनी | २० | ८.५५ |
| ४ | लघुवित्त कम्पनी | ५४ | २३.०८ |
| ५ | जीवन बीमा कम्पनी | १२ | ५.१३ |

| | | | |
|---|---|---|---|
| ६ | निर्जीवन बीमा कम्पनी | १८ | ७.६९ |
| ७ | उत्पादन तथा प्रशोधन कम्पनी | १९ | ८.१२ |
| ८ | होटल तथा पर्यटन | ५ | २.१४ |
| ९ | व्यापार कम्पनी | ४ | १.७१ |
| १० | जलविद्युत कम्पनी | ५१ | २१.७९ |
| ११ | लगानी समूह | ६ | २.५६ |
| १२ | अन्य कम्पनी | ३ | १.२८ |
| जम्मा | | २३४ | १०० |

**चार्ट २.१० सूचीकृत संगठित संस्थाको संख्या**




समीक्षा वर्षमा सूचीकृत धितोपत्रको चुक्ता मूल्य १६.४९ प्रतिशतले बृद्धि भई रु. ६ खर्ब ६७ अर्ब ७५ करोड पुगेको छ, उक्त मूल्य गत आ.व. मा रु.५ खर्ब ७३ अर्ब २३ करोड पुगेको थियो ।

## ङ) नेपाल स्टक एक्सचेञ्ज लि. बाट सम्पादन गरिएका मुख्य कार्यहरु

नेपाल स्टक एक्सचेञ्ज लि.(नेप्से) ले आर्थिक वर्ष २०७८/७९ मा नियमित दैनिक कार्य सम्पादनका अतिरिक्त विकासात्मक गतिविधि, नियम कानुन तर्जुमा, अन्तर्क्रिया, छलफल कार्यक्रमहरुको सञ्चालन र सम्बद्ध निकायहरुबाट हुने सोही प्रकृतिका गतिविधिमा सहभागिता जनाएको छ । दोस्रो बजार कारोबारको स्थायित्व, संस्थागत विकास र लगानीकर्ताहरुको हित संरक्षण गर्नको लागि नेप्सेले विभिन्न किसिमको कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। आर्थिक वर्ष २०७८/७९ मा नेप्सेले सम्पादन गरेका कार्यहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- कर्मचारी आचारसंहिता नेप्से संचालक समितिबाट मिति २०७८/१०/०२ मा स्विकृत भई २०७८/१०/०३ बाट लागु भएको छ।
- हाल संचालनमा रहेको Data Center मा Water leakage Detection System, Rack Re–arrangements, Power and Network Cable management, Cable Manager, Alarm System, DCIM Controller, Temperature and Humidity Sensor, Smoke, Fire Detector, etc लगायतका व्यवस्थापन प्रणालीहरु जडान गरेको छ।
- ललितपुर महानगरपालिकासँगको सहकार्यमा लगानीकर्ता सचेतना कार्यक्रम सञ्चालन गरेको छ। यस्तै, नेपाल आर्थिक पत्रकार संघ र सिडिएस एन्ड क्लियरिङ लिमिटेडसँग सहकार्यमा पुँजी बजार रिपोर्टिङ सम्बन्धी प्रशिक्षण

कार्यक्रम सञ्चालन गरेको छ । ग्लोबल मनि विकको सन्दर्भमा नेपाल धितोपत्र बोर्डको नेतृत्वमा काठमाडौं, पोखरा, विराटनगर र बुटवलमा आयोजित विभिन्न कार्यक्रममा नेप्से सहभागी भएको छ । नेपाल टेलिभिजन मार्फत प्रत्येक महिना दोस्रो बजार सम्बन्धी कार्यक्रम प्रसारण हुने व्यवस्था गरेको छ भने सामाजिक सञ्जालमार्फत चेतनामूलक सामग्री प्रसारणका लागि भिडियो क्लिपहरु निर्माणको कार्य सम्पन्न भई प्रसारण गरेको छ ।

- इन्टरनेसनल फाइनान्सियल कर्पोरेसन, सिडिएस एन्ड क्लियरिङ लिमिटेड, काठमाडौं कलेज अफ म्यानेजमेन्टसँगको सहकार्यमो रिङ द बेल फर जेन्डर इक्वालिटी कार्यक्रम सञ्चालन गरेको छ ।
- सुपरिवेक्षण प्रणाली Upgrade गर्ने कार्य प्रक्रियामा रहेको छ ।
- नेप्से अनलाइन कारोबार प्रणालीमा सूचीकृत कम्पनीहरुको सूचना Upload गर्नका लागि Login Test गरी विभिन्न कम्पनीका कम्पनी सचिवहरुसंग वेभबाट अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको ।

## २.२.४ ऋणपत्र बजार

नेपालमा ऋणपत्रको निष्काशन सरकारी क्षेत्र र संस्थागत क्षेत्र गरी दुई क्षेत्रबाट हुने गरेको देखिन्छ । नेपालमा आ.व. २०५४।५५ देखि संस्थागत ऋणपत्र निष्काशनको सुरुवात भएको थियो । हाल नेपाल सरकारबाट निष्काशन गरिने सरकारी ऋणपत्रमध्ये विकास ऋणपत्रको मात्र नेप्सेमा सूचीकरण हुने गरेको छ ।

आ.व. २०७८।७९ मा सरकारी ऋणपत्र तर्फ ९ वटा रु.१०४ अर्ब ५० करोड रकम बराबरको ऋणपत्र नेप्सेमा सूचीकरण भएको छ भने कारोबार तर्फ रु.१ अर्ब ५५ करोड रकम बराबरको कारोबार भएको छ । संस्थागत ऋणपत्र तर्फ आ.व. २०७८।७९ मा २२ कम्पनको रु.५३ अर्ब २१ करोड रकम बराबरको ऋणपत्र नेप्सेमा सूचीकरण गरेका छन् । त्यसैगरी कारोबार तर्फ समीक्षा वर्षमा रु.४२ करोड १० लाख बराबरको संस्थागत ऋणपत्रको कारोबार भएको छ ।

आ.व. २०७७।७८ को अन्त्यसम्म रु.३९ खर्ब ४० अर्ब रकम बराबरको ३५ वटा सरकारी ऋणपत्र सूचीकृत रहेका थिए भने संस्थागत ऋणपत्र तर्फ रु.३१ अर्ब ३३ करोड रकम बराबरको ३७ ऋणपत्र नेप्सेमा सूचीकृत रहेका थिए । आ.व. २०७६।७७ को अन्त्यसम्म रु.२ खर्ब १७ अर्ब १४ करोड रकम बराबरको १९ वटा सरकारी ऋणपत्र र संस्थागत ऋणपत्र तर्फ रु.५३ अर्ब ४५ करोड रकम बराबरको ४३ ऋणपत्र नेप्सेमा सूचीकृत रहेका थिए । वाणिज्य बैंकहरुले ऋणपत्र निष्काशन मार्फत दीर्घकालीन ऋण पुँजी संकलन गर्ने गरेकोमा नेपाल राष्ट्र बैंकले विकास बैंक तथा वित्तीय संस्थाहरुले समेत ऋणपत्र निष्काशन गर्न सक्ने व्यवस्था गरे पश्चात हाल विकास बैंक तथा वित्तीय संस्थाहरुले समेत ऋणपत्र निष्काशन अनुमति लिई रहेका छन् ।

ऋणपत्र अनुमति तर्फ समीक्षा वर्षमा नौ वाणिज्य बैक र एक विकास बैंक गरी कुल १० संस्थाले रु.३१ अर्ब २० करोड रकम बराबरको ऋणपत्र निष्काशन अनुमति प्राप्त गरेका छन् । गत आ.व. मा १८ वाणिज्य बैक, चार विकास बैंक र १ वित्त कम्पनी गरी कुल २३ संस्थाले रु.६९ अर्ब ६० करोड रकम बराबरको ऋणपत्र निष्काशन अनुमति प्राप्त गरेका थिए । प्राथमिक बजारमा निष्काशन भएको ऋणपत्रको सूचीकरण तथा कारोबार नेपाल स्टक एक्सचेञ्ज लि.मा हुँदै आएको छ ।

## २.२.५ ओटिसी बजार

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११७ ले दिएको अधिकार प्रयोग गरी धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ को नियम २३ को प्रयोजनका लागि बोर्डको स्वीकृति लिई नेप्सेले ओटिसी बजार संचालन विनियमावली, २०६५ मिति २०६५।०२।२२ देखि लागू गरेको थियो । तत्पश्चात् नेपाल बैंक लि. लगायत अन्य एक दुई कम्पनीको कारोवार भएतापनि लामो समयदेखि निष्कृय रहेको उक्त बजारमा आ.व. २०७५।७६ मा बोर्डले नेप्सेमा सूचीकृत नभएका पब्लिक कम्पनीहरुको धितोपत्रको खरिद विक्री ओटिसी बजारमा गर्न सकिने जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयमा दिए पश्चात् उक्त बजारले गति लिन थालेको हो ।

आ.व. २०७७।७८ को तुलनामा समीक्षा वर्षमा ओटिसी बजारमा हुने कारोबारमा सिमान्त दरमा कमी आएको छ। समीक्षा वर्षमा ४६ संस्थाको करिब १ करोड ७९ लाख कित्ता सेयर कारोबार भएको छ, जसमा रु. २ अर्ब १९ करोड बराबरको कारोबार भएको छ। गत आ.व. मा ओटिसी बजारमा ४६ संस्थाको करिब १ करोड १२ लाख कित्ता सेयर कारोबार भएको छ, जसमा रु. २ अर्ब ९३ करोड बराबरको कारोबार भएको छ। विगत पाँच आर्थिक वर्षमा ओटिसी बजारमा भएको कारोबारको स्थितिलाई तालिका २.१२ मा प्रस्तुत गरिएको छ।

**तालिका २.११ : ओटिसी बजार**

| आर्थिक वर्ष | कारोबार भएको संगठित संस्थाको संख्या | कारोबार धितोपत्रको संख्या करोडमा | कारोबार रकम रु. अर्बमा |
|---|---|---|---|
| २०७३/७४ | २५ | ०.२१ | ०.२४ |
| २०७४/७५ | ५४ | १.३० | १.३० |
| २०७५/७६ | ६१ | १.५२ | २.०१ |
| २०७६/७७ | २४ | ०.७२ | १.८९ |
| २०७७/७८ | ४६ | १.१२ | २.९३ |
| २०७८/७९ | – | १.७९ | २.१९ |
| **जम्मा** | २१० | ६.६६ | १०.५६ |

स्रोतः नेपाल स्टक एक्सचेन्ज लि.

## २.२.६ धितोपत्रको केन्द्रीय निक्षेप सेवा

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम नेपालमा धितोपत्रको केन्द्रीय निक्षेप सेवा प्रदान गर्ने उद्देश्यले स्थापित सिडिएस एण्ड क्लियरिङ्ग लि.(सिडिएससी) ले बोर्डबाट अनुमतिपत्र प्राप्त गरी वि.स. २०६८ साल देखि कार्य गर्दै आई रहेको छ। धितोपत्र बजारमा थप आधुनिकरण, व्यवस्थित, पारदर्शी गर्न सिडिएससीले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। सिडिएससीले धितोपत्रको अभौतिकीकरण तथा कारोबारको राफसाफ तथा फछ्र्यौट कार्यलाई समयसापेक्ष थप व्यवस्थित गर्दै आएको छ। कारोबारको राफसाफ तथा फछ्र्यौट चक्रलाई T+3 बाट छोट्याई T+2 मा सम्पन्न गर्ने व्यवस्था मिलाएको छ। त्यसैगरी "मेरो सेयर" अनलाईन सेवाबाट लगानीकर्ताले बिक्री गरेका सेयर सम्बन्धित राफसाफ सदस्यको खातामा विद्युतीय निर्देशन पूर्जी जारी गरी सेयर हस्तान्तरण गर्न सकिने भएकोले कारोबारको राफसाफ तथा फछ्र्यौट कार्यमा सहजता आएको छ। राफसाफ तथा फछ्र्यौट प्रणालीमा सहजता भएसंगै धितोपत्र कारोबारमा बृद्धि भई पूँजीगत लाभकर साथै आयकर समेत बढेकोले सरकारको राजश्व संकलनमा समेत योगदान पुगेको छ। प्राथमिक निष्कासन, हकप्रद सेयर तथा थप सेयर निष्कासन गर्ने कम्पनीको आवेदन लिने प्रणालीलाई सि-आस्वा (Centralized Application Supported by Blocked Amount–CASBA) प्रणाली सुधार गरी कार्यान्वयनमा ल्याएको हुँदा लगानीकर्ताले मेरो सेयर मार्फत् सेयर निष्काशनको आवेदन दिन सक्ने साथै निष्काशनकर्ताले छोटो समयमै सेयर बाँडफाँट गर्न सकेको छ। यसले बजारमा थप उत्साहजनक र विश्वासनीय बनाएको छ।

आ.व.२०७८/७९ मा यस लि. मा जम्मा २३ वटा कम्पनीहरु धितोपत्र अभौतिकीकरणका लागि दर्ता भएकोमा आर्थिक वर्षको अन्त्यसम्म सो को संख्या २२२ रहेको छ। त्यसैगरी आठ वटा सामुहिक लगानी कोष र २२ वटा संस्थागत ऋणपत्र समेत दर्ता भएको छ। आ.व. २०७८/७९ मा जम्मा पाँच वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरिएको छ। आ.व. २०७८/७९ को अन्त्यसम्म निक्षेप सदस्यको संख्या कूल ८३ वटा पुगेको छ। आ.व. २०७८/७९ मा कूल १५ लाख ५७ हजार हितग्राही डिम्याट् खाता खोलिएका छन्। आ. व. २०७८/७९ को अन्त्यसम्म हितग्राही खाताको संख्या ५३ लाख ४६ हजार पुगेको छ। गत आर्थिक वर्षको तुलनामा हितग्राही खाताको संख्या ४१ प्रतिशतले बृद्धि भएको छ। गत

आ.व.मा डिम्याट खाताको संख्या ३७ लाख ८९ हजार रहेको थियो । आ.व. २०७८/७९ मा १६६.९२ करोड कित्ता धितोपत्र अभौतिकीकरण गरिएको छ । आ. व. २०७८/७९ को अन्त्यसम्म अभौतिकीकरण गरिएका धितोपत्रको संख्या ८६८.५० करोड कित्ता पुगेको छ । गत आर्थिक वर्षको तुलनामा अभौतिकीकरण भएको धितोपत्रको संख्या २३.७९ प्रतिशतले बृद्धि भएको छ ।

आ.व. २०७८/७९ मा "मेरो सेयर" प्रयोगकर्ताको संख्या १५ लाख ४० हजार थप भएको छ । आ.व. २०७८/७९ को अन्त्यसम्म सो संख्या ४३ लाख ९५ हजार पुगेको छ । गत आ.व. को तुलनामा आ.व. २०७८/७९ मेरो सेयर प्रयोगकर्ताको संख्या ५३.९४ प्रतिशतले बृद्धि भएको छ । धितोपत्र अभौतिकीकरणको अवस्थालाई तालिका २.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.१२ धितोपत्र अभौतिकीकरणको अवस्था**

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १ | निक्षेप सदस्यको संख्या | ६८ | ७२ | ७६ | ७८ | ८३ |
| २ | दर्ता कम्पनीको संख्या | २४३ | २७४ | ३०६ | २०७ | २२२ |
| ३ | हितग्राही डिम्याट खाताको संख्या | १२९५३५२ | १५,७०,३४६ | १७५२७४८ | ३७८९००० | ५३४६००० |
| ४ | अभौतिकृत धितोपत्रको संख्या | ३,८७८,७८९,९४७ | ४,४९३,८८२,१२१ | ५,८०६,०४०,३२७ | ७,०१५,८००,००० | ८,६८५,०००,००० |

स्रोतः सिडिएस एण्ड क्लियरिङ्ग लि.

## २.२.७ सिडिएससीबाट सम्पादन गरिएका प्रमुख कार्यहरु

समीक्षा वर्षमा धितोपत्रको केन्द्रीय निक्षेप सेवा प्रदान गर्न बोर्डमा अनुमतिपत्र प्राप्त सिडिएससी बाट सम्पादन गरिएका कार्यहरु देहाय अनुरुप रहेका छन्:

- **धितोपत्र केन्द्रीय निक्षेप सफ्टवेयरमा स्तरोन्नति** : सिडिएससिले धितोपत्र केन्द्रीय निक्षेपका लागि प्रयोग गर्दै आएको Central Depository Accounting System (CDAS) सफ्टवेयरको Backend स्तरोन्नती गर्न सफ्टवेयर प्रदायक कम्पनी TATA Consultancy Services Pvt. Ltd. (TCS) संग सम्झौता भई विकासको चरणमा रहेको छ । सम्झौतामा उल्लेख भएबमोजिम पहिलो चरणमा Database Upgradation and Database Server Segregation सम्बन्धी कार्यान्वयनमा ल्याई दोस्रो चरणको Disaster Recovery सम्बन्धी कार्य भइरहेको छ ।

- **Application Programming Interface को कार्यान्वयन**: सदस्य दलाललाई कारोबारको जोखिम व्यवस्थापनलाई आवश्यक पर्ने तथ्यांक र राफसाफ सम्बन्धी तथ्यांक उपलब्ध गराउन BO holding, Transaction History, Settlement Related Data, Master Data, Client Validation लगायतका १७ वटा API विकास गरी सो को परीक्षण कार्य समेत सम्पन्न गरिसकेको छ ।

- **केन्द्रीकृत विद्युतीय ग्राहक पहिचान विवरण (केवाइसी) सफ्टवेयरको कार्यान्यवन गर्ने** : सिडिएससिले पूँजी बजारमा आवद्ध नयाँ लगानीकर्ता तथा हितग्राही खाता खोलिसकेका लगानीकर्ताको समेत केन्द्रिकृत रुपमा केवाइसि दर्ता गर्ने प्रयोजनका लागि विकास गरिएको केवाइसी सफ्टवेयरका विभिन्न Module हरु विकास गरी परीक्षणका लागि UAT Server मा Deploy गरी सो सफ्टवेयरको परीक्षण भइसकेको छ ।

- **Oracle 19C Version मा स्तरोन्नति गर्ने** : ORACLE 19C License को लाइसेन्स खरिद गरी Central Depository Accounting System र Clearing and Settlement System को डाटावेशलाई 11g

बाट 19c मा Data Migrate गरी कार्यान्वयनमा ल्याइसकेको छ। Oracle को ADG Technology खरिद पश्चात् सो प्रयोगमा ल्याई कार्यालय रहेको स्थान नजिकै Disaster Recovery स्थापना गरी कार्यान्वयनमा ल्याइसकेको छ।

- **सि-आस्बा/मेरो शेयरको स्तरोन्नती गर्ने** : सफ्टवेयर निर्मातासँग छलफल गरी सफ्टवेयरमा रहेका विभिन्न मोड्युलहरु मध्ये बढी चाप पर्ने मोड्युलहरुलाई प्राथमिकता राखी Microservice Architecture मा स्तरोन्नती गर्ने कार्य क्रमिक रुपमा गर्न सकिने देखिएकोले प्रथम चरणमा डाटावेश Connectivity र मेरो शेयरको रिजल्टको मोड्युललाई स्तरोन्नति गरिएको छ।
- **मोबाईल एप**: बजारको मागलाई मध्यनजर गर्दै साथै लगानीकर्ताहरुलाई थप सुविधा प्रदान गर्ने हेतुले सिडिएससिले अनलाइन सुविधा "मेरो शेयर" को मोबाइल एपको विकास गर्ने क्रममा पहिलो चरणमा एन्रोईड मोबाइलमा बेटा भर्जनमा मिति २०७७।०५।३१ गतेदेखि परीक्षण गरी संचालनमा ल्याइएकोमा IOS अपरेटिङ्ग सिस्टमका लागि समेत एप तयार गरी परीक्षणको अन्तिम चरणमा रहेको छ।
- **जनचेतना मूलक कार्यक्रम** : जनचेतनामूलक कार्यक्रम अन्तर्गत सिडिएससिले नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि. लगायत विभिन्न निकायहरुको सहकार्यमा Global Money Week अन्तर्गतको कार्यक्रममा काठमाडौं, पोखरा, बुटवल, विराटनगर र धनगढीमा लगानीकर्ताहरुलाई सिडिएससि बारे जानकारी गराइएको छ। त्यसैगरी भारित औषत लागत अन्तर्गत अल्पकालिन दिर्घकालिन सम्बन्धी सफ्टवेयरमा गरिएको परिमार्जन सम्बन्धी राफसाफ सदस्यलाई तालिम प्रदान गरिएको छ।

## २.३ क्रेडिट रेटिङ्ग सेवा

बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमतिपत्र प्राप्त गरी हाल तीन वटा कम्पनीहरु सञ्चालनमा रहेका छन्। क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम कम्तिमा तीन करोड रुपैयाँ भन्दा बढी मूल्यको सेयरको सार्वजनिक तथा हकप्रद सेयर निष्काशन, ऋणपत्र निष्काशन, अग्राधिकार सेयर निष्काशन, थप निष्काशनहरुको क्रेडिट रेटिङ्ग गर्नुपर्ने व्यवस्था रहेकोमा नेपाल राष्ट्र बैकबाट बैक तथा वित्तीय संस्थाहरुले रु.पचास करोड वा सो भन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह गर्दा वा नवीकरण गर्दा सो संस्थाको क्रेडिट रेटिङ्ग एजेन्सीबाट गरिएको रेटिङ्गलाई कर्जा मूल्याङ्कनको आधारको रुपमा लिनुपर्ने व्यवस्था समेत गरिएको छ।

समीक्षा वर्षमा ईक्रा नेपाल लि. ले २८ धितोपत्र निष्काशनकर्ता कम्पनीको रेटिङ्ग, र १०२ ऋणी संस्थाको गरी १३० वटा रेटिङ्ग गरेको छ। यस्तै केयर रेटिङ्ग नेपाल लि. ले ११ ऋणपत्र, ६६ धितोपत्र निष्काशनकर्ता, दुई कोष व्यवस्थापनको गुणस्तर र १८२ ऋणी संस्थाको रेटिङ्ग गरी कूल २६१ वटा रेटिङ्ग गरेको छ। बोर्डले रेटिगं व्यवसायलाई थप प्रतिषर्धी तथा व्यावसायिक बनाउनका लागि समीक्षा वर्षमा एक कम्पनीलाई क्रेडिट रेटिगं व्यवासयका लागि अनुमति प्रदान गरेको छ।

## २.४ धितोपत्र व्यापारी

धितोपत्र बजारमा संस्थागत लगानीकर्ता भित्र्याउने बोर्डको पहल अनुसार समीक्षा वर्षमा नागरिक स्टक डिलरलाई धितोपत्र व्यापारीको कार्य गर्न अनुमति प्रदान गरिएको छ। २०७६ माघ २९ मा स्थापित उक्त कम्पनीमा नागरिक लगानी कोष, नेपाल पूर्नबीमा कम्पनी र नेपाल दुरसञ्चार कम्पनी लि.को स्वामित्व रहेको छ। आ.व. २०७७।७८ बाट कारोबार शुरु गरेको यस नागरिक स्टक डिलरले कारोबारको आकार बढाउँदै लगेको देखिन्छ। आ.व. २०७७।७८ को तुलनामा समीक्षा वर्षमा यस कम्पनीले रु. ४ अर्ब १२ करोड बराबरको कारोबार गरेको छ, जुन गत वर्षको तुलनामा करिब ३३ प्रतिशतले बढी हो। यस्तै समीक्षा वर्षमा यस कम्पनीले १७ हजार ६ सय ९१ पटक कारोबार गरेको छ। गत वर्ष यस कम्पनीले १६ हजार ६ सय ३१ पटक मात्र कारोबार गरेको थियो।

## २.५ विशिष्टीकृत लगानी कोष

बोर्डले प्राइभेट इक्विटी, भेञ्चर फण्ड र हेज फण्ड जस्ता विशिष्ट प्रकृतिका संस्थाहरुलाई धितोपत्र बजारमा प्रवेश गराई स्वदेशी तथा विदेशी पुँजी परिचालन गर्ने कार्यको नियमन गर्न मिति २०७५ फागुन २२ गते देखि विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ लागू गरिएको थियो । धितोपत्र बजारमा यस्ता कोषहरुको सञ्चालनबाट विशेष योग्यता तथा अनुभव भएका तर पर्याप्त पुँजी नभएका उद्यमी तथा नवप्रवर्तकहरुका लागि सहजरुपमा स्वदेशी तथा विदेशी पुँजीको व्यवस्था तथा लगानीकर्ताहरुका लागि लगानीको विकल्प उपलब्ध भई देशको आर्थिक गतिविधिहरुमा गतिशीलता आउने देखिन्छ । सोही क्रममा भेन्चर क्यापिटल तथा प्राईभेट इक्विटी फण्ड परिचालन गर्न कोष व्यवस्थापकको अनुमतिपत्रका लागि बोर्डमा विभिन्न १२ कम्पनीको निवेदन प्राप्त भएकोमा सम्पूर्ण कागजात तथा विवरण पेश गरेका सात वटा कम्पनीहरूलाई भेञ्चर क्यापिटल तथा प्राईभेट इक्विटीको कार्य गर्ने अनुमति दिन सहमति प्रदान गरिएको छ भने अन्यको आवेदनको प्रक्रिया पनि अगाढि बढाइएको छ ।

## २.६ वस्तु विनिमय बजार

वस्तु विनिमय बजारको विकास तथा सञ्चालन, लगानीकर्ताको हक हित संरक्षण, वस्तु खरिद बिक्री सम्बन्धी करारको कारोवार तथा फछ्र्यौट र वेयर हाउस सञ्चालन सम्बन्धी व्यवसायलाई नियमन गर्ने अधिकार बोर्डको हुने गरी २०७४ भदौ ११ गते देखि वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ लागू भएको छ । ऐनमा भएको व्यवस्था कार्यान्वयनका लागि वस्तु विनिमय बजार सम्बान्धी नियमावली, २०७४ लागू गरे पश्चात् देशमा वस्तु विनिमय बजार नियमनका लागि आवश्यक कानुनी पूर्वाधार तयार भएको छ । यसबाट बोर्डको नियमन क्षेत्राधिकार समेत बढ्न गएको छ । बोर्डले हालै प्रचलित कानुन बमोजिम वस्तु विनिमय बजार संचालन गर्ने कम्पनी स्थापना गर्न बोर्डबाट पूर्व स्वीकृति, अनुमतिपत्र तथा संचालन स्वीकृति प्रदान गर्ने प्रकृयालाई व्यवस्थित, पारदर्शी एवं विश्वसनीय बनाउन वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ को दफा ६३ को खण्ड(ख) बमोजिम वस्तु विनिमय बजार संचालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रकृयागत व्यवस्था सम्बन्धी निर्देशिका, २०७८ लागू गरि उक्त निर्देशिकाको व्यवस्था बमोजिम अनुमति प्रदान गर्ने कार्य अगाडि बढेको छ ।

## २.७ बोर्डको कार्यसम्पादन तथा वार्षिक उपलब्धी

धितोपत्र बजार तथा वस्तु विनिमय बजारको नियमन निकायको रुपमा बोर्डले पछिल्ला वर्षहरुमा नियमन तथा सुपरिवेक्षणको कार्य थप प्रभावकारी रुपमा गर्दै आएको छ भने अर्कोतर्फ बोर्डले बजार विकास तथा सुधारको क्रममा पनि विभिन्न कोणबाट सुधारका प्रयासहरु गरिरहेको छ । यसरी धितोपत्रको प्राथमिक र दोस्रो बजारमा संरचनात्मक सुधार हुदै गएको देखिन्छ । बोर्डको आ.व. २०७८।७९ को नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा तल विस्तृतरुपमा प्रस्तुत गरिएको छ ।

- **कारोबार व्यवस्थापन प्रणाली (टिएमएस) सम्बन्धी व्यवस्थाः** धितोपत्र दलाल व्यवसायी अर्थात कारोबार सदस्यले धितोपत्रको कारोबार सञ्चालन गर्न नेप्सेको कारोबार प्रणालीसँग आबद्ध हुने गरी कारोबार व्यवस्थापन प्रणाली (टिएमएस) स्थापना गर्न सक्ने गरी धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को तेस्रो संशोधन गरी मिति २०७९ वैशाख १६ देखि लागू गरेको छ। सो व्यवस्था अर्न्तगत धितोपत्र दलाल व्यवसायीको Dedicated TMS प्रणाली बनाउने प्रक्रिया सम्बन्धमा नेप्सेले आवश्यक कार्य अगाडि बढाइरहेको छ ।

- **बिक्री आदेशतर्फ AON हटाउन निर्देशनः** धितोपत्र बजारमा अस्वभाविक माग तथा आपूर्ति सिर्जना गरी धितोपत्रको मूल्यमा चलखेल हुन सक्ने भनी लगानीकर्ताबाट बोर्ड समक्ष गुनासो प्राप्त भए पश्चात् यसअघि खरिद आदेशतर्फ AON हटाइएकोमा बिक्री आदेशतर्फ समेत अस्वभाविक आपूर्ति प्रविष्ट गरी मूल्यमा चलखेल हुन सक्ने भएकोले खरिद तथा बिक्री आदेश दुवैतर्फ एउटै व्यवस्था हुनुपर्ने लगानीकर्ताको सुझाव बमोजिम धितोपत्रको मूल्यमा हुन सक्ने अस्वाभाविक उतारचढावलाई रोकथाम गर्न र लगानीकर्तालाई बजारको माग तथा

आपूर्तिको यथार्थ जानकारी दिने उद्देश्यले धितोपत्रको कारोवारमा खरिद तथा बिक्री दुवैमा AON सम्बन्धी व्यवस्था हटाउन नेप्सेलाई मिति २०७९ असार ७ मा निर्देशन दिई सो व्यवस्था लागू गराइसकिएको छ ।

- **फ्लोर सिट सम्बन्धमा**: त्यस्तै, कारोवार समयमा नै फ्लोर सिटमार्फत् कारोवारमा संलग्न धितोपत्र दलाल व्यवसायी तथा धितोपत्र व्यापारीको क्रम संख्या खुल्ने विवरण प्रवाह हुने गरेकोमा उक्त विवरण हटाउन सरोकारवाला पक्षबाट बोर्डमा सुझाव तथा गुनासो प्राप्त भएकोले धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम २७ को उपनियम (४) को प्रतिकुल नहुने गरी उक्त विवरण कारोवार समयपश्चात् प्रवाह गर्ने व्यवस्था गर्न बोर्डले नेप्सेलाई निर्देशन दिई मिति २०७९ वैशाख ८ बाट सो व्यवस्था लागू गराइसकिएको छ ।

- **Screen Exhibition Room सुचारु**: विश्वव्यापी महामारीको रुप लिएको कोभिड १९ को जोखिमलाई मध्यनजर गर्दै धितोपत्र दलाल व्यवसायीको कार्यालयमा भिडभाड नहोस् भन्ने अभिप्रायले स्क्रिन एग्जिविशन कक्ष (Screen Exhibition Room) बन्द भइरहेकोमा हाल कोरोना भाइरसको संक्रमण दर न्यून भई नेपाल सरकारले कोरोना भाइरसको जोखिमको समयमा पूर्ण वा आंशिक रुपमा बन्द गरेका अधिकांश क्षेत्रमा प्रतिबन्धात्मक व्यवस्थालाई खुकुलो गरिसकेको । यसै सन्दर्भमा कोभिड १९ को न्यूनीकरणका लागि तोकिएको सुरक्षा व्यवस्थाहरुको पालना गर्ने/गराउने गरी धितोपत्र दलाल व्यवसायीहरुको Screen Exhibition Room सुचारु गर्न बोर्डले सम्पूर्ण धितोपत्र दलाल व्यवसायीहरुलाई निर्देशन दिई सो व्यवस्था लागू गराइसकिएको छ ।

- **Electronic Reporting and Retrieval System-ERRS को सुदृढीकरण**: विद्युतीय विवरण प्रवाह तथा प्राप्ति प्रणाली Electronic Reporting and Retrieval System-ERRS विकास गरिएकोमा Data Analytics Module को लागि प्राप्त TOR बमोजिमको आवश्यक System को खरीद सम्पन्न भई सो Module लागू गरिएको छ ।

- **धितोपत्र दलाल व्यवसायीलाई कारवाही**: बोर्डले धितोपत्र दलाल व्यवसायी मल्ल एण्ड मल्ल स्टक ब्रोकिङ्ग क. प्रा. लि लाई धितोपत्र कारोवार सञ्चालन विनियमावली, २०७५ को विनियम १० को उपविनियम (२) को खण्ड (ठ) विपरित कार्य गरेको अनुसन्धानमा देखिएकोले धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (६) बमोजिम रु ७५०००।- (पचहत्तर हजार) जरिवाना मिति २०७८ चैत ८ मा गरेको छ ।

- **बोर्डबाट अनुमति पत्र नलिई धितोपत्र व्यवसाय सञ्चालन गरेको सम्बन्धमा**: विराटनगरस्थित नासा ईन्भेष्टमेन्ट प्रा. लि. ले नेपाल धितोपत्र बोर्डबाट अनुमति पत्र नलिई डिम्याट खाता, मेरो शेयर, ब्रोकर खाता (TMS) को सहजीकरण गर्ने, शेयर बजारमा पोर्टफोलियो म्यानेजमेण्ट सम्बन्धी कार्यहरु गर्ने, धितोपत्रको दोस्रो बजारमा खरिद विक्री सम्बन्धी परामर्श दिने जस्ता धितोपत्र सम्बन्धी सेवाहरु लगानीकर्ताहरुलाई प्रदान गरिरहेको भन्ने जानकारी प्राप्त भएकोमा उक्त कम्पनीलाई उक्त कार्यहरु बन्द गरी बोर्डमा जानकारी गराउन पत्राचार गरिएको छ । साथै, प्रचलित धितोपत्र सम्बन्धी कानुन बमोजिम उपर्युक्त कार्यहरु नेपाल धितोपत्र बोर्डबाट अनुमति पत्र लिएर मात्र संचालन गर्न पाईने भएकोले बोर्डबाट अनुमति पत्र प्राप्त नगरी उल्लेखित कार्यहरु गरेमा उक्त कार्य गैरकानूनी हुने र धितोपत्र सम्बन्धी ऐन बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराइएको छ ।

- समीक्षा वर्षमा बोर्डले निम्न अनुसार अध्ययन सामग्री प्रकाशन गर्नुका साथै नियमित प्रकाशनलाई समेत निरन्तरता दिएको छः
  - नेपाल धितोपत्र बोर्ड समाचार, ३० औं बार्षिकोत्सव विशेषाङ्क, २०७९
  - बोर्डको वार्षिक प्रतिवेदन, आव २०७७।७८ (नेपालीमा)
  - Investor's Handbook on Securities Markets
  - SEBON Journal-IX

- **Global Money Week–2022 सम्पन्न:** बोर्डले सन् २०२२ मार्च २१ देखि २७ सम्म वित्तीय साक्षरता, धितोपत्र बजार शिक्षा तथा सचेतनासम्बन्धी देशभर विभिन्न कार्यक्रमहरू सञ्चालन गरी Global Money Week–2022 सम्पन्न गरेको छ । खासगरी किशोर तथा युवाहरुमा वित्तीय शिक्षाको महत्वका सम्बन्धमा जागरण ल्याउने उद्देश्यले आयोजना गरिएको उक्त सप्ताहमा बोर्डले विभिन्न कार्यक्रमहरूको समन्वय एवं व्यवस्थापन गरेको थियो । OECD/INFE ले वार्षिक रुपमा आयोजना गर्ने कार्यक्रमको रुपमा रहेको यो सप्ताह बोर्डको समन्वयमा धितोपत्र बजारमा रहेका नेप्से, सिडिएससि, मर्चेन्ट बैंकर, धितोपत्र दलाल व्यवसायी, रेटिगं एजेन्सीको सहभागिता रहेको थियो । उक्त सप्ताह धनगढी, विराटनगर, बुटवल, पोखरामा लगानीकर्ता प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिएको थियो भने धितोपत्र व्यवसायीहरुले विभिन्न स्थानमा प्रशिक्षण कार्यक्रम तथा क्विज कन्टेस्ट (Quiz Contest) हरु आयोजना गरेका थिए ।
- **लगानीकर्ता जनचेतना अभिवृद्धि तथा प्रशिक्षण कार्यक्रम निरन्तररुपमा संचालन:** बोर्डबाट गत आ.व. देखि शुरुवात गरिएको धितोपत्र बजारसम्बन्धी प्रशिक्षण तथा जनचेतना अभिबृद्धि कार्यक्रमलाई यस वर्ष निरन्तररुपमा संचालन गरिएको छ । केही कार्यक्रम जुम मार्फत पनि संचालन गरिएको छ ।
- **रेडियो कार्यक्रममार्फत सूचना तथा जानकारी प्रदान:** लगानीकर्ताहरुलाई धितोपत्र बजार नियमन तथा बजार गतिविधिहरुका सम्बन्धमा नियमितरुपमा जानकारी गराई बजारलाई सु-सूचित बनाउन रेडियो कार्यक्रम प्रशारण गर्दै आएको छ । उक्त कार्यक्रम रेडियो नेपालबाट प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७:४० देखि ७:५५ बजेसम्म प्रसारण हुने गरेको छ ।
- **आर्थिक वर्ष २०७९।८० को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रममा छलफल तथा प्रकाशन:** बोर्डले आर्थिक वर्ष २०७९।८० मा अबलम्बन गरिने धितोपत्र तथा वस्तु विनियम बजारसम्बन्धी नीति तथा कार्यक्रमलाई सार्वजनिक गरी बजार विकास तथा विस्तारप्रति बोर्डलाई जवाफदेही तथा पारदर्शी बनाउने उद्देश्यले समीक्षा वर्षमा धितोपत्र बजार सम्बद्ध पक्षहरुलाई संलग्न गराई धितोपत्र बजारसम्बन्धी प्रस्तावित नीति तथा कार्यक्रमका सम्बन्धमा अन्तरक्रिया गरी प्राप्त राय/सुझावहरुलाई समेत समावेश गरी धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रमको प्रकाशन गरेको छ ।
- **धितोपत्र बजार सम्बन्धी जानकारीमुलक प्रकाशन:** धितोपत्रमा लगानी गर्दा ध्यान दिनु पर्ने बिषयहरुका सम्बन्धमा लगानीकर्तालाई जानकारी दिनुका साथै ज्ञान अभिवृद्धि गर्ने उद्देश्यले लगानीकर्ताहरुले धितोपत्रमा लगानी गर्दा ध्यान दिनुपर्ने विषयहरु समेटी पर्चा, पम्पलेट प्रकाशन गरी वितरण गरेको छ । साथै, बोर्डको वेबसाइट, बिभिन्न राष्ट्रिय पत्रपत्रिका, टेलिभिजन लगायतका सञ्चार माध्यम मार्फत सचेतनामूलक सामाग्रीहरु प्रकाशन तथा प्रसारण गर्ने कार्यलाई समीक्षा वर्षमा पनि बोर्डले निरन्तरता दिएको छ ।

## २.८ धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रम

धितोपत्र बजारको विकास तथा विस्तारका लागि नेपाल सरकारले विगत तीन आर्थिक वर्ष तथा आगामी आ.व.का लागि तय गरेको नीति तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन् ।

**क) आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्यमा धितोपत्र बजारको विकास तथा विस्तारका लागि देहाय बमोजिमको कार्यक्रम समावेश गरिएको छ ।**

- पुँजी बजारको दायरा विस्तार गरी ऋणपत्रको दोस्रो बजार कारोबार शुरु गर्ने । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको दोस्रो बजार कारोबारलाई पूर्ण रूपमा विद्युतीय प्रविधिमा आधारित बनाउने । पुँजी बजारमा संस्थागत लगानी अभिवृद्धि गर्न आगामी आर्थिक वर्ष स्टक डिलर सञ्चालनमा ल्याउने । वस्तु विनिमय बजार सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था मिलाउने । धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग

लिमिटेडको संरचनात्मक सुधार गर्ने ।

**कार्यान्वयन स्थिति**: बोर्डबाट नेपाल सरकारले नीति तथा कार्यक्रम तथा बजेट वक्तव्यमा तय गरेको कार्यक्रमहरुलाई प्राथमिकतामा राखी आफ्नो नीति तथा कार्यक्रमसँगसँगै कार्यान्वयन गर्ने गरेको सन्दभमा आ.व. २०७७।७८ मा तय गरिएको कार्यक्रमको प्रगति विवरणलाई देहायनुसार प्रस्तुत गरिएको छः

- नेपाल स्टक एक्सचेञ्ज लि. को दोस्रो बजार कारोबार प्रणालीलाई ग्राहकको बैंक खाता तथा डिम्याट खातासँग आवद्धताका लागि धितोपत्र दलाल व्यवसायीको आफ्नै टिएमएस (TMS) को व्यवस्था गर्न पत्राचार गरिएको छ । सो सम्बन्धमा नेप्सेबाट नयाँ टिएमएसको स्वीकृति प्रदान गर्नका लागि धितोपत्र कारोबार संचालन विनियमावली, २०७५ मा संशोधन भएको छ ।
- बोर्डबाट मिति २०७७।१०।०९ मा नागरिक स्टक डिलर लि. लाई स्टक डिलर व्यवसाय संचालनका अनुमति प्रदान गरी उक्त लि.ले हाल थोक व्यापारीको रूपमा कारोबार गरिरहेको छ ।
- वस्तु विनिमय बजार सञ्चालनका लागि अनुमति प्रदान गर्न तयार गरिएको वस्तु विनिमय बजार संचालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रकृयागत व्यवस्था सम्बन्धी निर्देशिका, २०७८ यही मिति २०७८।०३।१५ बाट लागू हुने गरी स्वीकृत भएको छ ।
- धितोपत्र बोर्डको संचालक समितिको संरचनात्मक सुधारसहितको धितोपत्र सम्वन्धी ऐनको संशोधन प्रस्ताव संसदमा पेश भएको छ ।
- नेपाल स्टक एक्सचेञ्ज लि. लाइ मिति २०७७।०७।२८ मा पत्राचार गरी सेयर विनिवेश गर्दा विदेशी रणनीतिक साझेदार भित्र्याइ आवश्यक संरचनात्मक सुधार व्यवस्था मिलाउन निर्देशन दिइएको छ । साथै नेप्सेको सेयर पुर्नसंरचना सम्बन्धी अवधारणापत्र तयार गरी मिति २०७७ भाद्र ३० मा नेपाल सरकार, अर्थ मन्त्रालयमा पेश गरिएको छ ।
- भेन्चर क्यापिटल तथा प्राईभेट इक्विटी फण्ड परिचालन गर्न कोष व्यवस्थापकको अनुमतिपत्र प्रदान गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

**ख) आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यमा धितोपत्र बजारको विकास तथा विस्तारका लागि देहाय बमोजिमको कार्यक्रम समावेश गरिएको छ।**

- पुँजी बजारमा वित्तीय सुशासन कायम गरी सर्वसाधारण लगानीकर्ताको हित संरक्षण गरिनेछ। सरकारको मातहत रहेका संभाव्य सार्वजनिक संस्थानहरुलाई आवश्यकता अनुसार पूर्ण सरकारी स्वामित्वका कम्पनी मोडलमा रुपान्तरण गरी पुँजी बजारमा सूचीकृत गर्दै आत्मनिर्भर र लगानीको थप स्रोत जुटाउन सक्षम बनाउँदै लैजाने नीति लिइनेछ।

**कार्यान्वयन स्थिति**: बोर्डबाट नेपाल सरकारले नीति तथा कार्यक्रम तथा बजेट वक्तव्यमा तय गरेको कार्यक्रमहरुलाई प्राथमिकतामा राखी आफ्नो नीति तथा कार्यक्रमसँगसँगै कार्यान्वयन गर्ने गरेको सन्दर्भमा आ.व. २०७८।७९ मा तय गरिएको कार्यक्रमको प्रगति विवरणलाई देहायनुसार प्रस्तुत गरिएको छः

- बजारमा वित्तीय सुशासन कायम गर्दै लगानीकर्ताको हित संरक्षण कायम गर्नका लागि बोर्डले विभिन्न सुधारका विषयलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्दै आएको छ। बजारको प्रभावकारी सुपरिवेक्षण, सूचना सम्प्रेषणमा पारदर्शिता तथा प्रभावकारिता कायम गर्न बोर्डले विभिन्न समयमा धितोपत्र बजार लगायतका बजार सहभागी तथा सूचीकृत कम्पनीहरुलाई निर्देशन दिने गरेको छ। यस्तै, बोर्डले सर्वसाधारण लगानीकर्तामा पुँजी बजारसम्बन्धी साक्षरता अभिवृद्धि गर्न विभिन्न सचेतनामुलक सामग्रीहरुको प्रकाशन, प्रसारण तथा प्रशिक्षण कार्यक्रमहरु देशव्यापी रुपमा नियमित संचालन गर्दै आएको छ भने लगानीकर्ताको गुनासोको सम्बोधन तथा प्रभावकारी

व्यवस्थापन गर्दै आएको छ ।

- पुँजी बजारमा सार्वजनिक संस्थानलाई आकर्षित गर्दै आत्मनिर्भर र लगानीको वैकल्पिक स्रोतको रुपमा पुँजी बजारलाई प्रयोग गर्न सक्ने बनाउने क्रमले समीक्षा वर्षमा पनि निरन्तरता पाएको छ । समीक्षा वर्षमा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थानको आंशिक स्वामित्व भएको सेवा क्षेत्रको एक कम्पनीले सर्वसाधारणलाई साधारण सेयर विक्री गरी धितोपत्र बजारमा सूचिकृत भएको छ । हाल धितोपत्र बजारमा कृषि विकास बैंक लि., राष्ट्रिय बीमा संस्थान, राष्ट्रिय बीमा कम्पनी लि., नागरिक लगानी कोष, हाइड्रोइलेक्सिटी डेभलपमेन्ट कम्पनी लि., नेपाल दुरसञ्चार कम्पनी लि., विशाल बजार कम्पनी लि., नेपाल बैंक लि., लगायतका संस्थानहरु सूचीकृत कम्पनीको रुपमा रहेका छन् । यस्तै, नेपाल सरकारको स्वामित्वमा रहेको संस्थानको आंशिक स्वामित्व भएका साल्ट ट्रेडिङ्ग कर्पोरेसन, बुटवल पावर कम्पनी लिमिटेड, नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि., नेपाल पूर्नबीमा कम्पनी लि., साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. लगायतका कम्पनीहरु पनि सूचीकृत भएका छन् ।

**ग) आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्यमा धितोपत्र बजारको विकास तथा विस्तारका लागि देहाय बमोजिमको कार्यक्रम समावेश गरिएको छ ।**

- धितोपत्रको दोस्रो बजार तथा यससम्बन्धी संरचनालाई थप प्रतिष्पर्धी बनाउनेछ । पुँजी बजारको विस्तार र विविधिकरण गरी सम्भावित जोखिम न्यूनीकरण गरी आम लगानीकर्ताको हक हित संरक्षण गरिनेछ ।
- धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीहरूके लगानी खुला गर्न कानुनी व्यवस्था मिलाइनेछ । वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई धितोपत्रको प्राथमिक निष्काशनमा दश प्रतिशत सेयर आरक्षित गरिनेछ ।
- वस्तु विनिमय बजार र यसका पूर्वाधारहरु सञ्चालनमा ल्याउनेछ । संस्थागत तथा सरकारी ऋणपत्रहरुको दोस्रो बजार कारोबारलाई व्यवस्थित गरी ऋणपत्र बजारको विकास गरिनेछ । उद्यमशिलता तथा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न प्राइभेट इक्विटी तथा भेञ्चर क्यापिटललाई सञ्चालन अनुमति दिई सहजीकरण गरिनेछ ।
- एक अर्ब रुपैयाँ वा सो भन्दा बढीको पुँजी वा पाँच अर्ब रुपैयाँभन्दा बढीको कारोबार गर्ने कम्पनी, प्राकृतिक स्रोतहरुको उपयोग गर्ने कम्पनी तथा राज्यबाट अनुदान, सहुलियत वा कर छुट प्राप्त गर्ने पब्लिक लिमिटेड कम्पनीहरुलाई धितोपत्रको सार्वजनिक निष्काशन गरी सूचीकृत हुनुपर्ने जस्ता कार्यक्रमहरुको व्यवस्था गरिएको छ ।

# भाग-तीन

# बोर्डको प्रशासनिक तथा वित्तीय अवस्था

## ३.१ बोर्डको स्थापना

धितोपत्र बजारको नियमन तथा सुपरिवेक्षण सम्बन्धी कार्यलाई व्यवस्थित गर्नका लागि धितोपत्र कारोवार ऐन, २०४० लाई संशोधन गरी नियमन निकायको रुपमा नेपाल सरकारबाट वि.स. २०५० साल जेठ २५ गते नेपाल धितोपत्र बोर्ड (बोर्ड) को स्थापना भएको थियो । देशको आर्थिक विकासका लागि आवश्यक दीर्घकालीन पुँजीको व्यवस्था गर्न बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित वनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्ने उद्देश्यसहित धितोपत्र सम्वन्धी ऐन, २०६३ जारी गरिएको थियो । ततुपश्चात बोर्डले नियमन निकायको रुपमा समग्र धितोपत्र बजारको नियमन कार्य गर्दै आइरहेकोमा नेपाल सरकारबाट मिति २०७४ भाद्र ११ देखि वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ जारी भए पश्चात वस्तु विनिमय बजारको नियमन तथा सुपरिवेक्षण गर्ने जिम्मेवारी समेत बोर्डलाई प्राप्त भएको छ ।

## ३.२ बोर्डको काम, कर्तव्य र अधिकारहरु

धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम स्थापित बोर्डले स्थापना भएदेखि नै धितोपत्र बजारको विकास तथा सुधारका लागि कार्यहरु गर्दै आईरहेकोमा वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ जारी भए पश्चात वस्तु विनिमय बजारको नियमन तथा सुपरिवेक्षण जिम्मेवारी प्राप्त गर्नुका साथै सम्पत्ति शुद्धीकरण ऐन, २०६४ बमोजिम नियमन निकायको रुपमा धितोपत्र बजारमा हुन सक्ने सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी गतिविधिहरुलाई समेत नियमन गर्दै आईरहेको छ । उक्त ऐनहरु बमोजिम बोर्डका मुख्य काम, कर्तव्य र अधिकारहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ३.२.१ धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम बोर्डको मुख्य काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहेका छन्:

- धितोपत्र सार्वजनिक रुपमा निष्काशन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने ।
- धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिने विवरणपत्र स्वीकृत गर्ने ।
- धितोपत्र बजार संचालन गर्न चाहने संगठित संस्थालाई धितोपत्र बजार संचालन गर्न अनुमति दिने ।
- धितोपत्र बजार तथा धितोपत्र व्यवसायीका काम कारबाहीको नियमन गर्ने ।
- धितोपत्र व्यवसाय संचालन गर्न चाहने कम्पनी वा संस्थालाई धितोपत्र व्यवसाय संचालन गर्न अनुमतिपत्र दिने ।
- सामूहिक लगानी कोष संचालन गर्न स्वीकृति दिने ।

- धितोपत्र सम्बन्धी आवश्यक नियम, विनियम तथा निर्देशिकाहरु बनाउने ।
- धितोपत्र विनिमय बजार, धितोपत्र व्यवसायी, धितोपत्र कारोबार तथा समग्र धितोपत्र बजारको सुपरिवेक्षण गर्ने ।
- नियमन व्यवस्थाको पालना नगर्ने संस्थाहरुलाई ऐन, नियम अनुसार कारवाही अगाडि बढाउने ।
- धितोपत्र बजार सम्बन्धमा अध्ययन, अनुसन्धान गरी आवश्यक निर्देशन दिने तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- धितोपत्र बजारसँग सम्बन्धित विषयमा नीति तथा कार्यक्रम तर्जुमा गर्न नेपाल सरकारलाई आवश्यक परामर्श दिने ।
- धितोपत्र तथा धितोपत्र बजार विकासका सम्बन्धमा आवश्यक अन्य कार्यहरु गर्ने गराउने ।

### ३.२.२ वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिम बोर्डका देहाय बमोजिम मुख्य काम, कर्तव्य र अधिकारहरु रहेका छन्:

- वस्तु विनिमय बजार तथा वस्तु कारोबारको विकाससँग सम्बन्धित विषयमा नेपाल सरकारलाई राय/सुझाव दिने ।
- वस्तु विनिमय बजारको विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तथा नीति स्वीकृत गर्ने ।
- वस्तु विनिमय बजार सञ्चालन सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने ।
- वस्तु विनिमय बजारमा कारोबार गर्न सकिने वस्तु तथा वस्तु करारको दर्ता गर्ने ।
- कुनै वस्तु सूचीकरण गराउन वा सूचीकरणबाट हटाउन वा कुनै कारोबार रोक्का गर्न सम्बन्धित वस्तु विनिमय बजारलाई निर्देशन दिने ।
- वस्तु विनिमय बजारको विद्युतीय कारोबार प्रणालीमा कुनै समस्या देखिएमा वा सुधार गर्नुपर्ने देखिएमा त्यस्तो सुधार नगरेसम्मका लागि कारोबार स्थगन गर्न आदेश दिने ।
- बोर्डमा दर्ता भएको वस्तु तथा वस्तु करारको खरिद, बिक्री, हस्तान्तरणलाई नियमित तथा व्यवस्थित गर्ने ।
- अनुमतिपत्र प्राप्त संस्था तथा कारोबारमा संलग्न पक्षको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने तथा अनुमतिपत्र प्राप्त संस्थाको विनियम स्वीकृत गर्ने ।
- लगानीकर्ताको हित संरक्षण गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई विनियममा आवश्यक व्यवस्था गर्न निर्देशन दिने ।
- वस्तु वा वस्तु करार सम्बन्धी विषयमा सुपरिवेक्षण तथा नियमन गर्ने अन्य नियमन निकायसँग समन्वय गर्ने तथा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

### ३.२.३ सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन (दोस्रो संशोधनसमेत), २०६४ बमोजिम नियमन निकायको रुपमा बोर्डको मुख्य काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहेका छन्:

- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा उक्त ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशनको पालना गर्ने वा गराउने ।
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा उक्त ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशन वा आदेशको व्यवस्था पालना भए नभएको सम्बन्धमा नियमनका लागि सूचक संस्थाको रुपमा बोर्डबाट अनुमतिपत्र प्राप्त व्यवसायीलाई तोकिएको र त्यस्तो सूचक संस्थाको आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा गैरस्थलगत सुपरिवेक्षण वा अनुगमन गर्ने ।

- सूचक संस्थाले गर्ने कुनै व्यवसाय वा पेशा दर्ता गर्दा वा व्यवसायको लागि अनुमतिपत्र वा इजाजतपत्र दिँदा पेशा वा व्यवसाय सञ्चालन गर्ने व्यक्तिले ऐन बमोजिमको काम कारबाही तथा दायित्व पूरा गर्नु पर्ने शर्त तोक्ने ।
- सूचक संस्थाको व्यवसायगत सुपरिवेक्षण (प्रुडेन्सियल सुपरभिजन) सम्बन्धी आधारभूत मान्यतामा अन्तरनिहित सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्थाको परिपालना गराउने ।
- सूचक संस्थाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशन बमोजिमको दायित्व परिपालना गराउन सूचक संस्थामा रहेको जुनसुकै प्रकारको सूचना, जानकारी तथा कागजात उपलब्ध गराउन आदेश दिने तथा कसूरको अनुसन्धान सम्बन्धी कार्यमा आवश्यक सहयोग पुऱ्याउने लगायतका अधिकार रहेका छन ।

## ३.३ सञ्चालक बोर्ड

बोर्डमा सरकारी निकायका साथै निजी क्षेत्रका निकायहरुको प्रतिनिधित्व रहने गरी ७ सदस्यीय संचालक बोर्ड हुने व्यवस्था रहेको छ । बोर्डमा नेपाल सरकारद्वारा नियुक्त कार्यकारी अध्यक्षका साथै नेपाल सरकार, अर्थ मन्त्रालयका सह-सचिव, नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सह-सचिव, नेपाल राष्ट्र बैंकका प्रतिनिधि (कार्यकारी निर्देशक), नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि (उपाध्यक्ष) र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका प्रतिनिधि (उपाध्यक्ष) तथा नेपाल सरकारबाट मनोनित हुने पुँजी बजार क्षेत्रका विज्ञ सदस्य रहने व्यवस्था रहेको छ । समीक्षा वर्षमा बोर्डको बैठक ४३ पटक बसी धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास तथा सुधार सँग सम्बन्धित विषयमा निर्णय गरेको थियो । गत आ.व. मा सञ्चालक बोर्डको बैठक ४८ पटक बसेको थियो । आ.व. २०७८।७९ मा बोर्डको सञ्चालक बोर्डमा रहनुभएका सदस्यहरुको परिवर्तन र यस सम्बन्धी विवरण तालिका ३.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१ : आ.व. २०७८।७९ मा बोर्डको सञ्चालक बोर्डका सदस्यहरु**

| क्र.स. | नाम | संस्था | देखि | सम्म |
|---|---|---|---|---|
| १. | श्री रमेश कुमार हमाल-अध्यक्ष | नेपाल सरकारबाट मनोनित | २०७८।११।०५ | हालसम्म |
| | श्री भिष्मराज ढुंगाना-अध्यक्ष | नेपाल सरकारबाट मनोनित | २०७६।०९।२४ | २०७८।०६।१९ |
| २. | श्री रितेश कुमार शाक्य-सदस्य | नेपाल सरकार, नेपाल सरकार अर्थ मन्त्रालय | २०७९।०२।२६ | हालसम्म |
| | श्री बाबुराम सुवेदी-सदस्य | नेपाल सरकार, नेपाल सरकार अर्थ मन्त्रालय | २०७८।११।०३ | २०७९।०२।२६ |
| | श्री शोभाकान्त पौडेल-सदस्य | नेपाल सरकार, नेपाल सरकार अर्थ मन्त्रालय | २०७८।०५।२० | २०७८।११।०३ |
| | श्री रामेश्वर दंगाल-सदस्य | नेपाल सरकार, नेपाल सरकार अर्थ मन्त्रालय | २०७८।०३।१७ | २०७८।०५।२० |
| ३ | श्री मान बहादुर अर्याल-सदस्य | सह-सचिव, कानून, न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय | २०७८।०६।१३ | हालसम्म |
| | श्री निर्मला अधिकारी भट्टराई-सदस्य | सह-सचिव, कानून, न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय | २०७५।११।१२ | २०७८।०६।१३ |
| ४ | श्री मुकुन्द कुमार क्षत्री-सदस्य | कार्यकारी निर्देशक (प्रतिनिधि), नेपाल राष्ट्र बैंक | २०७८।०८।२१ | हालसम्म |
| | डा. गुणाकर भट्ट-सदस्य | कार्यकारी निर्देशक (प्रतिनिधि), नेपाल राष्ट्र बैंक | २०७६।०३।२५ | २०७८।०८।२१ |

| | | | | |
|---|---|---|---|---|
| ५ | श्री सुजन कुमार काफ्ले -सदस्य | उपाध्यक्ष (प्रतिनिधि), नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था | २०७९।०४।०८ | हालसम्म |
| | श्री भाष्कर सिंह लाला-सदस्य | उपाध्यक्ष (प्रतिनिधि), नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था | २०७८।०६।१३ | २०७९।०४।०६ |
| | श्री युद्ध राज ओली-सदस्य | उपाध्यक्ष (प्रतिनिधि), नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था | २०७७।०४।०५ | २०७८।०५।३१ |
| ६ | श्री अञ्जन श्रेष्ठ-सदस्य | वरिष्ठ उपाध्यक्ष (प्रतिनिधि), नेपाल उद्योग वाणिज्य महासंघ | २०७८।०६।२० | हालसम्म |
| | श्री चन्द्र प्रसाद ढकाल-सदस्य | वरिष्ठ उपाध्यक्ष (प्रतिनिधि), नेपाल उद्योग वाणिज्य महासंघ | २०७७।०८।३० | २०७८।०६।१९ |
| ७ | श्री भोलानाथ ढुंगाना-विज्ञ सदस्य | नेपाल सरकारबाट मनोनित विज्ञ सदस्य | २०७९।०५।०६ | हालसम्म |
| | श्री अशोक कुमार पौडेल-विज्ञ सदस्य | नेपाल सरकारबाट मनोनित विज्ञ सदस्य | २०७६।०९।२८ | २०७९।०४।२३ |

## ३.४ संगठन संरचना तथा जनशक्ति व्यवस्थापन

धितोपत्र बजारको दायरा दिन प्रति दिन बढ्दै गईरहेको परिप्रेक्ष्यमा धितोपत्र बजार, धितोपत्रको केन्द्रीय निक्षेप कम्पनी, क्रेडिट रेटिङ्ग कम्पनी, सामूहिक लगानी कोष, धितोपत्र दलाल, मर्चेण्ट बैंकर, निक्षेप सदस्य, आस्वा सदस्य तथा नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत कम्पनी गरी ५७९ भन्दा बढी संस्था तथा कम्पनीको नियमन तथा सुपरिवेक्षण गर्नुपर्ने जिम्मेवारी बोर्डले पूरा गर्दै आएको छ । बोर्डबाट वस्तु विनिमय बजार संचालन अनुमति, धितोपत्र व्यापारीलाई अनुमति तथा विशिष्टीकृत लगानी कोषहरुलाई अनुमति दिनेका कार्य अगाडि बढेकोले यी संस्थाहरुको नियमन तथा सुपरिवेक्षण जिम्मेवारी बोर्डमा थपिने क्रममा रहेको छ ।

बोर्डमा वस्तु विनिमय बजारको नियमन तथा सुपरिवेक्षण जिम्मेवारी थप भएको सन्दर्भमा प्राप्त जिम्मेवारीहरुलाई प्रभावकारी रुपमा गर्नका लागि संस्थागत क्षमतामा समयानुकूल अभिवृद्धि गर्नु पर्ने कुरालाई मध्यनजर गर्दै विद्यमान संगठन संरचनाको ढाँचामा पुनरावलोकन कार्य बोर्डले सम्पन्न गरेको छ । बोर्डमा आ.व. २०७८।७९ स्थायी तथा करार सेवामा गरी जम्मा ७५ जना कर्मचारीहरु कार्यरत रहेका थिए । बोर्डको संगठन संरचना अनुसूची-६ मा प्रस्तुत गरिएको छ ।

## ३.५ समितिहरु

बोर्डको काम कारवाही प्रभावकारी रुपमा सम्पादन गर्न तथा आवश्यक सहयोगका लागि बोर्डमा विभिन्न स्थायी प्रकृतिका समितिहरू कार्यरत रहेका छन् । यी समितिहरुले आर्थिक वर्ष २०७८।७९ मा गरेका कामकारवाहीहरु निम्नानुसार रहेका छन्ः

### क) कानुन तथा प्रवलीकरण समिति

बोर्डबाट तयार गर्नुपर्ने विभिन्न नियमावली, निर्देशिका तथा अन्य कानुनी व्यवस्थाहरुको मस्यौदा तयार गर्न साथै बोर्डसंग सम्बन्धित कानुनी विषयका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी परामर्श दिन र धितोपत्र सम्बन्धी ऐन नियमको पालनालाई प्रभावकारी गराउने जस्ता काम कारबाहीको लागि नेपाल सरकार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्रतिनिधित्व गर्नु हुने बोर्ड सदस्यको संयोजकत्वमा बोर्डको नियमन विभाग र व्यवस्थापन तथा कानुन विभागका प्रमुख सदस्य तथा एक जना विज्ञ सदस्य रही कानुन महाशाखाका प्रमुख सदस्य सचिव रहेको कानून प्रबलीकरण समिति रहेको छ ।

### ख) वित्तीय प्रशासन तथा सूचना विश्लेषण समिति

बोर्डको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी अन्तिम रुप दिन, वार्षिक बजेट तथा खर्चको आवधिक रुपमा पुनरावलोकन गर्न तथा लेखा परीक्षकबाट प्राप्त लेखा परीक्षण प्रतिवेदन अध्ययन गरी अन्तिम रुप दिने तथा वित्तीय सूचना विश्लेषण र वित्तीय प्रशासन सम्बन्धी अन्य कार्यहरु गर्न बोर्डमा वित्तीय प्रशासन तथा सूचना विश्लेषण समिति रहेको छ। उक्त समितिमा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्यको संयोजकत्वमा बोर्डको व्यवस्थापन तथा कानुन विभागका प्रमुख सदस्य र बोर्डको लेखा तथा वित्त शाखा प्रमुख सदस्य सचिव रहेका छन् । आर्थिक वर्ष २०७८।७९ मा उक्त समितिको संयोजनमा देहाय बमोजिमको कार्यहरु भएका छन्ः

- बोर्डको आर्थिक वर्ष २०७९।८० को बजेटको तयार गरिएको ।
- लेखा परीक्षकबाट प्राप्त आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण प्रतिवेदनको अध्ययन गरी सोको प्रत्युत्तर तयार गरिएको ।
- बोर्डको रहेको लगानी योग्य रकमलाई विभिन्न बैंकहरुमा राख्नका लागि सिफारिश गरिएको ।

### ग) लेखापरीक्षण समिति

बोर्डको वित्तीय विवरणको पुनरावलोकन सम्बन्धमा संचालक समितिलाई सहयोग गर्न, बोर्डको नियम पालनाको अवस्थाको पुनरावलोकन सम्बन्धमा संचालक समतिलाई सहयोग पुऱ्याउन, आर्थिक पारदर्शिता र संस्थागत सुशासनलाई मजबुत बनाउन, आन्तरिक लेखा परीक्षकको नियुक्ति गर्न, पारिश्रमिक तथा सुविधा निर्धारण गर्न, स्वतन्त्र लेखा परीक्षकको लेखा परीक्षण प्रकृया निर्धारण गर्न तथा मूल्याकंन गर्ने जस्ता कार्यहरु गर्नका लागि नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्यको संयोजकत्वमा नेपाल राष्ट्र बैंकको तर्फबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्य तथा बोर्डको कानून महाशाखाका प्रमुख सदस्य सचिव रहने गरी लेखापरीक्षण समिति रहेको छ। समीक्षा अवधिमा यस समितिले आर्थिक वर्ष २०७८।७९ को बोर्डको आन्तरिक लेखापरीक्षण कार्य गर्नको लागि लेखा परीक्षक नियुक्त गर्ने प्रकृयालाई अगाडि बढाएको छ ।

### घ) सूचना प्रविधि नीति कार्यान्वयन समन्वय समिति

बोर्डबाट नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७६ लागू गरिएकोमा उक्त नीतिमा गरिएका व्यवस्थाहरुलाई प्रभावकारी रुपमा लागू गर्न बोर्डका नीति, अनुसन्धान तथा योजना महाशाखा प्रमुख संयोजक रहने गरी पाँच सदस्य समिति गठन गरिएको छ। उक्त समितिलाई सूचना प्रविधि नीतिको कार्यान्वयन तथा नीति कार्यान्वयन गतिविधिहरुको समन्वयको प्रभावकारी भूमिका निर्वाह गर्ने जिम्मेवारी तोकिएको छ। समीक्षा वर्षमा उक्त समितिले सूचना प्रविधि नीति कार्यान्वयनको चौमासिक प्रगति विवरण र नीतिगत तथा अन्य सुधार सम्बन्धी विवरण बोर्डका अध्यक्ष समक्ष पेश गरेको छ ।

## ३.६ बोर्डको वित्तीय अवस्था

बोर्डमा GAAP अनुसार लेखांकन गर्ने गरिएकोमा आ.व. २०७६।७७ देखि NFRS अनुसार लेखांकन गर्ने गरिएको छ। बोर्डको वासलातको आकार २०७७।७८मा (लेखापरीक्षण भएको) रु. २०४ करोड १६ लाख रहेकोमा समीक्षा वर्ष अर्थात आ. व. २०७८।७९ मा उक्त वासलातको आकार (अपरिष्कृत) रु. २४८ करोड २२ लाख पुगेको छ।

आर्थिक वर्ष २०७७।७८ मा बोर्डको जम्मा आम्दानी रु. १०७ करोड ४९ लाख रहेकोमा समीक्षा बर्षमा बोर्डको आम्दानी (अपरिष्कृत) रु. ८२ करोड ३९ लाख पुगेको छ। बोर्डले आम्दानीतर्फ विशेषत धितोपत्र दर्ता तथा निष्काशनका लागि स्वीकृति प्रदान, सामूहिक लगानी योजना स्वीकृति, क्रेडिट रेटिङ्ग सेवा शुल्क, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी तथा धितोपत्र बजार अनुमति पत्र नवीकरण दस्तुर, मर्चेन्ट बैकिङ्ग तथा ब्रोकर प्रमाणपत्र नवीकरण दस्तुर, धितोपत्र कारोबार दस्तुर, विभिन्न आवेदन शुल्क, विवरणपत्र प्रशोधन शुल्क र अनुमति पत्र शुल्कबाट रु. ६९ करोड ७० लाख आम्दानी गरेको छ भने व्याज तथा अन्य आम्दानीबाट रु. १२ करोड ७० लाख प्राप्त गरेको छ ।

आर्थिक वर्ष २०७७।७८ मा बोर्डको जम्मा खर्च(कर बाहेक) रु. १२ करोड ५० लाख रहेकोमा समीक्षा बर्षमा कर बाहेकको कुल खर्च रु. ११ करोड ८७ लाख भएको र आ.व. २०७८।७९ मा बोर्डको कर खर्च (चालु कर खर्च र स्थगन कर खर्च) रु.२१ करोड १६ लाख पुगेको छ। समीक्षा वर्षमा बोर्डको वचत रु. ४९ करोड ३७ लाख पुगेको छ। आ.व. २०७८।७९ को अपरिष्कृत वासलात तथा आय-व्यय विवरण क्रमशः अनुसूची-७ र ८ मा प्रस्तुत गरिएको छ।

## ३.७ अन्तर्राष्ट्रिय सम्बन्ध

बोर्डबाट नेपालको धितोपत्र बजारको विकास, विस्तार तथा सुधारका कार्यहरु भएसँगै सन् २०१६ जुलाईमा बोर्डले धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (International Organisation of Securities Commissions – IOSCO) को एशोसियट सदस्यता प्राप्त गरेको छ। यसबाट नेपालको नियमन निकायले अन्तर्राष्ट्रिय मान्यता पाई अब नेपालको धितोपत्र बजारलाई अन्तर्राष्ट्रिय स्तर अनुरुप विकास गर्नुपर्ने जिम्मेवारी बोर्डमा थपिएको छ। IOSCO मा १२६ साधारण सदस्य, २३ एशोसियट सदस्य र ६५ अफिलियट सदस्य रहेका छन्। समीक्षा वर्षमा धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (IOSCO) को साधारण सदस्यता प्राप्त गर्नको लागि IOSCO को Multilateral Memorandum of Understanding (MMoU) मा हस्ताक्षर गर्ने सम्बन्धमा MMoU सँग सम्बन्धित प्रश्नावलीका प्रश्नहरुको प्रति उत्तर तयार गर्ने, IOSCO सँग MMoU मा हस्ताक्षर गर्ने सम्बन्धमा आवश्यक विषयहरुको जानकारीको लागि पत्राचार गर्ने कार्य गरिएको छ।

त्यस्तै, नेपालको धितोपत्र बजारको अन्तर्राष्ट्रियकरण गरी स्तर अभिबृद्धि गर्ने उद्देश्य अनुरुप वोर्डको समन्वयमा नेपालको तर्फबाट सिडिएस एण्ड क्लियरिङ्ग लि. लाई Association of National Numbering Agencies (ANNA) को सदस्य बन्नका लागि अधिकार प्रत्यायोजन गरेकोमा आर्मेनियामा २०१६, जुन २ र ३ मा भएको ANNA को साधारण सभाबाट उक्त लि. ले ९२ औं सदस्यता प्राप्त गरेको हो। ANNA मा हाल नेपाल लगायत ९३ पूर्ण सदस्य तथा अन्य २७ पार्टनर रहेका छन्।

सन् २०१० मा स्थापित Asia Forum for Investor Education (AFIE) को संस्थापक सदस्यको रुपमा बोर्डले सोही अनुरुपको भूमिका निर्वाह गर्दै आइरहेको छ। बोर्ड सार्क क्षेत्रका नियमन निकायहरुको संघ (South Asian Securities Regulators Forum- SASRF) को सदस्यको रुपमा अन्य सदस्य नियमन निकायहरुसँग निरन्तर सम्बन्ध राख्दै आवश्यक ज्ञान तथा सूचनाहरु आदान प्रदान गर्नुका साथै सहयोग र समन्वय गर्दै आइरहेको छ।

बोर्डले जनवरी १, २०१९ बाट लागू हुने गरी वित्तीय साक्षरता प्रवर्द्धन ज्ञान अभिवृद्धि गर्न OECD द्वारा सन २००८ मा स्थापित International Network on Financial Education-INFE संस्थाको पूर्ण सदस्यता प्राप्त गरेको छ। उक्त संस्थाको पूर्ण सदस्यता प्राप्त गर्नेमा बोर्ड नेपालको पहिलो निकाय रहेको छ। बोर्डले पूर्ण सदस्यता पाए पश्चात उक्त संस्थाको प्राविधिक समिति, सल्लाहकार समिति तथा विभिन्न कार्यगत समूहमा सहभागी भई OECD INFE र यस अन्तर्गत सञ्चालन हुने वित्तीय साक्षरतासम्बन्धी गतिविधिको सञ्चालन तथा स्तर अभिवृद्धिमा सक्रिय सहभागिता रहँदै आएको छ। यस संस्थाले विश्वव्यापीरुपमा साना तथा मझौला व्यवसाय, वित्तीय समावेशिता, युवा तथा महिला वर्ग, दीर्घकालिन बचत तथा लगानी लगायतका विविध क्षेत्रहरुमा वित्तीय साक्षरता अभिवृद्धिका लागि कार्यक्रमहरु सञ्चालन गर्दै आएको देखिन्छ। यसबाट वित्तीय साक्षरतासम्बन्धी अन्तर्राष्ट्रिय गतिविधि तथा वित्तीय साक्षरताको स्तर अभिवृद्धिमा बोर्डको समेत प्रत्यक्ष सहभागिताको अवसर उपलब्ध भएको छ। हाल यस संस्थामा विश्वका ६४ देशका ८६ संस्थाहरु पूर्ण सदस्यको रुपमा रहेका छन् भने नियमित सदस्यतर्फ ९५ देशका १७२ संस्थाहरु रहेका छन्।

त्यस्तै विश्व बैक, एशियाली विकास बैक, IOSCO, OECD, Asia-Pacific Economic Cooperation (APEC), Toronto Centre तथा बिभिन्न देशका धितोपत्र बजारको नियमन निकायहरुले आयोजना गर्ने धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी कार्यक्रमहरुमा बोर्डको सहभागिता रहँदै आएको छ। बोर्डले कर्मचारीहरुको नियमन तथा सुपरिवेक्षण क्षमता विकास गर्ने उद्देश्यले आगामी तीन वर्षका लागि बोर्डले सन् २०२१ मार्च २६ बाट लागू हुने गरी Toronto Centre सँग सम्झौता गरेको छ।

# भाग-चार

# बोर्डका कामकारवाही तथा गतिविधि

बोर्डबाट धितोपत्र बजारमा संरचनात्मक सुधारका लागि वार्षिक कार्यक्रम अन्तर्गत विकासात्मक तथा नियमित कार्यहरु सम्पन्न गरिदैं आएको छ । समीक्षा वर्षमा बोर्डबाट नयाँ अनुमतिपत्र तथा अन्य विकासात्मक कार्यहरु तथा नियमित कार्यहरु निरन्तर गरिएको थियो । सो क्रममा धितोपत्र बजार, धितोपत्र व्यवसायी, सामूहिक लगानी कोष, योजना व्यवस्थापक तथा डिपोजिटरी, निक्षेप सदस्य, क्रेडिट रेटिङ्ग तथा अन्य धितोपत्र व्यवसाय गर्न प्राप्त निवेदनहरुको अध्ययन गरी अनुमतिपत्र/दर्ता प्रमाणपत्र प्रदान गर्ने तथा नवीकरण गर्ने कार्यलाई निरन्तरता दिईएको छ । त्यसैगरी संगठित संस्थाहरुको धितोपत्रहरु दर्ता गर्ने, विवरणपत्र, बिक्री प्रस्ताव, हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण पुस्तिका स्वीकृत गर्ने र विवरण पुस्तिका प्रकाशन गर्न संगठित संस्थाहरुलाई स्वीकृति प्रदान गर्ने, धितोपत्र बजार, सूचीकृत कम्पनी, सामूहिक लगानी कोष, निक्षेप सेवा, क्रेडिट रेटिङ्ग संस्था तथा धितोपत्र व्यवसायीको गैर स्थलगत तथा स्थलगत सुपरिवेक्षण गर्ने जस्ता कार्यहरु गरिएका छन् ।

साथै बोर्डबाट धितोपत्र कारोवारको वास्तविक समय सुपरिवेक्षण गर्ने, धितोपत्र बजारको स्थलगत/गैरस्थलगत सुपरिवेक्षण गर्ने, धितोपत्र सम्बन्धी कानुन समसामयिक बनाउने, प्राप्त गुनासोहरुको सम्बोधन गर्ने, कानुनी व्यवस्थाहरुको उल्लंघन सम्बन्धमा कानुन प्रवलीकरण गर्ने, लगानीकर्ताहरुको ज्ञान अभिवृद्धि गर्न देशका विभिन्न स्थानहरुमा लगानीकर्ता प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गर्ने लगायतका विभिन्न नियमित कार्यहरु सम्पन्न गरिएको छ ।

आर्थिक वर्ष २०७८।७९ मा सम्पन्न प्रमुख कार्यहरु संक्षिप्तमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ४.१ अनुमतिपत्र प्रदान तथा नवीकरण

धितोपत्र सम्बन्धी सेवा प्रदान गर्ने धितोपत्र बजार संचालक, धितोपत्र व्यवसायी र अन्य बजार सहभागीहरुले आर्थिक वर्ष २०७८।७९ मा सम्बन्धित कार्य गर्न अनुमतिपत्र प्राप्त गर्नका लागि बोर्डमा पेश गरेका विवरण तथा कागाजात अध्ययन तथा जाँचबुझ गरी अनुमतिपत्र प्रदान गरिनुका साथै बोर्डबाट यस आ.व. भन्दा पहिला अनुमतिपत्र प्राप्त गरी नवीकरणको लागि निवेदन प्राप्त भए अनुसार देहाय बमोजिमका संस्थाहरुलाई अनुमतिपत्र प्रदान तथा प्रमाणपत्र नवीकरण गरिएको छ ।

**क) धितोपत्र बजारको अनुमतिपत्र नवीकरण:** धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र बजार संचालन नियमावली, २०६४ को व्यवस्था अनुसार धितोपत्रको दोस्रो बजार संचालकको रुपमा बोर्डबाट अनुमतिपत्र प्राप्त नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट अनुमतिपत्र नवीकरणका लागि बोर्डमा निवेदन पेश भएकोमा उक्त लिमिटेडको अनुमतिपत्र नवीकरण गरिएको छ । धितोपत्र बजार सम्बन्धी विवरण अनुसूची-९ मा प्रस्तुत गरिएको छ ।

**ख) केन्द्रीय निक्षेप कम्पनीको अनुमतिपत्र नवीकरण:** धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ८ को व्यवस्था बमोजिम केन्द्रीय निक्षेप कम्पनीको रुपमा सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट अनुमतिपत्र नवीकरणका लागि

बोर्डमा निवेदन पेश भएकोमा उक्त लि. को अनुमतिपत्र नवीकरण गरेको छ । केन्द्रीय निक्षेप कम्पनी सम्बन्धी विवरण डिपोजिटरीको विवरण अनुसूची-१० मा प्रस्तुत गरिएको छ ।

**ग) क्रेडिट रेटिङ्ग स्थापना गर्न सहमति प्रदान गरिएको तथा कम्पनीको अनुमतिपत्र नवीकरणः** क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को व्यवस्था बमोजिम बोर्डबाट दुईवटा कम्पनीलाई क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमतिपत्र प्रदान गरिएकोमा उक्त कम्पनीहरुबाट बोर्डमा अनुमतिपत्र नवीकरणका लागि पेश भएकोमा अनुमतिपत्र नवीकरण गरिएको छ । साथै यस आ.ब.मा क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमतिपत्र प्रदान गर्ने क्रममा श्री इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लि. लाई अनुमति प्रदान गरिएको छ । बोर्डबाट क्रेडिट रेटिङ्ग कार्य गर्न अनुमतिपत्र प्रदान गरिएको संस्था सम्बन्धी विवरण अनुसूची-११ मा प्रस्तुत गरिएको छ ।

**घ) धितोपत्र व्यापारी(स्टक डिलर) लाई अनुमतिपत्र प्रदानः** संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्न सक्ने तथा पुँजी बजारको विकासमा गतिशिलता ल्याउने उद्देश्यले स्थापित नागरिक लगानी कोषको सहायक कम्पनी नागरिक स्टक डिलर कम्पनी लि. लाई धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली २०६४ बमोजिमको आवश्यक प्रकृया पुरा गरे पश्चात बोर्डले धितोपत्र व्यापारीको कार्य संचालन गर्न अनुमतिपत्र प्रदान गरेको छ । धितोपत्र व्यापारी सम्बन्धी विवरण अनुसूची-१२ मा प्रस्तुत गरिएको छ ।

**ङ) सामूहिक लगानी कोष, कोष प्रबर्द्धक र योजना व्यवस्थापक तथा डिपोजिटरीः** सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ४ को व्यवस्था बमोजिम सामूहिक लगानी कोष स्थापना गर्न चाहने संगठित संस्थाले बोर्ड समक्ष कोष दर्ता गर्नुपर्ने व्यवस्था बमोजिम सामूहिक लगानी कोष दर्ता गर्ने गरिएकोमा बोर्डमा दर्ता भएका सामूहिक लगानी कोषको संख्या १८ पुगेको छ । त्यसैगरी समीक्षा बर्षमा सामूहिक लगानी कोष अर्न्तगत योजना संचालन गर्न योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने अनुमतिपत्र प्रदान गरिएकोमा समीक्षा वर्षमा १४ वटा संस्थाको अनुमतिपत्र नवीकरण गरिएको छ । बोर्डमा दर्ता भएका सामूहिक लगानी कोष, कोष प्रवर्द्धक तथा योजना व्यवस्थापक तथा डिपोजिटरीको विवरण अनुसूची-१३ मा प्रस्तुत गरिएको छ ।

**च) मर्चेन्ट बैंकर अनुमतिपत्र प्रदान तथा नवीकरणः** समीक्षा बर्षको अन्त्यमा बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकरको संख्या ३० पुगेको छ । बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकर सम्बन्धी  विवरण अनुसूची-१४ मा प्रस्तुत गरिएको छ ।

**छ) धितोपत्र दलाल व्यवसायीहरुको अनुमतिपत्र नवीकरणः** समीक्षा वर्षमा धितोपत्र दलाल व्यवसायीहरुको संख्या ५० रहेको छ । धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम ८ मा रहेको व्यवस्था बमोजिम ५० धितोपत्र दलाल व्यवसायीहरुबाट अनुमतिपत्र नवीकरणका लागि बोर्डमा निवेदन प्राप्त भएकोमा बोर्डले सम्पूर्ण धितोपत्र दलाल व्यवसायीहरुको अनुमतिपत्र नवीकरण गरेको छ ।  धितोपत्र दलाल व्यवसायीहरूको विवरण अनुसूची-१५ मा प्रस्तुत गरिएको छ ।

**ज) निक्षेप सदस्य दर्ता तथा प्रमाणपत्र नवीकरणः** धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २२ को व्यवस्था बमोजिम समीक्षा वर्षमा ८३ निक्षेप सदस्यहरुले दर्ता प्रमाणपत्र नवीकरणका लागि बोर्डमा निवेदन दिएकोले उक्त निक्षेप सदस्यहरुको दर्ता प्रमाणपत्र नवीकरण गरिएको छ । बोर्डबाट निक्षेप सदस्य कार्य गर्न दर्ता प्रमाणपत्र प्राप्त गर्ने संस्थाहरुको विवरण अनुसूची-१६ मा प्रस्तुत गरिएको छ ।

**झ) आस्वा सदस्यको अनुमतिपत्र नवीकरणः** धितोपत्रको प्राथमिक बजारमा आस्वासम्बन्धी सेवा प्रदान गर्नका लागि बोर्डबाट अनुमति प्रदान गरिएको बैंक तथा वित्तीय संस्थाको आ.व. २०७८।७९ का अनुमति नवीकरण समीक्षा अवधिमा गरिएको छ । बोर्डले ४९ आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाको अनुमति पत्र नवीकरण गरेको छ । आस्वा सदस्यको अनुमतिपत्र नवीकरण आर्थिक बर्ष समाप्त हुनु भन्दा अगाडि गर्ने व्यवस्था रहेको हुँदा आस्वासम्बन्धी कार्य गर्ने बैक

तथा वित्तीय संस्थाको संख्या भने ५० रहेको छ । उक्त आस्वा सदस्यहरुले देशको ७७ जिल्लामा नै २५०० भन्दा बढी शाखाहरुमार्फत् प्राथमिक बजारको सेवा प्रदान गर्दै आएका छन् । आस्वा सदस्यको प्रमाणपत्र प्राप्त गर्ने संस्थाको विवरण अनुसूची-१७ मा प्रस्तुत गरिएको छ ।

ञ) **योग्य संस्थागत लगानीकर्तालाई अनुमतिपत्र प्रदानः** धितोपत्रको मूल्य निर्धारण पारदर्शी तथा प्रतिस्पर्धात्मक रुपमा गरी वास्तविक क्षेत्रका कम्पनीको बजार प्रवेश प्रोत्साहित गर्न अन्तर्राष्ट्रिय रुपमा प्रचलनमा रहेको बुक बिल्डिङ्ग विधि प्रारम्भिक सार्वजनिक निष्काशनमा लागू गर्न बोर्डले बुक बिल्डिङ्ग निर्देशिका, २०७७ मिति २०७७।०४।२८ मा जारी गरिसकेको र वास्तविक क्षेत्रका केही कम्पनीहरुले यस विधिमार्फत् धितोपत्रको सार्वजनिक निष्काशन गर्न तयारी समेत गरिरहेको सन्दर्भमा बोर्डले इच्छुक संस्थाहरुलाई योग्य संस्थागत लगानीकर्ताको रुपमा स्वीकृति लिन निवेदन पेश गर्न सूचना आह्वान गरे अनुरुप रितपूर्वक निवेदन दिएका ११६ संस्थालाई अनुमित प्रदान गरिएको छ । योग्य संस्थागत लगानीकर्ताहरुको विवरण अनुसूची-१८ मा प्रस्तुत गरिएको छ ।

## ४.२ कानुनी व्यवस्था, कानुन प्रबलीकरण तथा राय सुझाव

आ.व. २०७८।७९ मा बोर्डले धितोपत्र बजारको विकास तथा विस्तार गर्नको लागि कानुनी व्यवस्था तथा प्रवलीकरणलाई थप सुदृढीकरण गरेको छ ।

### ४.२.१ कानुनी व्यवस्था

समीक्षा वर्षमा ऐन, नियमावली तथा निर्देशिका सम्बन्धमा देहाय बमोजिमका कार्यहरु बोर्डले गरेको छ :

- धितोपत्र सम्बन्धी ऐन, २०६३ को संशोधन विधेयक मिति २०७६।०५।२५ मा प्रतिनिधि सभामा दर्ता भै विधायन प्रक्रियामा रहेको छ ।
- धितोपत्रको भित्री कारोबार निषेध सम्बन्धी नियमावली, २०७६ तयार गरी स्वीकृतिका लागि मिति २०७६।०६।१२ मा अर्थ मन्त्रालयमा पेश गरिएकोमा मिति २०७८।११।१८ मा च.न.६३२ को पत्रमार्फत उक्त नियमावली बोर्डमा थप परिमार्जनको लागि पूनः बोर्डमा फिर्ता पठाइएको ।
- क्रेडिट रेटिङ्ग(दोस्रो संशोधन) नियमावली, २०७६ तयार गरी स्वीकृतिका लागि मिति २०७६।०४।०६ मा अर्थ मन्त्रालयमा पेश गरिएकोमा मिति २०७८।११।१८ मा च.न.६३२ को पत्रमार्फत नियमावली थप परिमार्जनको लागि पूनः बोर्डमा फिर्ता पठाइएको ।
- धितोपत्रको दर्ता तथा निश्काशन नियमावली, २०७३ छैठौं संशोधनको मस्यौदा तयार गरी स्वीकृतिका लागि मिति २०७९।०३।०१ मा अर्थ मन्त्रालयमा पेश गरिएकोमा मिति २०७९।०३।२१ मा च.न.९६० को पत्रमार्फत नियमावली थप परिमार्जनको लागि बोर्डमा फिर्ता पठाइएको ।
- नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ मा पाँचौं संशोधन स्वीकृतिको लीगि मिति २०७७।१२।१९ मा अर्थ मन्त्रालयमा पेश गरिएकोमा संशोधन प्रक्रियामा रहेको छ ।
- धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को तेस्रो संशोधन बोर्डको मिति २०७९।०१।८ को निर्णयबाट स्वीकृत भएको ।
- नेपाल स्टक एक्सचेञ्ज लिमिटेड कर्मचारी सेवा शर्त (दोस्रो संशोधन) विनियमावली, २०७५ बोर्डको मिति २०७९।०२।१० को संचालक बोर्डको निर्णयबाट स्वीकृत भएको ।
-

### ४.२.२ कानुनी प्रवलीकरण

आ.व. २०७८।७९ मा बोर्डले कानुन प्रवलीकरणमा विशेष जोड दिदै देहाय बमोजिमका विभिन्न कार्यहरु गरेको छ।

#### अ) लगानीकर्ताको गुनासो सम्बोधन

- आ.व. २०७८।७९ को असार मसान्तसम्ममा बोर्डमा लिखित रुपमा ४८ उजुरी/गुनासो दर्ता भएकोमा ३७ उजुरी/गुनासो उपर शाखामार्फत कारवाही सम्पन्न गरी सम्वोधन गरिएको, १ निवेदन बोर्डको क्षेत्राधिकार वाहिरको विषय भएकोले मुल्तवीमा रहेको, विभिन्न ९ निवेदन बोर्डमा बोधार्थ, जानकारी तथा सुझावको रुपमा प्राप्त भइ जम्मा ४७ उजुरी/गुनासो उपर कारवाही सम्पन्न गरि फर्स्यौट भइसकेको छ। त्यस्तै १ निवेदकको उजुरी/गुनासो समाधानको प्रकृयामा रहेको छ। साथै नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय हेलो सरकारको वेब पोर्टलमार्फत विभिन्न ३६ गुनासो प्राप्त भएकोमा ३३ गुनासो उपर कारवाही सम्पन्न गरिएको र अन्य ३ गुनासो बोर्डको क्षेत्राधिकार बाहिरको गुनासो रहेको जानकारी गराई सवै ३६ गुनासो फर्स्यौट भइसकेको छ।
- बोर्डको टोलफ्रि तथा हटलाइन टेलिफोन तथा इमेल मार्फत प्राप्त गुनासो तथा जिज्ञासाको तत्‌समयमा सम्वन्धित महाशाखा, शाखामा समेत जानकारी गराइ समाधान गरिएको छ।

#### आ) मुद्दामामिला, कारवाही तथा आर्थिक जरिवाना

- यस अवधिमा बोर्डले खाता रोक्का सम्बन्धी कारवाही गरिएको लक्ष्य होल्डिंगस लि. ले बोर्ड समेतलाई विपक्षी बनाई दायर गरेको रिट निवेदनमा लिखित जवाफ पेश गरि मुद्दाहरु चालु अवस्थामा रहेको।
- बोर्डले गरेको आर्थिक जरीवाना गर्ने निर्णय विरुद्द रहिशा शाह श्रेष्ठले उच्च अदालतमा पेश गरेको पुनरावेदन मुद्दामा उल्टी फैसला भएको सो उल्टी फैसला विरुद्द श्री सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई पाउनको लागि निवेदन पेश गरिएकोमा अदालतबाट पूनरावेदन दर्ता गर्न आदेश भई पूनरावेदन दर्ता गरी मुद्दा सुनुवाईको क्रममा चालु अवस्थामा रहेको।
- यस अवधिमा श्री भिष्मराज ढुंगानाले बोर्ड समेतलाई विपक्षी बनाई सर्बोच्च अदालतमा दायर गरिएको निलम्बन, पदमुक्त, नयाँ अध्यक्ष नियुक्ति विरुद्दको रिट निवेदनमा लिखित जवाफ पेश गरि वहस पैरवी समेत भै अन्तरिम आदेश जारी नभएको तथा ती मुद्दाहरु सर्बोच्च अदालतको पूर्ण ईजलासमा सुनुवाईको क्रममा चालु अवस्थामा रहेको।
- यसरी सर्वोच्च अदालतमा ६ वटा लिखित जवाफ पेश गरिएको, एउटा मुद्दा दोहोर्याई निवदेन पेश गरिएको, एउटा पुनरावेदन निवेदन दर्ता गरिएको र उच्च अदालत पाटनमा दुई वटा लिखित जवाफ पेश गरिएको,
- यसरी जम्मा १८ वटा मुद्दाहरु चालु अवस्थामा रहेकोमा ति मुद्दाहरुमा अदालतमा उपस्थित भई तारेख लिने, पेशीमा उपस्थित हुने र बहस पैरवी लगायतका कार्य भैरहेको।

### ४.२.३ राय सुझाव प्रदान

धितोपत्र बजारसँग सम्बन्धित विषयवस्तुहरुका सम्बन्धमा बोर्डमा नेपाल सरकार अन्य निकायहरुबाट राय तथा सुझाव माग गरिने आउने गरेको छ । सोही क्रममा समीक्षा बर्षको असार मसान्त सम्ममा श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट राय/सहमतिका लागि माग भई आए बमोजिम बोर्डबाट जम्मा २७ वटा राय तथा सहमति प्रदान गरिएको छ।

## ४.३ सुपरिवेक्षण तथा अनुगमन

बोर्डले धितोपत्रको नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था आइएस्को (IOSCO) को एशोसियट सदस्यता प्राप्त गरेको तथा धितोपत्र बजारको बढ्दो आकार र कारोबारको परिमाण बढिरहेको सन्दर्भमा नियमन तथा सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउन बोर्डले धितोपत्र बजारमा हुने सम्पूर्ण गतिविधिहरुको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्दै आएको छ । बोर्डबाट समीक्षामा गरिएका सुपरिवेक्षण तथा अनुगमन सम्बन्धी गतिविधिहरुलाई देहाय अनरुप प्रस्तुत गरिएको छ ।

### ४.३.१ धितोपत्र बजारको सुपरिवेक्षण तथा अनुगमन

धितोपत्र बजारलाई स्वच्छ, पारदर्शी तथा प्रभावकारी बनाई लगानीकर्ताको हित संरक्षण गर्न तथा धितोपत्र सम्बन्धी कानुनी प्रावधान तथा बोर्डबाट जारी भएका निर्देशनहरुको अनुपालनाको स्थितिको प्रभावकारी अनुगमन गर्न बोर्डले धितोपत्र बजार सुपरिवेक्षण कार्यलाई आ.व. २०७८।७९ मा थप प्रभावकारी बनाएको छ । समीक्षा वर्षमा भएका सुपरिवेक्षण सम्बन्धी विवरण देहाय बमोजिम रहेका छन् ।

- धितोपत्र दलाल व्यवसायीहरुको पूर्वाधार, सेवाको अवस्था, राफसाफ, ग्राहक पहिचान लगायतका विषयमा यस अवधिमा दश वटा (२० प्रतिशत) धितोपत्र दलाल व्यवसायीहरुको स्थलगत सुपरिवेक्षण गरिएको छ । गत आ.व.को नीति तथा कार्यक्रममा २० प्रतिशत धितोपत्र दलाल व्यवसायीको सुपरिवेक्षण गर्ने लक्ष्य राखिएकोमा उक्त लक्ष्य पुरा भएको छ । सुपरिवेक्षणबाट प्राप्त प्रतिवेदनको आधारमा, सम्पत्ति शुद्धिकरण सम्बन्धी शंकास्पद विवरण पेश नगरेको, सोही अनुसार ग्राहकको वर्गिकरण नगरेको, कारोबार पश्चात टि पल्स थ्री पश्चात पुल खातामा धितोपत्र देखिएको लगायतका कैफियत देखिएका बिषय र सो को सुधारका सम्बन्धमा दशवटै धितोपत्र दलाल व्यवसायीहरुलाई पत्राचार गर्ने प्रक्रियामा रहेको छ ।
- सार्वजनिक निष्काशन, हकप्रद सेयर निष्काशन, धितोपत्र बाँडफाँट तथा मर्चेन्ट बैंकरको कामकारवाहीको निरीक्षण गर्ने क्रममा समीक्षा वर्षमा कुल (२० प्रतिशत) मर्चेन्ट बैंकरको स्थलगत निरीक्षण गरिएको छ। आ.व. २०७८।७९ को नीति तथा कार्यक्रममा २० प्रतिशत मर्चेण्ट बैंकरको सुपरिवेक्षण गर्ने कार्यक्रम रहेको थियो ।
- आ.व. २०७८।७९ मा श्री एनआईसी एसिया क्यापिटल लिमिटेड, श्री एनएमबि क्यापिटल लिमिटेड र श्री सनराईज क्यापिटल गरी तीन वटा सामूहिक लगानी कोषहरुको स्थलगत सुपरिवेक्षण गरिएको छ । साथै सो स्थलगत सुपरिवेक्षणको प्रतिवेदन पेश भएको छ ।

### ४.३.२ सार्वजनिक निष्काशनको अनुगमन

धितोपत्रको सार्वजनिक निष्काशन कार्यको गैर-स्थलगत अनुगमन अन्तर्गत धितोपत्र सम्बन्धी नियमावली तथा निर्देशिकामा भएको व्यवस्थाअनुसार समीक्षा वर्षमा बोर्डबाट देहायको विषयमा अनुगमन गरिएको छ ।

- सार्वजनिक सेयर निष्काशन हुनुभन्दा सात दिन अघि आब्हानपत्र बोर्डमा पेश गरे/नगरेको ।
- सार्वजनिक निष्काशनका क्रममा बोर्डबाट विवरणपत्र स्वीकृत गर्दाका बखत तोकिएको शर्त अनुरुप सच्याई विवरणपत्र बोर्डमा पेश गरे/नगरेको ।
- धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र, हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु, विवरण पुस्तिका, बिक्री प्रस्तावहरु लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने गरी त्यस्ता विवरणहरु सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक तथा निष्काशनकर्ता कम्पनी प्रत्येकको वेबसाइटमा धितोपत्र बिक्री बन्द हुने समयसम्म राखे/नराखेको ।
- सार्वजनिक निष्काशनका बखत बोर्डमा प्राप्त विवरणको गैर स्थलगत सुपरिवेक्षणका क्रममा दैनिक संकलित रकम र निवेदकको संख्या सम्बन्धी विवरण हेर्ने गरेको ।
- धितोपत्र बाँडफाँटको नमुना बाँडफाँट गर्नुभन्दा दुई कार्य दिन अघि बोर्डमा पेश गरे/नगरेको ।

### ४.३.३ धितोपत्रको दोस्रो बजार कारोवारको अनुगमन

धितोपत्रको दोस्रो बजार कारोबारलाई नियमित र व्यवस्थित गर्न बोर्डबाट नेपाल स्टक एक्सचेन्ज लि. सँग सिधा सम्पर्क स्थापित गरी विद्युतीय माध्यम मार्फत आंशिक वास्तविक समय सुपरिवेक्षण प्रणाली (Partial Real Time Surveillance System) विकास गरिएको छ। बोर्डबाट नियमित रुपमा कारोबारका केही पक्षहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने गरिएको छ र कारोबार भैरहेको विवरणको अध्ययन गरी शंकास्पद कारोबार नोट गर्ने तथा आवश्यकता अनुरुप सम्बन्धित धितोपत्र दलाललाई विवरण तथा आवश्यक कागजात माग गरी थप स्पष्ट गर्न लगाउने गरिएको छ। सो प्रणाली मार्फत बोर्डबाट प्रत्येक दिन धितोपत्र कारोबार गर्ने व्यक्ति तथा संस्था लगायत कारोबार भएको संगठित संस्था, कारोबार मूल्य र सेयर संख्या सम्बन्धमा अनुगमन गर्ने गरिएको छ।

### ४.३.४ धितोपत्र बजार सहभागीहरुको विवरण प्रवाहको अनुगमन

समीक्षा वर्षमा बोर्डले देहाय बमोजिमको धितोपत्र बजार सहभागीहरुको विवरण प्रवाहको अनुगमन गरेको छ।

अ) **धितोपत्र बजारको विवरण प्रवाहको अनुगमनः** धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ ले धितोपत्र बजारले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र उक्त आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण र वार्षिक प्रतिवेदन तथा प्रत्येक त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र त्रैमासिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ। साथै, धितोपत्र दलाल तथा व्यवसायीहरुलाई गरेको कारवाहीको कारण सहितको विवरण कारवाही भएको ७ दिनभित्र र धितोपत्र दलाल वा व्यवसायीहको निरिक्षण विवरण, निरिक्षण गरेको अवस्थामा निरिक्षण समाप्त भएको ३० दिन भित्र बार्ड समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। नेपाल स्टक एक्सचेञ्ज लि.बाट आर्थिक वर्ष २०७७।७८ को लेखा परिक्षण भएको वित्तीय विवरण बोर्डमा ढिलो गरी २०७८।०९।१८ मा प्राप्त भएको छ। नेप्सेबाट नियममा तोकिएको बोर्डमा पेश गर्नुपर्ने अधिकांश प्रतिवेदन तथा विवरण समयमा नै पेश गरेको छ। धितोपत्र बजारको नियमन तथा सुपरिवेक्षण कार्य गर्ने क्रममा बोर्डबाट देहाय बमोजिमका कार्यहरु समीक्षा वर्षमा गरिएको छ।

- नेपाल स्टक एक्सचेञ्ज लि. को विद्युतीय कारोबार प्रणालीलाई बैंक खाता तथा डिम्याट खातासँग आवद्ध गर्नको लागि निर्देशन दिईएको।
- नेपाल सरकारको आगामी आ.व. २०७७।७८ को वार्षिक बजेट तथा नीति तथा कार्यक्रममा समेत नेपाल स्टक एक्सचेञ्ज लि. र सिडिएससिको पूर्नसंरचना गर्ने कार्यक्रम समावेश अनुसार सोको मोडालिटी सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयमा पेश गरिएको।
- धितोपत्र बजारमा विभिन्न किसिमका लगानीकर्ताहरुको प्रवेश भईरहेको सन्दर्भमा विभिन्न किसिमको शारिरिक तथा मानसिक कमि कमजोरी भई अपाङ्गताभएका 'क'तथा 'ख'वर्गका अपाङ्गव्यक्तिहरुका लागि डिम्याट खाता तथा मेरो सेयर खाता खोल्दा तथा सञ्चालन गर्दा शुल्क नलाग्ने व्यवस्था गर्न आवश्यक पत्रचार गरिएको।
- नेप्सेद्धारा संचालीत अनलाईन कारोबार प्रणााली (NOTS) को System Audit निजी संस्थाले नै गराई सोको प्रतिवेदन बोर्डमा प्राप्त भएको र सो प्रतिवेदन सम्बन्धी अध्ययन गरी थप सुधारको लागि निर्देशन दिईएको ।
- नेप्सेलाई Business Continuty Plan (BCP) तयार गरी कार्यान्वयनमा ल्याउनको लागि पत्राचार गरिएको।
- विभिन्न समयमा (NOTS) मा देखिएको समस्याहरुलाई समाधान गर्नको लागि निर्देशन दिईएको साथै सो समस्याहरुको दिर्घकालिन समाधानको लागि अध्ययन गर्न समेत निर्देशन दिईएको।

आ) **धितोपत्रको केन्द्रीय निक्षेप कम्पनीको विवरण प्रवाहको अनुगमनः** धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ मा भएको व्यवस्था अनुसार केन्द्रीय निक्षेप कम्पनीले आफ्नो संचालनको आन्तरिक लेखा परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ र सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र बोर्ड समक्ष पेश गर्नुपर्ने, आर्थिक वर्ष समाप्त भएको

तीन महिनाभित्र लेखा परीक्षण गराउनु पर्ने, लेखा परीक्षण सम्पन्न भएको एक महिनाभित्र वित्तीय विवरण बोर्ड समक्ष पेश गर्नुपर्ने, आफ्नो वार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको छ महिनाभित्र बोर्ड समक्ष पेश गर्नुपर्ने, वार्षिक साधारण सभा सकिएको ३० दिनभित्र उक्त साधारण सभामा प्रस्तुत बिषय तथा भएका निर्णयसहितको विवरण बोर्डसमक्ष पेश गर्नुपर्ने, त्रैमासिक प्रगति प्रतिवेदन त्रैमासिक अवधि समाप्त भएको ३० दिन भित्र, निक्षेप सदस्यलाई कुनै कारवाही गरेमा त्यस्तो कारवाही गरेको सात दिनभित्र सम्बन्धित निक्षेप सदस्यको नाम, कारवाहीको विवरण तथा कारवाही गर्नुपरेको कारणसहितको विवरण र निक्षेप सदस्यको निरीक्षण गरेको अवस्थामा निरीक्षण समाप्त भएको ३० दिनभित्र तत्सम्बन्धी प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्नेमा समीक्षा वर्षमा सिडिएस एण्ड क्लियरिङ्ग लि.ले वार्षिक प्रतिवेदन समयमै बोर्ड समक्ष पेश गरेको छ। सिडिएससीले नियमावली बमोजिमको प्रतिवेदनहरु समयमा नै पेश गरेको छ।

**इ) सामूहिक लगानी कोष, कोष सुपरिवेक्षक तथा योजना व्यवस्थापकको विवरण प्रवाहको अनुगमन:**

सामूहिक लगानी कोष, कोष सुपरीवेक्षक तथा योजना व्यवस्थापकले नियमावलीको व्यवस्था अनुसार वित्तीय विवरण, लेखापरीक्षण प्रतिवेदन लगायताका विवणहरु बोर्डमा पेश गनुपर्ने व्यवस्था रहेकोमा आ.व. २०७८।७९ मा सामूहिक लगानी कोषबाट पेश गरेको विवरणको अवस्थालाई देहाय अनुरुप प्रस्तुत गरिएको छ।

- **वित्तीय विवरण र बार्षिक प्रतिवेदन (काम कारवाहीको)**: सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ४२ को उप नियम १ मा आर्थिक बर्ष समाप्त भएको मितिले ३ महिना भित्र (मिति २०७८।०९।३० सम्ममा) वित्तीय विवरण र बार्षिक प्रतिवेदन (काम कारवाहीको) बोर्डमा पेश गनुर्पे व्यवस्था रहे बमोजिम आ.व. २०७८।७९ को वित्तिय विवरण र बार्षिक प्रतिवेदन सम्पूर्ण (१२ वटा) म्युचुअल फण्डहरुले समयमै बुझाएका छन्।

- **लेखापरिक्षण प्रतिवेदन**: सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ४० को उपनियम १० बमोजिम लेखापरीक्षण समाप्त भएको मितिले ३० दिन भित्र लेखापरिक्षण प्रतिवेदन पेश गरिसक्नुपर्ने व्यवस्था बमोजिन आ.व. २०७७।७८ मा सबै (१२) म्युचुअल फण्डहरुले समयमै बुझाएको।

- **त्रैमासिक प्रतिवेदन सम्बन्धमा**: सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ४२ को उपनियम ३ अनुसार योजना व्यवस्थापकले आफूले संचालन गरेको योजनाको त्रैमासिक प्रतिवेदन प्रत्येक त्रैमासिक अवधि समाप्त भएको ३० दिन भित्र कोष सुपरिवेक्षक तथा बोर्डसमक्ष पेश गर्नु पर्नेछ भन्ने व्यवस्था बमोजिम आ.व. २०७८।७९ को त्रैमासिक प्रतिवेदन समयमै बुझाएका छन्। साथै आरविवि क्या. लि. श्रावण २०७८ मा मात्र सुचिकृत भएको हुनाले प्रथम त्रैमासिक प्रतिवेदन बाहेक सम्पूर्ण त्रैमासिक प्रतिवेदन समयमै बुझाएको। त्यस्तै गरि एनआईबिएल समृद्धि फण्ड १ मिति २०७८ पौष २२ गते परिपक्व भएको हुनाले प्रथम र दोस्रो त्रैमासिक प्रतिवेदन समयमै बुझाई खारेजी प्रकृयामा गएको।

- **मासिक प्रतिवेदन सम्बन्धमा**: सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ४३ को उपनियम २ बमोजिम योजना व्यवस्थापकले प्रत्येक महिनामा योजना सम्बन्धी आफूले गरेका कामको देहायका विवरणहरु सो महिना समाप्त भएको १५ दिन भित्र कोष सुपरिवेक्षक तथा बोर्डलाई जानकारी गराई राष्ट्रिय स्तरको पत्रिकामा कम्तीमा १ पटक प्रकाशन गर्नुपर्नेछ। भन्ने व्यवस्था बमोजिम आ.व. २०७८।७९ मा सम्पूर्ण योजना व्यवस्थापकहरुले मासिक प्रतिवेदन समयमै (इमेलमा पेश गरेको प्रतिवेदन मिति मान्य भएको समेत जानकारी) पेश गरेका छन। तर CBIL Capital ले मासिक प्रतिवेदन नियमावलीको व्यवस्था बमोजिम बोर्डलाई जानकारी गराई राष्ट्रिय स्तरको पत्रिकामा निकाल्नुपर्नेमा पत्रिकामा निकालिसकेपछि मात्र बोर्डलाई जानकारी दिएको सन्दर्भमा मिति २०७८।०८।२१ मा नियम परिपालना सम्बन्धमा पत्र लेखिएको।

- **त्रैमासिक शुल्क सम्बन्धमा**: सामूहिक लगानी कोष नियमावली, २०६७ (तेस्रो संशोधन)को नियम २३ को उपनियम

६ बमोजिम कोष सुपरिवेक्षक, योजना व्यवस्थापक र डिपोजिटरीले प्रत्येक त्रैमासिक रुपमा आफूले प्राप्त गरेको सेवा शुल्कको तीन प्रतिशतले हुने रकम उक्त त्रैमास समाप्त भएको तीस दिनभित्र बोर्डमा बुझाउनुपर्ने छ। उक्त अवधिमा बोर्डमा रकम नबुझाएमा वार्षिक दश प्रतिशतका दरले व्याजसमेत जोडी बोर्डमा बुझाउनुपर्ने छ भन्ने व्यवस्था बमोजिम सबै शुल्कहरु समयमै पेश भएको छ। तर चौथो त्रैमासिक शुल्क पेश गर्दा एनआईविएल एस क्यापिटलले २ दिन ढिलो गरि पेश गरेको हुनाले २ दिनको व्याज समेज हिसाव गरि मिति २०७९।०५।०७ गते पेश गरेको।

- **कोष सुपरिवेक्षकको अर्धवार्षिक प्रतिवेदनः** सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ४२ को उपनियम ६ बमोजिम कोष सुपरिवेक्षकले प्रत्येक अर्ध वार्षिक अवधि समात्त भएको ४५ दिन भित्र कोष सुपरिवेक्षण सम्बन्धी कामको अर्धवार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नु पर्ने व्यवस्था बमोजिम प्रथम अर्धवार्षिक प्रतिवेदन, १४ वटा सामूहिक लगानी कोषको २९ वटा योजनाहरुले समयमै (मिति २०७८।११।१६ भित्र नै) पेश गरेको। त्यस्तै दोस्रो अर्धवार्षिक प्रतिवेदन, १४ वटा सामूहिक लगानी कोषको ३० वटा योजनाहरुले समयमै (मिति २०७९।०४।१४ भित्र नै) पेश गरेको।
- **योजना खारेजी सम्बन्धी जानकारी/प्रतिवेदनः** सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३३ बमोजिम योजना खारेज भएपछि योजना व्यवस्थापकले देहायका कुराहरु खुलाई सोको प्रतिवेदन योजना खारेज भएको ६ महिना भित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ। एनआईबिएल म्युचुअल फण्ड अर्न्तगत संचालित एनआईबिएल समृद्धि फण्ड १ मिति २०७८।०९।२२ मा परिपक्व हुने जानकारी मिति २०७८।०७।०७ को पत्र मार्फत जानकारी गराएको। सोको प्रतिवेदन मिति २०७९।०३।२२ सम्ममा बोर्डमा पेश गर्नुपर्नेमा मिति २०७९।०३।०३ मा अर्थात समयसिमा भित्र नै पेश गरेको।

**ई) क्रेडिट रेटिङ्ग कम्पनीको विवरण प्रवाहको अनुगमन**

क्रेडिट रेटिङ्ग नियमावली, २०६८ मा भएको व्यवस्था बमोजिम प्रत्येक क्रेडिट रेटिङ्ग संस्थाले त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र क्रेडिट रेटिङ्ग सम्बन्धी विवरणहरु समावेश भएको त्रैमासिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्नेमा बोर्डबाट अनुमतिपत्र प्राप्त तीन कम्पनी क्रमशः ईक्रा नेपाल लि., केयर रेटिङ्ग नेपाल लि. र इन्फोमेरीक्स क्रेडिट रेटिङ्ग नेपाल लि. बाट समीक्षा वर्षको त्रैमासिक प्रतिवेदनहरु तोकिएको समयमा बोर्डमा पेश भएको छ।

**उ) मर्चेन्ट बैंकरको अनुगमन तथा सुपरिवेक्षण**

बोर्डबाट मर्चेन्ट बैंकरको विवरण प्रवाहको अवस्थाको अनुगमन गैर स्थलगत रुपमा तथा अन्य गतिविधिहरु सम्बन्धमा स्थलगत रुपमा निरीक्षण गर्ने गरिएको छ। आ.व. २०७८।७९ मा मर्चेन्ट बैंकरको गतिविधि सम्बन्धमा गरिएको सुपरिवेक्षण तथा निरीक्षणको अवस्था निम्नानुसार रहेको छ :-

- **गैर स्थलगत सुपरिवेक्षणः** धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले गरेको धितोपत्र कारोबारसहित नाफा नोक्सान हिसाव, वासलात तथा नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। आर्थिक बर्ष २०७८।७९ मा १८ मर्चेन्ट बैंकरले वार्षिक प्रतिवेदन समयमै तथा १ वटा मर्चेन्ट बैंकरले ढिलागरी पेश गरेको र ११ वटा मर्चेन्ट बैंकरहरुले समय थप गर्न माग गरी थप गरिएको समयावधी भित्र बोर्डमा बार्षिक प्रतिवेदन पेश गरेका छन्। आर्थिक वर्ष २०७८।७९ मा सबै ३० वटा मर्चेन्ट बैंकरले नियमानुसार पेश गर्नुपर्ने प्रथम अर्धवार्षिक विवरण समयमैं पेश गरेका छन। यस्तै मर्चेण्ट बैंकरले पेश गर्ने अनुपालना प्रतिवेदन २६ मर्चेण्ट बैंकरले समयमैं बुझाएका छन्। आ.व. २०७८।७९ मा मर्चेन्ट बैंकरको विवरण प्रवाह स्थिति तालिका ४.१ मा प्रस्तुत गरिएको छ।

### तालिका ४.१ : मर्चेन्ट बैंकरको विवरण प्रवाह स्थिति

| क्र.सं. | विवरण | समयमै पेश गर्ने | ढिलो पेश गर्ने | पेश नगर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | बार्षिक प्रतिवेदन | १८ | ११ | ० | ११ वटा मर्चेन्ट बैकरहरुले थप समय माग गरेको र माग भएको समयावधि भित्र विवरण पेश भएको । |
| २ | अर्धबर्षिक प्रतिवेदन | ३० | ० | ० | |
| ३ | अनुपालना विवरण | २६ | ४ | ० | |

- **स्थलगत सुपरिवेक्षणः** मिति २०७८ चैत्र २२ देखि २०७९ जेष्ठ १८ सम्मको विभिन्न मितिमा ६ वटा मर्चेन्ट बैंकहरु एनआईसी एशिया क्यापिटल लि., मुक्तिनाथ क्यापिटल लि., बि.ओ.के क्यापिटल लि., एनएमबि क्यापिटल लि., सनराईज क्यापिटल लि., नेपाल बङ्गलादेश क्यापिटल लि. को स्थलगत सुपरिवेक्षण गरिएको छ । स्थलगत सुपरीवेक्षण पश्चात तयार गरिएको सुपरिवेक्षण सम्बन्धी प्रतिवेदन बोर्डमा पेश गरिएको छ ।

**ऊ) धितोपत्र दलाल व्यवसायीको अनुगमन तथा सुपरिवेक्षणः**

- **गैर स्थलगत सुपरिवेक्षणः** धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) (प्रथम संशोधन) नियमावली, २०७४ मा धितोपत्र दलाल व्यवसायीहरुले आफ्नो धितोपत्र कारोबार लगायत नाफा नोक्सान हिसाव, वासलात, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र बोर्डसमक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोले धितोपत्र दलाल व्यवसायीहरुले आश्विन मसान्तसम्म उक्त विवरण पेश गर्न सक्ने छन् । ५० वटा धितोपत्र दलालहरु व्यवसायीहरु मध्ये २२ वटाले आ.व. २०७८।७९ को वार्षिक प्रतिवेदन समयमै पेश गरेको, ३ वटाले अपरिष्कृत वार्षिक प्रतिवेदन पेश गरेको तथा २५ वटाले समय पेश गर्न नसकी नियमानुसार म्याद थप गर्न माग गरेकोमा सो थप गरिएको । उक्त २५ वटा धितोपत्र दलाल व्यवसायीहरुले म्याद थप गरेको समयसीमा भित्र वार्षिक विवरण पेश गरेका छन् । त्यस्तै १ धितोपत्र व्यापारीले वार्षिक प्रतिवेदन समय पेश गर्न नसकी नियमानुसार म्याद थप गर्न माग गरेकोमा थप गरिएको । निजले म्याद थप गरेको समय भित्र वार्षिक विवरण पेश गरेको । यस्तै धितोपत्र दलाल व्यवसायीहरुले धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०७४ मा धितोपत्र दलाल व्यवसायीहरुले प्रत्येक त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र त्रैमासिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा सोही अनुसार आर्थिक वर्ष २०७८।७९ को पहिलो, दोस्रो, तेस्रो तथा चौथो ५० बटै धितोपत्र दलाल व्यवसायीहरुले समयमै उक्त विवरण बुझाएका थिए । यस्तै धितोपत्र दलाल व्यवसायीहरुले बोर्ड समक्ष अर्धबार्षिक रुपमा पेश गर्नुपर्ने अनुपालना प्रतिवेदन पहिलो र दोस्रो सबैले समयमै बुझाएका छन् । धितोपत्र दलाल व्यवसायीहरुले बोर्ड समक्ष अर्धबार्षिक रुपमा पेश गर्नुपर्ने सम्पत्ति शद्धीकरण सम्बन्धी विवरण पहिलो सबैले समयमा बुझाएको र दोस्रो ८ बटाले ढिला गरी बुझाएका छन् । ढिला गरी विवरण पेश गरेका धितोपत्र दलाल व्यवसायीलाई सो सम्बन्धमा ध्यानाकर्षण गराईएको छ ।

- **स्थलगत सुपरिवेक्षणः** धितोपत्र दलाल व्यवसायीहरुको स्थलगत सुपरिवेक्षण उक्त व्यवसायीहरुले बोर्डमा पेश गरेको प्रतिवेदन तथा विवरणहरु आधारमा १० वटा व्यवसायीको छनौट गरीएकोमा धितोपत्र दलाल व्यवसायीहरु नेपाल इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज् ट्रेडिङ्ग प्रा. लि., अक्सफोर्ड सेक्युरिटिज् प्रा. लि., प्रज्ञान सेक्युरिटिज प्रा. लि., स्वर्णलक्ष्मी सेक्युरिटिज् प्रा. लि., भिजन सेक्युरिटिज् प्रा. लि., आर्यतारा इन्भेष्टमेण्ट एण्ड सेक्युरिटिज् प्रा.लि., इम्पेरियल सेक्युरिटिज् क.प्रा.लि., डाइनामिक मनि म्यानेजरस् सेक्युरिटिज् प्रा.लि., त्रिशक्ति सेक्युरिटिज पब्लिक लि. तथा नासा सेक्युरिटिज प्रा. लि. को स्थलगत सुपरिवेक्षण गरिएको थियो । उक्त सुपरिवेक्षणको क्रममा मुख्यतः देहाय बमोजिमको कैफियतहरु देखिएको ।

- ग्राहक पहिचान विवरणमा सम्पूर्ण विवरणहरु पूर्ण रुपमा भरिएको सुनिश्चित नगरेको तथा कारोबार गर्नु अगावै सम्पूण ग्राहकहरुसँग अनिवार्य रुपमा कारोबार सम्झौता नगरेको ।
- कम्पनीको सेवा सर्त विनियमावली अनुसार कम्पनीको संगठनात्मक संरचना, कर्मचारीको कार्य विभाजन, अधिकार तथा तलवभत्ताको व्यवस्था गरी लागु नगरेको ।
- बोर्डको मिति २०७५।०६।०२ को निर्देशन बमोजिम धितोपत्र दलाल व्यवसायीको संस्थामा कर्मचारीको रुपमा कार्यरत कार्यकारी प्रमुख, कार्यकारी संचालक तथा कार्यकारी अध्यक्ष लगायत सबैलाई अनिवार्य रुपमा निजहरुको जिम्मेबारी तथा सेवा शर्त खुल्ने व्यवस्था नगरेको ।
- T+3 (हाल T+2) मा कारोबार राफसाफ गर्नुपर्ने कानुनी व्यवस्था अनुरुप सम्पूर्ण खरिद गरेको धितोपत्र सम्बन्धित लगानीकर्ताको खातामा पठाउने तथा विक्री पश्चातको रकम सम्बन्धित लगानीकर्ताको बैंक खातामा पठाउने र नपठाउनु पर्ने भए सो सम्बन्धमा लगानीकर्ताहरुबाट लिखित रुपमा निवेदन माग गर्ने व्यवस्था नगरेको ।
- कम्पनीको सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी आन्तरिक नीति तथा कार्यविधि, २०७६ बमोजिम उच्चपदस्थ ग्राहकको सम्पुष्टि गर्ने तथा जोखिमको आधारमा ग्राहकको वर्गिकरण गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरीङ्ग) निवारण ऐन, २०७८ अनुसार शङ्कास्पद कारोबार भएमा सो सम्बन्धमा वित्तीय जानकारी इकाईलाई प्रतिवेदन पेश नगरेको ।
- लगानीकर्ताहरुबाट प्राप्त हुने गुनासाहरुको रेकर्ड राख्ने तथा सोको सम्बोधन भए/नभएको समेत रेकर्ड नराखेको ।
- प्रस्तुत कैफियत सुधार गर्न बोर्डबाट उक्त धितोपत्र दलाल व्यवसायीहरुलाई निर्देशन दिने क्रममा रहेका ।

**ए) निक्षेप सदस्यको गैरस्थलगत अनुगमन**: धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २८ (२) मा निक्षेप सदस्यले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र लेखा परीक्षण भएको वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नु पर्नेछ भन्ने व्यवस्था बमोजिम आर्थिक वर्ष २०७७।७८ को वित्तीय विवरण ७१ निक्षेप सदस्यले समयमा पेश गरेको र ३ निक्षेप सदस्यले ढिला गरी पेश गरेको छ। बोर्डको आर्थिक वर्ष २०७८।७९ को धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रममा कम्तिमा बीस प्रतिशत निक्षेप सदस्यहरुको स्थलगत सुपरीवेक्षण गर्ने कार्यक्रम रहेकोमा सो कार्यक्रम बमोजिम स्थलगत सुपरीवेक्षण गर्ने कार्य सम्पन्न गरेको ।

**ऐ) सूचीकृत संगठित संस्थाको गैरस्थलगत अनुगमन**: समीक्षा वर्षमा सूचीकृत कम्पनीहरुको विवरण सम्बन्धमा गरिएको गैर स्थलगत अनुगमनको अवस्थालाई तल विस्तृतरुपमा प्रस्तुत गरिएको छ ।

- **सूचीकृत संगठित संस्थाको लेखापरिक्षण/वार्षिक प्रतिवेदन सम्बन्धमा**: नेपाल धितोपत्र बोर्डमा धितोपत्र दर्ता भई नेपाल स्टक एक्सचेन्जमा धितोपत्र सुचीकरण गराएका संगठित संस्थाहरुले धितोपत्र दर्ता तथा निष्कांशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) बमोजिम आर्थिक वर्ष समाप्त भएको पाँच महिना भित्र वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ। यस व्यवस्थाअनुसार २१९ वटा सूचीकृत संगठित संस्थाहरु मध्ये ४६ वटा कम्पनीले वार्षिक प्रतिवेदन समयमा पेश गरेका छन भने १२९ वटा कम्पनीले ढिला प्रतिवेदन पेश गरेका छन । अतः प्रतिवेदन पेश गर्नेको संस्थाको संख्या १७५ पुगेको छ। प्रतिवेदन पेश गर्ने सूचीकृत संगठित संस्थाहरु विभिन्न समूहमा रहेका छन, जसमा बाणिज्य बैंक समूहमा २६ वटा सबै , विकास बैंक समूहमा १६ मध्ये १४ कम्पनी, वित्त कम्पनी समूहमा १५ वटा सबै, लघुवित्त वित्तीय संस्था समूहमा ५१ मध्ये ५०, निर्जीवन विमा समुहमा १८ मध्ये १६, उत्पादन तथा प्रशोधन समूहमा ६ वटा सबै, जलविद्युत समूहमा ४५ मध्ये ३८, होटल तथा पर्यटन समूह ४ वटा सबै, लगानी समूहमा ५ मध्ये ४, व्यापार समूहमा २ मध्ये १ र अन्य समूहमा २ मध्ये १ ) रहेका छन ।
- **आ.व. २०७८।७९ को प्रथम त्रैमासिक प्रतिवेदन** : यस अवधिमा २२४ सूचीकृत कम्पनी मध्ये १९१ कम्पनीले तोकिएको समयमा त्रैमासिक प्रतिवेदन बोर्ड समक्ष पेश गरेका छन् । तारागाँउ रिजेन्सी होटल्स लि. ले प्रतिवेदन पेश गर्न एक

महिना थप समयको लागि अनुरोध गरेको । ९ वटा सुचिकृत संगठित संस्थाले प्रतिवेदन बोर्ड समक्ष पेश नगरेको, ती संगठित संस्थालाई प्रतिवेदन पेश नगरेको समबन्धमा कारण माग गर्दै अबिलम्ब प्रतिवेदन पेश गर्न २०७८।०८।०८ मा पत्राचार गरिएको छ । नेपाल पुनर्बीमा कम्पनी लिमिटेडले प्रतिवेदन पेश गर्न नसक्नुको कारणमा पुनर्बीमा व्यवसायको अन्तर्राष्ट्रिय अभ्यास अनुसार नै यस कम्पनीले व्यवसाय गर्नु पर्ने भएकाले कम्पनीमा व्यवसायिक कारोवारको हर हिसाव विवरणहरु त्रैमासिक अवधि समाप्त भएको मितिले सामान्यता २.५ (अढाई) महिनाभित्र मात्र आउने भएको हुँदा त्रैमासिक विवरण सम्बन्धित निकायमा पेश गर्न र राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्न ढिलो हुन गएको जानकारी २०७८।०८।१२ मा दिएको । साथै ८ वटा कम्पनीले त्रैमासिक प्रतिवेदन ढिला गरी पेश गरेको, ती संगठित संस्थालाई २०७८।०८।१० मा पत्र मार्फत उक्त विवरण ढिलो गरी पेश गर्नुको कारण पेश गर्न पत्राचार गरिएको छ । यस अवधिमा वाणिज्य बैंक समूहका २६, विकास बैंक समूहका १७, वित्त कम्पनी समूहका १५ कम्पनी, लघुवित्त समूहका ५० कम्पनी, इन्स्योरेन्स समूहका -जीवन बीमा तथा निर्जिवन बीमा ) ३० कम्पनी, उत्पादन प्रसोधन समूहका ५ कम्पनी, हाइड्रोपावर समूहका ३९ कम्पनी, होटेल तथा पर्यटन समूहमा ३ कम्पनी, अन्य समूहका १, व्यापार समूहका १ कम्पनी, लगानी समूहका ४ कम्पनीले त्रैमासिक प्रतिवेदन पेश गरेका छन । २३ वटा कम्पनीको कारोवार स्थगनमा रहेकोले उक्त कम्पनीको प्रतिवेदन प्राप्त नभएको अवस्था छ ।

- **आ.व. २०७८।७९ को दोस्रो त्रैमासिक प्रतिवेदन** : दोस्रो त्रैमासमा कायम २२७ सूचीकृत संगठित संस्था जसमा १९३ संगठित संस्थाको कारोबार भइरहेको ३४ वटा कम्पनीको कारोवार स्थगनमा रहेको छ । १९३ संगठित संस्थाले त्रैमासीक प्रतिवेदन बोर्ड समक्ष पेश गरेका छन् । तारागाँउ रिजेन्सी होटल्स लि., बुद्धभुमि हाइड्रोपावर लि. ले प्रतिवेदन पेश गर्न एक महिना थप समयको लागि अनुरोध गरेका छन । ९ वटा सुचिकृत संगठित संस्थाले प्रतिवेदन बोर्ड समक्ष पेश नगरेको, ती संगठित संस्थालाई प्रतिवेदन पेश नगरेको सम्बन्धमा कारण माग गर्दै अबिलम्ब प्रतिवेदन पेश गर्न २०७८।११।०३ मा पत्राचार गरिएकोमा ५ वटा कम्पनीले कारणसहित प्रतिवेदन पेश गरेका छन । ११ वटा कम्पनीले त्रैमासिक प्रतिवेदन ढिला गरी पेश गरेको, ती संगठित संस्थालाई २०७८।११।१६ मा पत्र मार्फत उक्त विवरण ढिलो गरी पेश गर्नुको कारण पेश गर्न पत्राचार गरिएकोमा ४ वटा कम्पनीले ढिला प्रतिवेदन पेश गर्नुको कारण पेश गरेका थिए । दोस्रो त्रैमासिक अवधिसम्म वाणिज्य बैंक समूहका २३, विकास बैंक समूहका १६, वित्त कम्पनी समूहका १५ कम्पनी, लघुवित्त समूहका ४५ कम्पनी, इन्स्योरेन्स समूहका (जीवन विमा तथा निर्जिवन विमा ) ३० कम्पनी, उत्पादन प्रसोधन समूहका ५ कम्पनी, हाइड्रोपावर समूहका ४२ कम्पनी, होटेल तथा पर्यटन समूहमा २ कम्पनी, अन्य समूहका १ कम्पनी, लगानी समूहका ५ कम्पनीले ले त्रैमासिक प्रतिवेदन पेश गरेका छन । ३४ वटा कम्पनीको कारोवार स्थगन भएकोमा ९ वटा कम्पनीले प्रतिवेदन पेश गरेका छन भने २५ वटा कम्पनीले प्रतिवेदन पेश नगरेको अवस्था छ ।
- **आ.व. २०७८।७९ को तेस्रो त्रैमासिक प्रतिवेदन** : सूचीकृत संगठित संस्थाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) बमोजिम २३१ सूचीकृत कम्पनी मध्ये १७३ कम्पनीले आ. व. २०७८।०७९ को तेश्रो त्रैमाशको प्रतिवेदन बोर्डमा पेश गरेका छन । यस अवधिसम्ममा वाणिज्य बैंक समूहका २३, विकास बैंक समूहका ११, वित्त कम्पनी समूहका १३ कम्पनी, लघुवित्त समूहका ४२ कम्पनी, जीवन विमा समूहका १२ तथा निर्जिवन विमा समूहका १८ कम्पनी , उत्पादन तथा प्रसोधन समूहका ५ कम्पनी, हाइड्रोपावर समूहका ३८ कम्पनी, होटेल तथा पर्यटन समूहमा ३ कम्पनी, अन्य समूहका १ कम्पनी, लगानी समूहका ६ कम्पनी तथा व्यापार समूहका १ ले त्रैमासिक प्रतिवेदन पेश गरेका छन । ३३ वटा कम्पनीको कारोवार स्थगन भएकोमा ८ वटा कम्पनीले प्रतिवेदन पेश गरेका छन भने २५ वटा कम्पनीले प्रतिवेदन पेश नगरेको अवस्था छ । तारागाँउ रिजेन्सी होटल्स लि. ले प्रतिवेदन पेश गर्न एक महिना थप समयको लागि अनुरोध गरी २०७९।०३।०३ मा बोर्डमा उक्त प्रतिवेदन पेश भएको छ । १४ वटा सुचिकृत संगठित संस्थाले तेश्रो त्रैमासको प्रतिवेदन बोर्ड समक्ष पेश नगरेको, ती संगठित संस्थालाई प्रतिवेदन पेश नगरेको सम्बन्धमा कारण माग गर्दै अबिलम्ब प्रतिवेदन पेश गर्न २०७९।०२।०९ मा पत्राचार गरिएकोमा ५ वटा कम्पनीले कारणसहित प्रतिवेदन पेश गरेका छन । २४ वटा कम्पनीले त्रैमासिक प्रतिवेदन ढिला गरी पेश गरेको,

ती संगठित संस्थालाई २०७९।०२।१० मा पत्र मार्फत उक्त विवरण ढिलो गरी पेश गर्नुको कारण पेश गर्न पत्राचार गरिएकोमा १० वटा कम्पनीले ढिला प्रतिवेदन पेश गर्नुको कारण पेश गरेका थिए।

- **आ.व. २०७८।७९ को चौथो त्रैमासिक प्रतिवेदन** : यस अवधिमा सूचीकृत संगठित संस्थाहरुको मर्जर तथा प्राप्ती पश्चात २३६ सूचीकृत कम्पनी मध्ये २०५ कम्पनीले आ. व. २०७८।०७९ को चौथो त्रैमाशको प्रतिवेदन समयमा बोर्डमा पेश गरेका छन भने तारागाँउ रिजेन्सी होटल लि. ले थप एक महिना समयको लागि अनुरोध गरेका छन। यस अवधिसम्ममा वाणिज्य बैंक समूहका २०, विकास बैंक समूहका १६, वित्त कम्पनी समूहका १५ कम्पनी, लघुवित्त समूहका ५२ कम्पनी, जीवन बीमा समूहका ४ तथा निर्जिवन बीमा समूहका ८ कम्पनी, उत्पादन तथा प्रसोधन समूहका ५ कम्पनी, हाइड्रोपावर समूहका ४९ कम्पनी, होटेल तथा पर्यटन समूहमा ३ कम्पनी, अन्य समूहका १ कम्पनी, लगानी समूहका ६ कम्पनी तथा व्यापार समूहका १ ले त्रैमासिक प्रतिवेदन पेश गरेका छन। ५३ वटा कम्पनीको कारोवार स्थगन भएकोमा २५ वटा कम्पनीले प्रतिवेदन पेश गरेका छन भने २८ वटा कम्पनीले प्रतिवेदन पेश नगरेको अवस्था छ। ३० वटा सुचीकृत संगठित संस्थाले तेश्रो त्रैमासको प्रतिवेदन बोर्ड समक्ष पेश नगरेकोमा २४ वटा कम्पनीको कारोबार स्थगन तथा ६ वटा कम्पनीको कारोवार भईरहेको अवस्था छ जसमा , ती संगठित संस्थालाई प्रतिवेदन पेश नगरेको सम्बन्धमा कारण माग गर्दै अबिलम्ब प्रतिवेदन पेश गर्न २०७९।०५।१९ मा पत्राचार गरिएको। सूचीकृत संगठित संस्थाहरुको त्रैमासिक प्रतिवेदन विवरण प्रवाह अवस्था तालिका ४.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.२: सूचीकृत संगठित संस्थाहरुको त्रैमासिक प्रतिवेदन विवरण प्रवाह अवस्था**

| विवरण | आ.व. २०७३।७४ | आ.व. २०७४।७५ | आ.व. २०७५।७६ | आ.व. २०७६।७७ | आ.व. २०७७।७८ | आ.व. २०७८।७९ |
|---|---|---|---|---|---|---|
| पहिलो त्रैमासिक | १५७ | १४० | १५३ | १४९ | १५३ | १९१ |
| दोस्रो त्रैमासिक | १४६ | ११८ | १५१ | १६१ | २०८ | १९३ |
| तेस्रो त्रैमासिक | १४० | १५९ | १६३ | ७५ | २१४ | १७३ |
| चौथो त्रैमासिक | १३४ | १४० | १६६ | १०१ | २०९ | २०५ |

- **सूचीकृत संस्थाहरुको वार्षिक साधारण सभा: सूचीकृत कम्पनीहरुको वार्षिक साधारण सभा तथा लाभांस वितरण सम्बन्धी विवरण:**
    - सूचीकृत संगठित संस्थाहरुको गैह्रस्थलगत सुपरिवेक्षण गर्दा जम्मा २६ बाणिज्य बैंक समूहका सबै बैंकहरुले आ.व. २०७७/७८ को वार्षिक साधारण सभा गरी वार्षिक प्रतिवेदन पेश गरेका छन। वार्षिक साधारण सभा सम्पन्न गर्ने मध्ये २५ वटा बैंकहरुले लाभांस सम्बन्धी निर्णय गरेका छन जसमध्ये सबैभन्दा धेरै लाभांस नविल बैंक लि. ले ३८ प्रतिशत (३३.६ प्रतिशत बोनस शेयर र ४.४ प्रतिशत नगद लाभांश) र सबैभन्दा कम सिभिल बैंक लि. ले ५.२६ प्रतिशत (५ प्रतिशत बोनस शेयर र ०.२६ प्रतिशत नगद) लाभांश वितरण गर्ने निर्णय पारित गरेका थिए।
    - विकास बैंक समूहका १६ विकास बैंकहरुमध्ये १४ बैंकहरुले आ.व.२०७७/७८ को वार्षिक साधारण सभा सम्पन्न गरेका छन जसमध्ये १० बैंकहरुले उक्त सभाबाट लाभांस सम्बन्धी निर्णय पारित गरेका छन। उक्त समूहमा वार्षिक साधारण सभाबाट लाभांस निर्णय गर्ने बैकहरुमध्ये सबैभन्दा धेरै महालक्ष्मी विकास बैंक लि. ले २१.०५२६ प्रतिशत लाभांश (२० प्रतिशत बोनस शेयर र १.०५२६ प्रतिशत नगद लाभांश) र सबैभन्दा कम एक्सल डेभलपमेन्ट बैंक लि. ८.९५ प्रतिशत लाभांश (८.५ प्रतिशत बोनस शेयर र ०.४५ प्रतिशत नगद) लाभांश वितरण गर्ने निर्णय पारित गरेका थिए।

- वित्त कम्पनी समूहका १५ वटा कम्पनी मध्ये १५ कम्पनीहरुले आ.व. २०७७/७८ को वार्षिक साधारण सभा सम्पन्न गरी उक्त साधारणसभाबाट ११ वित्त कम्पनीहरुले लाभांस सम्बन्धी संचालक समितिको प्रस्तवलाई पारित गरेका छन । यस समूहबाट सबैभन्दा धेरै मन्जुश्री फाइनान्स कम्पनी लि ले ४६ प्रतिशत लाभांश (४० प्रतिशत बोनस शेयर तथा ६ प्रतिशत नगद) लाभांश  र सबैभन्दा कम प्रोगेसिभ फाइनान्स लि. ले ६.३१५७ प्रतिशत लाभांश (६ प्रतिशत बोनस शेयर र ०.३१५७ प्रतिशत नगद) लाभांश वितरण गर्ने निर्णय पारित गरेका थिए ।
- बीमा समूहका, १८ निर्जिवन बीमा कम्पनी मध्ये १६ कम्पनीहरुले आ.व. २०७७।०७८ को वार्षिक साधारण सभा सम्पन्न गरी उक्त सभाबाट ११ कम्पनीले लाभांस सम्बन्धी संचालक समितिको प्रस्तवलाई पारित गरेका छन । यस समूहबाट सबैभन्दा धेरै सगरमाथा इन्स्योरेन्स कम्पनी लि. ले २१.०५२६ प्रतिशत लाभांश (२० प्रतिशत बोनस शेयर १.०५२६ प्रतिशत नगद) लाभांश र सबैभन्दा कम एभरेष्ट इन्स्योरेन्स कम्पनी लि ले ६.३१५२ प्रतिशत लाभांश (६ प्रतिशत बोनस शेयर ०.३१५२ प्रतिशत नगद) लाभांश वितरण गर्ने निर्णय पारित गरेका थिए ।
- लघुवित्त समूहका ५१ कम्पनी मध्ये ५० वित्तीय संस्थाहरुले आ.व. २०७७/७८ को वार्षिक साधारण सभा सम्पन्न गरी ४४ वित्तीय संस्थाहरुले लाभांस सम्बन्धी संचालक समितिको प्रस्तवलाई पारित गरेका छन । यस समूहमा सबैभन्दा धेरै जिवन विकास लघुवित्त वित्तीय संस्था लि. ७३.६८ प्रतिशत लाभांश (७० प्रतिशत बोनस शेयर तथा ३.६८ प्रतिशत नगद र सबैभन्दा कम एन आई सी एशिया  लघुवित्त वित्तीय संस्था लि. ले ५.४१ प्रतिशत नगद लाभांश वितरण गर्ने निर्णय पारित गरेका थिए ।
- जलविद्युत समूहका ४५ कम्पनी मध्ये ३८ कम्पनीहरुले आ.व. २०७७/७८ को वार्षिक साधारण सभा सम्पन्न गरी १४ कम्पनीले लाभांस सम्बन्धी संचालक समितिको प्रस्तावलाई पारित गरेका छन । यस समूहमा न्यादी ग्रूप पावर लि. ले सबैभन्दा धेरै २१.०५ प्रतिशत लाभांश (२० प्रतिशत बोनस शेयर तथा १.०५ प्रतिशत नगद)  र सबैभन्दा कम नेपाल हाइड्रो डेभलपर लि. ७.३६८४ प्रतिशत (७ प्रतिशत बोनस शेयर तथा ०.३६८४ प्रतिशत नगद) लाभांश वितरण गर्ने निर्णय पारित गरेका थिए ।
- लगानी समूहका ५ कम्पनी मध्ये ४ वटा कम्पनीले आ.व. २०७७/७८ वार्षिक साधारण सभा सम्पन्न गरी संचालक समितिको प्रस्तावलाई पारित गरेका छन । जलविद्युत लगानी तथा विकास कम्पनी लि. सबैभन्दा धेरै ३१.५७८९ प्रतिशत लाभांश (३० प्रतिशत बोनस शेयर तथा १.५७८९ प्रतिशत नगद) लाभांश पारित गरेको छ। एन आर एन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. ले. सबैभन्दा कम ५.२६ प्रतिशत ( ५ प्रतिशत बोनस शेयर तथा ०.२६ प्रतिशत नगद) लाभांश वितरण गर्ने निर्णय पारित गरेका थिए ।
- होटेल समूहका ५ कम्पनी मध्ये ४ वटा कम्पनीहरुले आ.व.२०७७/७८ को वार्षिक साधारण सभा सम्पन्न गरेको तर यी मध्ये कुनै कम्पनीले लाभांस सम्बन्धी घोषणा गरेका छैनन ।
- अन्य समूहका २ कम्पनी मध्ये २ वटै कम्पनीहरु ले  आ.व. २०७७/७८ को वार्षिक साधारण सभा सम्पन्न गरी लाभांस सम्बन्धी संचालक समितिको प्रस्ताव पारित गरेका छन । यस समूहमा नेपाल दुरसञ्चार कम्पनी लि. ले ४० प्रतिशत (२० प्रतिशत बोनस शेयर तथा २० प्रतिशत नगद) लाभांश वितरण गर्ने निर्णय गरेका छन भने सबैभन्दा कम नेपाल रिइन्स्योरेन्स कम्पनी लि. ले ५.२६३ प्रतिशत -
- उत्पादन तथा प्रशोधन समूहका छ कम्पनीहरु मध्ये छ वटै कम्पनीहरुले आ.व. २०७७/७८  को साधारण सभा सम्पन्न गरी ४ कम्पनीहरुले लाभांस सम्बन्धी संचालक समितिको प्रस्ताव पारित गरेका छन । यस समूहमा युनीलिभर नेपाल लि. ले ६५० प्रतिशत नगद लाभांश तथा हिमालयन डिस्टिलरी लि. ले २५ प्रतिशत नगद लाभांश तथा ७५ प्रतिशत बोनस शेयर पारित गरेका छन र सबैभन्दा कम शिवम सिमेन्ट लि. ले २५ प्रतिशत नगद लाभांश पारित गरेका छन ।

- व्यापार समूहका २ कम्पनी मध्ये १ कम्पनीले आ.व. २०७७/७८ को वार्षिक साधारण सभा सम्पन्न गरी लाभांस सम्बन्धी संचालक समितिको प्रस्ताव पारित गरेका छन । यस समूहमा साल्ट ट्रेडिगं कर्पोरेसन लि. ले १०.५२६ प्रतिशत ( १० प्रतिशत बोनस शेयर तथा ०.५२६ प्रतिशत नगद) लाभांश वितरण गर्ने निर्णय पारित गरेका थिए ।

- **संस्थागत सुशासन सम्बन्धी प्रतिवेदन सम्बन्धमाः** सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बोर्डबाट जारी भै मिति २०७५।०४।०१ देखि लागू भएको छ । निर्देशिकाको व्यवस्था अनुसार सुचीकृत संगठित संस्थाहरुले वार्षिक प्रतिवेदनका साथै संस्थागत सुशासन सम्बन्धी विवरण वोर्डले तोकिदिएको ढाँचामा तयार गरी पेश गर्नुपर्ने व्यवस्था गरेको छ । सुचिकृत कम्पनीको संस्थागत सुशासन सम्बन्धी प्रतिवेदन २०७८ माघ सम्म जम्मा  ८० वटा कम्पनीले मात्र प्रतिवेदन पेश गरेको छन । संस्थागत सुशासन प्रतिवेदन पेश नगर्ने १२२ वटा कम्पनीहरुलाई २०७८।११।१५ मा पत्राचार गर्दा थप ५३ वटा कम्पनीले सो प्रतिवेदन वोर्डमा पेश गरेका छन । अतः प्रतिवेदन पेश गर्ने संस्थाको संख्या १३३ पुगेको छ, भने १३ वटा सुचीकृत संस्थाले सो प्रतिवेदन पेश गर्न नसक्नुको कारण सहितको जवाफ पेश गरेका छन ।

## ४.४ लगानीकर्ता जनचेतना तथा प्रशिक्षण कार्यक्रम

बोर्डद्वारा समीक्षा वर्षमा देशका विभिन्न स्थानहरुमा स्थानीय उद्योग वाणिज्य संघ, शैक्षिक संस्था, सामाजिक संघ संस्थाहरुसँग सहकार्य गरी लगानीकर्ता सचेतना तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरी स्थानीय लगानीकर्ता, उद्योगी व्यवसायी, प्राध्यापक तथा बिद्यार्थीहरुलाई पुँजी बजार तथा वस्तु विनियम बजारका विविध पक्षहरुको बारेमा जानकारी प्रदान गरिएको छ । साथै विभिन्न अन्तर्राष्ट्रिय संस्था तथा निकायहरुले वित्तीय साक्षरता अभिवृद्धिका लागि संचालन गर्ने सप्ताहव्यापी कार्यक्रममा समेत नेपालमा विविध सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ । धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरुले समेत सामाजिक उत्तरदायी कार्य अर्न्तगत सेयर बजार सम्बन्धी जानकारी दिने हेतुले देशका विभिन्न स्थानमा सेयर बजार सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरेको छन् । समीक्षा वर्षमा बोर्ड, धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरुबाट विभिन्न स्थानमा सञ्चालन गरिएका कार्यक्रमहरुबाट ६००० भन्दा बढी लगानीकर्ताहरुलाई प्रशिक्षण प्रदान गरी ज्ञान अभिवृद्धि कार्य गरिएको छ ।

### अ) विश्व वित्तीय सप्ताह-२०२२ मा विविध कार्यक्रम संचालन

बोर्डले मार्च २१ देखि २७ सम्म वित्तीय साक्षरता, धितोपत्र बजार शिक्षा तथा सचेतनासम्बन्धी देशभर विभिन्न कार्यक्रमहरू सञ्चालन गरी Global Money Week-2022 सम्पन्न गरेको छ । खासगरी किशोर तथा युवाहरुमा वित्तीय शिक्षाको महत्वका सम्बन्धमा जागरण ल्याउने उद्देश्यले आयोजना गरिएको उक्त सप्ताहमा बोर्डले विभिन्न कार्यक्रमहरूको समन्वय एवं व्यवस्थापन गरेको थियो । Organisation of Economic Cooperation and Development/International Network of Financial Education  (OECD/INFE) ले वार्षिक रुपमा आयोजना गर्ने कार्यक्रमको रुपमा रहेको यो सप्ताह बोर्डको समन्वयमा धितोपत्र बजारमा रहेका नेप्से, सिडिएससि, मर्चेन्ट बैंकर, धितोपत्र दलाल व्यवसायी, रेटिगं एजेन्सीको सहभागिता रहेको थियो । उक्त सप्ताहमा बोर्ड तथा धितोपत्र बजारसम्बद्ध पक्षहरूबाट देहाय बमोजिमको कार्यक्रमहरु सञ्चालन भएका थिएः

- **चैत ७, सोमबारः** नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक, बीमा समिति र सहकारी विभागबाट संयुक्त रूपमा आयोजित वित्तीय सेवा र वित्तीय साक्षरता तथा यसको महत्व विषयक कार्यक्रममा बोर्डका तर्फबाट धितोपत्र बजारको आधार भूत पक्ष र लगानी शिक्षासम्बन्धमा बोर्डका उप कार्यकारी निर्देशक डा. नवराज अधिकारीले प्रस्तुतीकरण गर्नुभएको थियो । उक्त कार्यक्रममा देशका विभिन्न प्रदेशका विद्यार्थी, सहकारीकर्मी, बीमा अभिकर्ता तथा वित्तीय सेवाग्राहीका साथै पुँजी बजारका लगानीकर्ताको उल्लखेनिय सहभागिता रहेको थियो ।

- **चैत ८, मंगलबार :** पम्पलेट तथा लिफ्लेट प्रकाशन तथा वितरणका साथै धितोपत्र बजारको अवस्था तथा प्रवृत्ति,

बजारको विकास तथा विस्तारका लागि विगतका वर्षहरुमा भएका पहलका साथै लगानीकर्ताहरुमा बोर्डको सन्देश लगायतका सामग्रीहरू गोरखापत्रमा प्रकाशन गरिएको थियो । नेप्सेले लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम आयोजना गरेको थियो।उक्त कार्यक्रममा नेप्से र सिडिएससिले NOTS System र Central Securities Depository को प्राविधिक पक्षहरूका सम्बन्धमा प्रस्तुतीकरण भएको र नेप्सेले बोर्ड अध्यक्ष श्री रमेश कुमार हमालको प्रमुख आतिथ्यतामा Ring the Bell कार्यक्रम समेत सम्पन्न भएको थियो ।

- **चैत ९, बुधबार** : देशका विभिन्न प्रदेशहरुमा (पोखरा, बुटवल, विराटनगर) धितोपत्र बजारसम्बन्धी लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको थियो । विराटनगरमा बोर्ड, नेप्से, सिडिएससि, स्टक ब्रोकर एशोसियसन अफ नेपाल, मर्चेन्ट बैंकर्स एशोसियसन अफ नेपाल तथा इक्रा नेपाल लि.को समेत प्रस्तुतिकरण रहेको उक्त कार्यक्रममा २०० भन्दा बढी युवा लगानीकर्ताको सहभागिता रहेको थियो भने सोही प्रकृतिको कार्यक्रम पोखरा र बुटवलमा पनि सञ्चालन गरिएकोमा प्रत्येक कार्यक्रममा १८० भन्दा बढी सहभागीहरू रहेका थिए ।
- **चैत १०, बिहिबार**: बोर्डको समन्वय तथा स्टक ब्रोकर एसोसिएशन अफ नेपाल र मर्चेन्ट ब्रोकर एसोसिएशन अफ नेपालको संयुक्त आयोजनामा सुदूरपश्चिम प्रदेशको धनगढी शहरमा धितोपत्र बजार सम्बन्धी लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भयो।उक्त लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रममा मुख्यमन्त्री माननीय त्रिलोचन भट्टको प्रमुख आतिथ्यता, सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव श्री रामेश्वर दंगाल र नेपाल धितोपत्र बोर्डका अध्यक्ष श्री रमेश कुमार हमाल, तथा सुदूरपश्चिम विश्वविद्यालयका व्यवस्थापन संकायका डीन पदम राज जोशी विशेष अतिथि रहनु भएको थियो। कार्यक्रममा माननीय मुख्यमन्त्रीले सुदूरपश्चिम प्रदेशमा ठूला ठूला उद्योग कलकारखाना खोल्न तथा प्रदेशका युवा जनशक्तिलाई प्रदेशमा नै रोजगारीको अवसर सृजना गर्न नेपाल धितोपत्र बोर्ड लगायत अन्य निकायले पनि देशको संघीय ढाँचालाई अनुसरण गर्नुपर्ने र उक्त कार्यलाई सहयोग गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको बताउनुभयो । लगानीकर्ता, युवा, विधार्थी र विभिन्न क्षेत्रका व्यवसायी तथा पेशाकर्मी गरी ३०० जना सहभागी भएको उक्त कार्यक्रमको पहिलो सत्रमा धितोपत्र बजारका आधारभूत पक्षहरु तथा धितोपत्र बजार सम्बन्धी साक्षरता विषयमा बोर्डका उप कार्यकारी निर्देशक डा. नवराज अधिकारीले प्रस्तुतिकरण गर्नु भएको थियो । यस्तै वित्त बजार तथा वित्तीय साक्षरता सम्बन्धमा नेपाल राष्ट्र बैंक धनगढीका का.मु निर्देशक अवन्तिका रिमाल र धितोपत्रको दोस्रो बजार सम्बन्धमा नेपाल स्टक एक्सचेन्ज लि. का प्रवन्धक निरञ्जन फुयालले प्रस्तुतिकरण गर्नु भएको थियो ।
- **चैत ११ शुक्रबार**: बोर्डले Zoom मार्फत् सामूहिक लगानी कोष र क्रेडिट रेटिगंका आधारभूत पक्षहरूका सम्बन्धमा लगानीकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको थियो । मर्चेन्ट बैंकर्स एशोसियसन अफ नेपालका तर्फबाट श्री पोस्कर बस्नेत र इक्रा नेपाल लि. बाट श्री राजिव महर्जनको प्रस्तुतीकरण रहेको उक्त कार्यक्रम बोर्डका का.मु. निर्देशक श्री रेवत श्रेष्ठले सञ्चालन गर्नुभएको थियो । यस भर्चुअल कार्यक्रममा करिब १,१०० सर्वसाधारण लगानीकर्ताहरूको सहभागिता रहेको थियो ।
- **चैत १२ शनिबार**: बोर्डले रेडियो नेपालमार्फत् "वित्तीय साक्षरता, धितोपत्र बजार शिक्षा तथा सचेतना" सम्बन्धमा उच्चस्तरीय छलफल कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा त्रिभुवन विश्वविद्यालयको सेवा निवृत प्रा. डा. राजन बहादुर पौडेल, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाश कुमार क्षेष्ठ, बीमा क्षेत्रका विज्ञ श्री भोजराज शर्मा र बोर्डका उपकार्यकारी निर्देशक तथा विश्व वित्तीय सप्ताह-२०२२ धितोपत्र बजार शिक्षा तथा सचेतना अभिबृद्धि कार्यक्रम आयोजना तथा संचालन समितिका संयोजक डा.नबराज अधिकारीको सहभागिता रहेको थियो । सोही दिन "पुँजी बजार शिक्षा तथा युवाको सशक्तिकरण" विषयमा हिमालयन टेलिभिजनमार्फत् अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा बोर्ड अध्यक्ष श्री रमेश कुमार हमाल, बोर्डका पूर्व अध्यक्ष प्रा.डा. शुरविर पौड्याल, प्रा.डा. राधेश्याम प्रधान, नेप्सेका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण बहादुर कार्की र वित्त तथा कर विज्ञ श्री केपी पाण्डे वक्ताको रूपमा रहनुभएको थियो ।

- **चैत १३ आइतबार**: बोर्डको समन्वय एवं व्यवस्थापनमा वित्तीय साक्षरता सम्बन्धी प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको छ । प्रभातफेरी कार्यक्रमको समापन सत्र माननीय अर्थ मन्त्री जनार्दन शर्मा प्रभाकरज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा बोर्ड, नेपाल राष्ट्र बैंक, बीमा समिति, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरीङ्ग लि., रेटिङ्ग संस्थाहरू, स्टक ब्रोकर एशोसियसन अफ नेपाल र मर्चेन्ट बैकर्स एशोसियसन अफ नेपाल, नेशनल बैकिङ्ग इन्स्टिट्यूट र सम्बद्ध संस्थाहरूको व्यापक सहभागिता रहेको थियो । कार्यक्रममा माननीय अर्थमन्त्रीज्यूले हालको नयाँ नेतृत्वले नयाँ प्रतिबद्दता सहित नयाँ संरचना तथा योजनासहित बजारको विकास तथा विस्तारका लागि कार्य गर्नुपर्ने र नेपालको पुँजी बजारलाई अन्तर्राष्ट्रिय स्तरको प्रविधिमैत्री एवं आधुनिक बनाउनुका साथै बजारलाई अर्थतन्त्रको ऐनाको रूपमा विकास गर्न सम्बद्ध सबै पक्षलाई निर्देशन समेत दिनुभयो । वित्तीय अज्ञानताका कारण विविध खालका समस्या उत्पन्न हुने र आरोप प्रत्यारोपहरू लाग्ने हुँदा सर्वसाधरणलाई बुद्दिमतापूर्वक निर्णय लिन सक्षम बनाउन साक्षरता सम्बन्धी कार्यक्रमहरू तल्लो तहका मानिसहरू समेत लाभान्वित हुने गरी व्यापक रूपमा सञ्चालन गर्न समेत निर्देशन दिनुभयो । उक्त कार्यक्रममा माननीय अर्थमन्त्रीज्यूले Global Money Week–2022 को अवसरमा नेपाल धितोपत्र बोर्ड, नेप्से, सिडिएससि, रेटिङ्ग एजेन्सी तथा मर्चेन्ट बैंकर्स एशोसियसनले प्रकाशन गरेका वित्तीय साक्षरता तथा धितोपत्र बजारसम्बन्धी जानकारीमूलक पुस्तिकाहरूको समेत विमोचन गर्नुभयो । भद्रकालीबाट शुरू भै भृकुटीमण्डपमा समापन भएको उक्त र्‍यालीमा धितोपत्र बजार सम्बद्ध पक्ष, बीमा तथा सहकारीसम्बद्ध पक्ष र बैंक वित्तीय संस्थाका पदाधिकारी तथा कर्मचारी गरी ३००० भन्दा बढी जनाको सहभागिता रहेको थियो ।

  यस सप्ताह सञ्चालनबाट वित्तीय साक्षरता, धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी सूचना, गतिविधि तथा महत्वको सम्बन्धमा आमसर्वसाधारणमा व्यापक सञ्चार भई उनीहरुमा वित्तीय साक्षरता तथा धितोपत्र बजार सचेतना अभिवृद्धि हुन गई बजारमा सुसूचित भै प्रवेश गर्न उत्साहित हुने, र यसबाट धितोपत्र बजारसम्बन्धी गतिविधिहरुमा अझ व्यापकता आउने विश्वास बोर्डले लिएको छ ।

## ४.५ छलफल तथा अन्तरक्रिया कार्यक्रम

धितोपत्र बजारको दिगो एवं विश्वसनीय विकासका लागि यस क्षेत्रका सम्बद्ध पक्ष नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., नागरिक लगानी कोष, धितोपत्र व्यवसायीहरु, क्रेडिट रेटिंग संस्था, लगानीकर्ता संघहरु, लगानीकर्ता तथा आर्थिक पत्रकारहरुसँग विगतका बर्षहरुमा विभिन्न विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिदै आएकोमा समीक्षा वर्षमा कोभिड लगायतका कारण कम अन्तरक्रिया कार्यक्रमहरु संचालन भएका छन् । समीक्षा वर्षमा सम्पन्न भएका छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु सम्बन्धी विवरण तालिका ४.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३ : धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी अन्तरक्रिया कार्यक्रम**

| मिति | कार्यक्रमको बिषय | सहभागी |
|---|---|---|
| २०७८।११।०७ | विश्व वित्तीय सप्ताह अर्न्तगत बोर्ड, नेपाल राष्ट्र बैंक, बीमा समितिको संयुक्त आयोजनामा लगानीकर्ताहरुका लागि “वित्तीय सेवा, साक्षरता र यसको महत्व” विषयक छलफल कार्यक्रम | १२० |
| २०७९।०३।१९ | आ.व. २०७९।८० को धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रमको छलफल कार्यक्रम | ४५ |

## ४.६ तालिम तथा सेमिनार

आर्थिक वर्ष २०७६।७७ मा बोर्डले कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि बोर्ड सदस्य, उच्च व्यवस्थापन तथा विभिन्न कर्मचारीहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम तथा सेमिनारमा सहभागी गराउदै आएकोमा समिक्षा बर्षमा

Toronto Centre, IOSCO जस्ता संस्थाले अनलाइन मार्फत संचालन गरेका कार्यक्रमहरुमा बोर्डका कर्मचारीहरुको उक्त कार्यक्रममा सहभागिता रहेको थियो । बोर्डमा नव नियुक्त कर्मचारीहरुमा व्यवहारिक ज्ञान प्राप्त गर्ने हेतुले बोर्डका सम्बन्धित विषयका उच्च पदस्थ कर्मचारी र धितोपत्र बजार तथा केन्द्रीय निक्षेप कम्पनीबाट स्रोत व्यक्ति आमन्त्रण गरी मिति २०७९।०३।१४ देखि २०७९।०३।१६ सम्म अभिमुखीकरण कार्यक्रम (Orientation Programme) संचालन गरिएको छ ।

## ४.७ प्रकाशन तथा जानकारी प्रवाह

धितोपत्र बजारको विकास तथा विस्तारको लागि बोर्डमा सम्पादन गरिएका विकास तथा सुधार प्रयास, धितोपत्र बजारको अवस्था तथा लगानीकर्ताहरुमा धितोपत्र बजार सम्बन्धी ज्ञान अभिवृद्धि गर्ने हेतुले बोर्डबाट बजार सम्बन्धी सूचना तथा जानकारीमूलक सामग्रीहरुको प्रकाशन तथा जानकारी प्रवाहमा विशेष जोड दिदै आएको छ । यस अनुसार समीक्षा वर्षमा बोर्डबाट यस कार्यलाई निरन्तरता दिईएको छ ।

- **धितोपत्र तथ्याङ्क व्यवस्थापन प्रणाली**: बोर्डले सूचीकृत कम्पनीहरुको बार्षिक प्रतिवेदनमा समावेश तथ्यांकहरु तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रका पुँजी बजार तथा अर्थतन्त्रसँग सम्बन्धित तथ्यांकहरु संकलन गरी धितोपत्रको केन्द्रीय तथ्याङ्क बैंक स्थापना गरिएकोमा उक्त प्रणालीमा रहेका विवरणहरु अध्यावधिक गरी सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइएको छ । यस प्रणालीबाट धितोपत्र बजारमा लगानी गर्न चाहने सर्वसाधारण लगानीकर्ताहरुले आफूले लगानी गर्न चाहेको सूचीकृत संगठित संस्थाहरुको वित्तीय विवरण प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ । यस व्यवस्थाबाट पुँजी बजार सम्बन्धी अध्ययन तथा अनुसन्धानकर्ताहरुलाई समेत आवश्यक तथ्यांक तथा जानकारी उपलब्ध हुने गरेको छ ।
- **वार्षिक प्रतिवेदन**: धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २६ ले गरेको व्यवस्था अनुसार बोर्डका कामकारवाहीहरु, धितोपत्र बजारमा भएका कामकारवाही, गतिविधि र बजार विकासका लागि भएका प्रयासहरु समावेश गरी बोर्डले आर्थिक वर्ष २०७७।७८ को वार्षिक प्रतिवेदन प्रकाशन गरेको छ ।
- **आर्थिक वर्ष २०७९।८० को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रममा छलफल तथा प्रकाशन**: बोर्डले आर्थिक वर्ष २०७९।८० मा अबलम्बन गरिने धितोपत्र तथा वस्तु विनियम बजारसम्बन्धी नीति तथा कार्यक्रमलाई सार्वजनिक गरी बजार विकास तथा विस्तारप्रति बोर्डलाई जवाफदेही तथा पारदर्शी बनाउने उद्देश्यले समीक्षा वर्षमा मिति २०७७ असार २५ मा सम्पूर्ण सम्बद्ध पक्षहरुलाई संलग्न गराई धितोपत्र बजारसम्बन्धी प्रस्तावित नीति तथा कार्यक्रमका सम्बन्धमा अन्तरक्रिया गरी प्राप्त राय/सुझावहरुलाई समेत समावेश गरी आर्थिक वर्ष २०७९।८० को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रमको सार्वजनिकीकरण तथा प्रकाशन गरेको छ ।
- **बोर्डको ३० औं बार्षिकोत्सव प्रकाशन**: बोर्डको वार्षिकोत्सवको अवसरमा नियमित प्रकाशनको रुपमा अर्थतन्त्र, धितोपत्र बजार एवं वस्तु विनिमय बजार सँग सम्बन्धित विविध विषयवस्तुसँग सम्बन्धित लेख तथा रचना समेटी विशेष ३० औं बार्षिकोत्सवको अवसर पारी धितोपत्र बजार सम्बन्धी विभिन्न लेख रचना समावेश गरिएको "नेपाल धितोपत्र बोर्ड समाचार पुँजी बजार लेख विशेषाङ्क" २०७९ प्रकाशन गरेको छ ।
- **Investors Booklet on Securities Markets and Commodity Derivatives Markets प्रकाशन**: विश्व वित्तीय सप्ताहको अवसरमा धितोपत्र बजारका विविध पक्षहरुका समेटी यस सम्बन्धमा धितोपत्र बजारका लगानीकर्ताहरुलाई सु-सूचित गर्ने हेतुले Investors Booklet on Securities Markets and Commodity Derivatives Markets प्रकाशन गरी वितरण गरिएको छ ।
- **सचेतनामूलक सामाग्रीहरु**: धितोपत्रमा लगानी गर्दा ध्यान दिनु पर्ने बिषयहरुका सम्बन्धमा लगानीकर्तालाई जानकारी

दिनुका साथै सचेत गराउने उद्देश्यले धितोपत्रमा लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरु समेटी बोर्डले पर्चा, पम्पलेट प्रकाशन गरी वितरण गरेको छ। साथै, बोर्डको वेबसाइट, बिभिन्न राष्ट्रिय पत्रपत्रिका, टेलिभिजन लगायतका सञ्चार माध्यम मार्फत सचेतनामूलक सामाग्रीहरु प्रकाशन तथा प्रशारण गर्ने कार्यलाई बोर्डले निरन्तरता दिएको छ। त्यस्तै, बोर्डले सर्वसाधारण एवं लगानीकर्ताको धितोपत्र बजार सम्बन्धी जिज्ञासालाई समाधान गर्न धितोपत्र बजारमा बारम्बार सोधिने प्रश्नहरुको सँगालो तथा धितोपत्र बजारमा बारम्बार प्रयोग हुने शब्दहरुलाई समेटेर धितोपत्र बजार शब्दावली पुस्तिका प्रकाशन गरी वितरण गरेको छ।

- **वेबसाइटः** धितोपत्र बजारका विविध पक्षहरु सम्बन्धमा सम्वद्ध पक्षहरुलाई निरन्तर रुपमा जानकारी उपलब्ध गराउने उद्देश्यले धितोपत्र बजारसँग सम्बन्धित ऐन, नियम तथा निर्देशिकाहरु, बोर्डको परिचय, बोर्डको वार्षिक प्रतिवेदन र बोर्डमा गुनासो दिने ढाँचाका साथै सरोकारवाला तथा लगानीकर्ताहरुका लागि जानकारी, सूचना तथा चेतनामूलक सामाग्रीहरु समावेश गरी बोर्डले तयार गरेको वेवसाइटलाई अझ विस्तृत बनाएको छ। बोर्डले धितोपत्र बजार, धितोपत्र ब्यवसायी तथा सूचीकृत संगठित संस्थाहरुको ऐन नियमको पालनाको स्थिति सम्बन्धी विवरण एवं विस्तृत जानकारी समेत वेबसाइटमा समावेश गरिएको छ।

## ४.८ अध्ययन तथा अनुसन्धान

धितोपत्र बजारको विकास तथा विस्तारको लागि अध्ययन तथा अनुसन्धानमा आधारित नीति निर्माण तथा निर्देशन जारी गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा बोर्डबाट समीक्षा वर्षमा वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका अध्ययन तथा अनुसन्धान कार्यहरु भएका छन्।

- धितोपत्र बजारमा लाग्ने लागत पुनरावलोकन सम्बन्धमा अध्ययन भएको।
- धितोपत्र बजार प्रशिक्षण संस्था स्थापना सम्बन्धी अध्ययन सम्पन्न गरिएको।

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ५ (क) भएको व्यवस्था अनुसार नेपाल सरकारबाट माग भए बमोजिम धितोपत्र बजारको वर्तमान अवस्था, बजार विकास तथा विस्तारको लागि निम्नलिखित विषयमा बोर्डको राय तथा सुझाव पेश गरिएको छ।

